बाल अधिकार बालमैत्री शासन: बालमैत्री पालिका निर्माण हाम्रो अभियान

# बालबालिकाको वस्तुगत विवरण

## मोदी गाउँपालिकाको आधारभूत जानकारी-२०८०




| वार्ड नं | वार्ड | क्षेत्रफल (Sq.Km) | जनसंख्या |
|---|---|---|---|
| १ | भुकताङ्ले | ४६.९२८ | ११३९ |
| २ | देउपुर | ६.९४९ | २६९८ |
| ३ | देउराली | १४.६४६ | १५१२ |
| ४ | क्याङ | २१.२४४ | १७०८ |
| ५ | बाजुङ | ९.५७५ | ३९५७ |
| ६ | तिलाहार | १४.६०५ | ४४३३ |
| ७ | राम्जा देउराली | ९.६८९ | १२९९ |
| ८ | चित्रे | १९.९६३ | १२४८ |
| जम्मा | | १४३.५९७ | १८७९४ |

आर्थिक तथा प्राविधिक साझेदारी

गुड नेवर्स इन्टरनेशनल नेपाल

समाजकल्याण स्रोत विकास केन्द्र

# मोदी गाउँपालिका

गाउँपालिकाको कार्यालय

पातिचौर, पर्वत

**मोदी गाउँपालिका**
**पातिचौर, पर्वत २०८०**

# मोदी गाउँपालिकाको बालबालिकाको वस्तुगत विवरण २०८०


**प्रकाशकः**
**मोदी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, पातिचौर पर्वत ।

**सम्पादन सल्लाहकारः**
श्री हिरादेवी शर्मा - अध्यक्ष
श्री विमल लामिछाने -उपाध्यक्ष
श्री कमल प्रसाद गौतम - प्रमुख प्रशासकिय अधिकृत
वडाध्यक्षहरु

**लेखन तथा सम्पादनः**
यामबहादुर मेधासी - बाल कल्याण अधिकारी

**मुद्रण : हाइडल प्रेस प्रा. लि.**
बागबजार, काठमाडौँ
फोन नं. ०१-५३५००८७/५३५००९०
Email: heidelpltd@gmail.com
कम्प्युटर ले-आउट : सुनिल लामा

मोदी गाउँपालिका
**Modi Rural Municipality**
गाउँ कार्यपालिकाको कार्यालय
**Office Of Rural Municipal Executive**

पत्र संख्या :- ०८०/०८१
Letter No:-
चलानी नम्बर :-
Dispatch No:

पातिचौर, पर्वत
Patichaur,Parbat
गण्डकी,प्रदेश नेपाल
Gandaki Province,Nepal

## मन्तव्य

बालबालिकाको आधारभूत आवश्यकता परिपूर्ति गरी बाल अधिकारका सवालहरूलाई मोदी गाउँपालिकाको नीति, संरचना, प्रणाली, कार्य प्रक्रिया र व्यवहार संस्थागत गर्ने, शासकीय पद्दतिको विकास गरी बालमैत्री स्थानीय शासनयुक्त परिवार, समाज, वडा बनाउन हामी सबैको कर्तव्य हो । बाल अधिकारको सुनिश्चितताका लागि लगानी गरी बालबालिकाहरुको वर्तमान अवस्थामा सुधार ल्याउन अत्यावश्यक हुन्छ। २०७६ साल फाल्गुण महिनामा सबै सरोकारवाला र साझेदार निकायहरूको उपस्थितिमा मोदी गाउँपालिकामा सञ्चालन गरिएको बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमूखिकरण कार्याशाला पश्चात् २०८२ सालभित्रमा मोदी गाउँपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्ने प्रतिबद्धता गरी सकिएको छ। गाउँपालिकाको बालमैत्री स्थानीय तह घोषणा गर्ने प्रतिबद्धता सार्थक बनाउन गाउँपालिकाबाट क्रमिक रुपमा कार्यहरु भईरहेका छन्। बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधी अनुरूपका सुचकहरू पूरा गरी ८ वटै वडालाई बालमैत्री वडा र क्रमशः गाउँपालिका घोषणा गर्ने लक्ष्य लिएको छ।

बालमैत्री गाउँपालिका बनाउनु भन्दा पहिला बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ अनुसार सूचकहरूको मापदण्ड अनुसार पूरा गरी प्रत्येक वडा हुदै पालिकालाई बालमैत्री बनाउन आवश्यक हुन्छ। बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका बनाउने अभियानमा गाउँवासीहरूको पनि प्रतिबद्धता रहेकोछ। मोदीवासीको शान पूरा गराउन बालबालिकाको अवस्था र बालमैत्री स्थानीय शासनको सेवा प्रवाह साथै संस्थागत सूचक लगायतका विवरण पत्ता लगाउन पालिकाको यथार्थ स्थिति यकिन गर्नका लागि बालबालिकाको बस्तुगत विवरणको आवश्यकता महशुस गरी तयार गरिएको हो।

बालबालिकाको बस्तुगत विवरण तयारीको लागि मोदी गाउँपालिकाको आयोजनामा घरधुरी सर्भेक्षणबाट प्राप्त सूचनाहरूलाई एकिकृत तथा विश्लेषणका आधारमा प्राप्त नतिजाहरूलाई मनन् गरी बालबालिकाको क्षेत्रमा सुधार गर्ने पक्षमा लागि पर्न सबैमा अनुरोध गर्दछु । आगामी दिनमा बालबालिकाको बस्तुगत विवरणको सदुपयोग गरी बालबालिकाहरूको क्षेत्रमा रहेका राम्रा पक्षको निरन्तरता र सुधारात्मक पक्ष लागि अल्पकालीन तथा दीर्घकालीन योजना तयार गरी कार्यान्वयनमा ल्याउन सहयोगी बन्ने आशा लिएको छु। बस्तुगत विवरण निर्माण कार्यमा सहयोग गर्ने गाउँपालिकाका जनप्रतिनिधिहरु, राजनीतिक दल, उद्योगी व्यवसायी , विषयगत शाखा, बालमैत्री स्थानीय शासन पालिका तथा वडा समिति, बाल अधिकार समिति, शिक्षक, सामाजिक सङ्घ संस्था र बाल क्लवलाई धन्यवाद दिन चाहान्छु। मोदी गाउँपालिकाका सबै वडाहरुको बालबालिकाको बस्तुगत विवरण तयार गर्न सहयोग पुऱ्याउने गुडनेवर्स ईन्टरनेशनल नेपाल तथा अन्य संस्थाहरु र सम्पूर्ण महानुभावप्रति हार्दिक धन्यवाद दिँदै आगामी दिनमा समेत निरन्तर सहयोगको अपेक्षा गर्दछु।

हिरादेवि शर्मा
अध्यक्ष
२०८० असोज

मोदी गाउँपालिका
Modi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of Rural Municipal Executive

पत्र संख्या :- ०८०/०८१
Letter No:-
चलानी नम्बर :-
Dispatch No:

पातिचौर, पर्वत
Patichaur,Parbat
गण्डकी,प्रदेश नेपाल
Gandaki Province,Nepal

## मन्तव्य

बालमैत्री स्थानीय शासन भन्नाले गैरविभेदीकरण, बालबालिकाको सर्वोत्तम हित, सर्वाङ्गिण विकास र अर्थपूर्ण सहभागीताको सिद्धान्तमा आधारित भई बालबचाउ, बाल संरक्षण, बाल बिकास र अर्थपूर्ण बाल सहभागीता जस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, योजना, संरचना र कार्य प्रकृयामा संस्थागत गर्ने शासकीय पद्धतिलाई सम्झनु पर्दछ । बालमैत्री स्थानीय शासनले बालबालिकाको अधिकार सुनिश्चित गर्न, बालबालिकाको क्षेत्रमा लगानी गर्न र भविष्यमा सक्षम नागरिक तयार गर्नका लागि मार्गदर्शन गर्ने कार्य गर्दछ ।

बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७९ र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ मा उल्लेखित सूचकहरुमा गाउँपालिकाको हालको अवस्था पहिचान गरी आगामी दिनमा बालबालिकाको आवधिक लगानी योजना तयार गर्न सहयोग पुगोस् भन्ने उद्धेश्यले यो बालबालिकाको वस्तुगत विवरण तयार गरिएको छ । यसले आगामी दिन यस क्षेत्रमा बालबालिकाको लागि काम गर्ने संघसंस्था लगायत गाउँपालिका स्वयम्लाई समेत बालमैत्री घोषणा र दिगोपनाको सुनिश्चितताको लागि काम गर्न मार्गदर्शन गर्नेछ ।

नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन २०७५, स्थानीय सरकार सञ्चालन ऐन २०७४ लगायत बालबालिका सम्बन्धी बनेका विभिन्न राष्ट्रिय अन्तराष्ट्रिय कानुनहरुमा बालअधिकार सुनिश्चितताको लागि स्थानीय तहको महत्वपूर्ण भूमिका उल्लेख भएको हुँदा सो भूमिकालाई पुरा गर्न बालबालिकाको क्षेत्रलाई प्राथमिकतामा राखी हामीले निरन्तर कार्य गरिरहेका छौं । बालबालिकाको समग्र अधिकार सुनिश्चित गर्दै भविष्यमा सक्षम नागरिक तयार गर्नका लागि थप सक्रियताका साथ कार्य गर्न हामी प्रतिवद्ध छौं ।

बालबालिकाको वस्तुगत विवरणबाट पहिचान गरिएका सवाललाई तत्काल सुधारका लागि लगानी गर्ने परिपाटीको विकास गर्दै बालमैत्री स्थानीय शासन युक्त मोदी गाउँपालिका बनाउने लक्ष्यलाई सार्थक बनाउन सहयोग पुऱ्याउने छ । बालबालिकाको वस्तुगत विवरण निर्माण कार्यमा सहयोग गर्नु हुने कार्यपालिका सदस्य, सरोकार राख्ने निकाय र बस्तुगत विवरण तयारमा लेखन तथा सम्पादन गर्नु हुने बाल कल्याण अधिकारी यामबहादुर मेधासी, गुडनेवर्स इन्टरनेशनल नेपाल लगायत सबैमा धन्यवाद प्रकट गर्दछु ।

..........................
विमल लामिछाने
उपाध्यक्ष
२०८० आश्विन

www.modimun.gov.np
E-mail:info@modimun.gov.np
067-410164

**मोदी गाउँपालिका**
**Modi Rural Municipality**
**गाउँ कार्यपालिकाको कार्यालय**
**Office Of Rural Municipal Executive**

पत्र संख्या :- ०८०/०८१
Letter No:-
चलानी नम्बर :-
Dispatch No:

पातिचौर, पर्वत
Patichaur,Parbat
गण्डकी,प्रदेश नेपाल
Gandaki Province,Nepal

## प्रतिबद्धता

मोदी गाउँपालिकाले बालबालिकालाई जिम्मेवार बनाउने महान् कार्यको थालनी गरेको सबैमा सर्वविदितै छ । राष्ट्रिय प्राथमिकतामा रहेको बालमैत्री स्थानीय शासन अवधारणाको सामुहिक प्रतिवद्धता सहित बालमैत्री स्थानीय शासन पद्धति अवलम्वन गरी बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ मा समावेश गरिएका ३६ वटा सेवा प्रवाहसम्बन्धी सूचक र १५ वटा संस्थागत सूचकहरूलाई न्यूनतम सूचकको रूपमा लिई उक्त सूचकहरू पूरा गर्ने दिशामा योजनावद्ध थालनी गरेको छ । २०८२ सालभित्र बालमैत्री पालिका घोषणा गर्ने लक्ष्य प्राप्त गर्न सबै वडाको पूर्ण प्रतिबद्धता रहेकोछ । वडामा रहेका बालबालिका र उनीहरुको अवस्थाको यकिन हुन जरुरी हुन्छ । गाउँपालिकामा रहेका आठै वटा वडालाई बालमैत्री घोषणा गर्ने अभिप्राय रहेकोछ ।

बालमैत्री स्थानीय शासनसम्बन्धी कार्य थालनीको लागि बालबालिकाहरूको बर्तमान अवस्था यकिन गर्न आवश्यकता भएकाले बालकालिकाको बस्तुगत विवरण बनाइएको हो । बाल बचाउँ, बालसंरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिताजस्ता बाल अधिकारका सवालहरूको अवस्था पहिचान र लेखाजोखा गरी प्राप्त परिणामलाई सुधार गर्न स्थानीय तहको नीति, संरचना, प्रणाली, कार्य प्रकृया र व्यवहारमा संस्थागत गर्नका लागि योजनावद्ध रूपमा बालबालिकामा लगानीको वातावरण तयार गर्न बस्तुगत विवरण २०८० ले सहयोग पुऱ्याउने छ। बस्तुगत विवरणबाट बालबालिकाहरूको क्षेत्रमा देखापरेका समस्या तथा सवालहरूलाई सुधार गर्न सरोकारवालाहरू सबैले योजना तयार गरी सोको कार्यान्वयन गर्न आवश्यक हुन्छ। गाउँपालिकाको अगुवाईमा तयार गरिएको यस दस्तावेजले मोदी गाउँपालिकाका आठै वटा वडालाई बालमैत्री बनाउन र भविष्यमा योजनावद्ध कार्यमा समेत उपयोगी हुनेमा विश्वाश गरिएकोछ ।

मोदी गाउँपालिकालाई गण्डकी प्रदेश को बालमैत्री गाउँपालिकाको रूपमा पहिचान दिने उद्देश्यका साथ तयार गरिएको बालबालिकाको वस्तुगत विवरण तयारीको लागि गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडासदस्यहरू, विषयगत शाखा, बालमैत्री स्थानीय शासन वडा समिति, टोल विकास संस्था, वडा सचिव, वडावासीहरू, सरोकारवालाहरूको सञ्जाल, बालक्लव, शिक्षक, गणकहरू र बस्तुगत विवरण कार्यमा प्राविधिक सहयोग गर्नु हुने गुडनेवर्स इन्टरनेशनल नेपाल लगायत संस्थाप्रति समेत आभार प्रकट गर्दछौं । बालबालिकाको बस्तुगत विवरणबाट बालबालिकाको क्षेत्रमा सुधार गर्नु पर्ने कार्यमा सहयोग पुऱ्याउनका लागि आगामी दिनमा समेत निरन्तर सहयोगको अपेक्षा गरिएकोछ । निरन्तर सल्लाह सुझाव दिनहुन सबैमा विनम्र अनुरोध गर्दछौं ।

| | | | |
|---|---|---|---|
| टेकबहादुर गुरुङ<br>१ नं वडाध्यक्ष | वेलबहादुर कार्की<br>२ नं वडाध्यक्ष | देवेन्द्रबहादुर क्षेत्री<br>३ नं. वडाध्यक्ष | मोहनसिंह चोचाङ्गी<br>४ नं. वडाध्यक्ष |
| मानबहादुर अधिकारी<br>५ नं. वडाध्यक्ष | दिपेन्द्रजंग लामिछाने<br>६ नं. वडाध्यक्ष | दुर्गा प्रसाद शर्मा<br>७ नं. वडाध्यक्ष | सुकबहादुर गुरुङ<br>८ नं. वडाध्यक्ष |

मोदी गाउँपालिका
Modi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of Rural Municipal Executive

पत्र संख्या :- ०८०/०८१
Letter No:-
चलानी नम्बर :-
Dispatch No:

पातिचौर, पर्वत
Patichaur,Parbat
गण्डकी,प्रदेश नेपाल
Gandaki Province,Nepal

## प्रतिबद्धता

सुखि नेपाली र समृद्ध नेपालको सङ्कल्प पूरा गर्न बालबालिकाले बालापनमा आवश्यक पर्ने कुराहरुको परिपुर्तिसँगै असल वातावरण दिन अपिरहार्य हुन्छ। बालबालिकाहरूको अवस्था सुधार गरी लगानीको वातावरण तयार गर्न उनीहरूको वर्तमान अवस्था के-कस्तो रहेको छ भन्ने कुराको लेखाजोखा गर्न आवश्यक हुन्छ। बाल अधिकार अन्तराष्ट्रिय महासन्धीको प्रावधानलाई आत्मसाथ गर्न मोदी गाउँपालिकाले बालमैत्री स्थानीय शासन अभियान सञ्चालनमा ल्याएको छ। राष्ट्रिय प्राथमिकतामा रहेको बालमैत्री स्थानीय शासन कार्यक्रमको सामूहिक प्रतिवद्धता सहित बालमैत्री स्थानीय शासन पद्धति अवलम्बन गरी बालबालिकाहरूलाई जिम्मेवार बनाउने महान् कार्यलाई निरन्तरता दिईदै आईएको सबैमा सर्वविदितै छ।

बाल बचाउ, बालसंरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिता जस्ता बालअधिकारका समग्र अवस्थाको पहिचान र लेखाजोखा गरी प्राप्त परिणामलाई सुधार गर्न स्थानीय तहको नीति, संरचना, प्रणाली, कार्य प्रकृया र व्यवहारमा संस्थागत गर्नका लागि योजनावद्ध रूपमा बालबालिकामा लगानीको वातावरण तयार गर्न बस्तुगत विवरणले सहयोग पुऱ्याउँछ। बालमैत्री घोषणाको अभियानलाई सार्थक बनाउने अभियान अन्तर्गत मोदी गाउँपालिकास्तरिय बालबालिकाको वस्तुगत विवरण तयार गरी बालबालिकाहरूको बर्तमान अवस्था यकिन गर्ने बस्तुगत विवरण बनाउन जरुरी हुन्छ। मोदी गाउँपालिकाको बस्तुगत विवरणको निर्माणबाट बालबालिकाहरूको क्षेत्रमा देखापरेका समस्या तथा सवालहरूलाई सुधार गर्न सरोकारवालाहरूलाई संस्थागत गर्न दीर्घकालीन योजना तयार गरी कार्यान्वयनमा सहयोग पुऱ्याउन सहयोग पुग्नेछ। गाउँपालिकाको अगुवाईमा तयार गरिएको दस्तावेजले बालमैत्री बनाउन र भविष्यमा योजनावद्ध कार्यमा उपयोगी हुनेमा विश्वास लिएको छु।

मोदी गाउँपालिकालाई बालमैत्री स्थानीय तहकोरूपमा पहिचान दिने उद्देश्यले बाल अधिकार बालमैत्री शासनः बालमैत्री पालिका निर्माणमा हाम्रो अभियान भन्ने मुलमन्त्रका साथ बालमैत्री घोषणा उन्मुख अभियान सञ्चालनमा ल्याईएको छ। वि.सं. २०८२ सालभित्र बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्ने अभियान अन्तर्गत बालबालिकाको अवस्था पहिचान गर्न बस्तुगत विवरण तयार गरिएको छ। बालबालिकाको बस्तुगत विवरण तयारीको लागि गाउँपालिका अध्यक्ष हिरादेवी शर्मा, उपाध्यक्ष विमल लामिछाने, वडा अध्यक्षहरू: टेकबहादुर गुरुङ, वेलबहादुर कार्की, देबेन्द्रबहादुर क्षेत्री, मोहनसिंह चोचांगी पुन, मनबहादुर अधिकारी, दिपेन्द्र लामिछाने, दुर्गा प्रसाद शर्मा, सुकबहादुर गुरुङ, कार्यपालिका सदस्यहरु,बालमैत्री स्थानीय शासन समिति, विषयगत शाखा, वडा सचिवहरु, बाल कल्याण अधिकारी, वडावासीहरू, गणकहरू र बस्तुगत विवरण कार्यमा सहयोग गर्ने गुडनेवर्स इन्टरनेशनल नेपाल लगायत संघसंस्था प्रति आभार प्रकट गर्दछु। बालबालिकाको बस्तुगत विवरणबाट देखिएका सुधारात्मक पक्षलाई यथाशिघ्र कार्यान्वयनमा ल्याउन लागि निरन्तर सहयोगको अपेक्षा गरेको छु। आवश्यक सल्लाह साथै सुझावको लागि समेत विनम्र अनुरोध छ।

..................

कमल प्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत
२०८० आश्विन

**मोदी गाउँपालिका**
**Modi Rural Municipality**
**गाउँ कार्यपालिकाको कार्यालय**
**Office Of Rural Municipal Executive**

पत्र संख्या :- ०८०/०८१
Letter No:-
चलानी नम्बर :-
Dispatch No:

पातिचौर, पर्वत
Patichaur,Parbat
गण्डकी,प्रदेश नेपाल
Gandaki Province,Nepal

## *हाम्रो भनाई*

बालमैत्री स्थानीय शासन भन्नाले गैरविभेदीकरण, बालबालिकाको सर्वोत्तम हित, सर्वाङ्गिण विकास र अर्थपूर्ण सहभागीताको सिद्धान्तमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागीता जस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, योजना, संरचना र कार्यप्रक्रियामा संस्थागत गर्ने शासकीय पद्धतिलाई सम्झनु पर्दछ । बालमैत्री स्थानीय शासनले बालबालिकाको अधिकार सुनिश्चित गर्न, बालबालिकाको क्षेत्रमा लगानी गर्न र भविष्यमा सक्षम नागरिक तयार गर्नका लागि मार्गदर्शन गर्ने कार्य गर्दछ । यसले स्थानीय तहलाई बालबालिकाको हितमा योजना तर्जुमा, स्रोतको विनियोजन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन जस्ता कार्य गर्न सघाउँदछ ।

मोदी गाउँपालिका बालमैत्री स्थानीय शासन घोषणा उन्मूख पालिका हो । बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७९ तथा बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ ले निर्दिष्ट गरेका सूचकहरु र मापदण्ड पुरा गर्दै यथासक्य छिटो बालमैत्री पालिका घोषणा गर्ने योजना मोदी गाउँपालिकाको रहेको छ । बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ मा उल्लेखित ५ वटा चरण र ५१ वटा सूचकहरु पुरा गर्ने क्षेत्रलाई बालमैत्री घोषणा गर्न सकिने व्यवस्था अनुरुप बालैत्री स्थानीय शासनको अवधारणा र विद्यमान अवस्था सम्बन्धी कार्यान्वयन निर्देशिकाको सूचकहरुमा आधारित भई स्थानीय तहमा बालबालिकाको अवस्था सम्बन्धी वस्तुगत विवरण तयार गर्ने र प्रकाशन गर्नुपर्ने भएकाले यस गाउँपालिकाको यथासम्भव विवरण संकलन गरी यो बालबालिकाको वस्तुगत विवरण तयार गरिएको छ ।

बालबालिकाको वस्तुगत विवरणमा विशेषगरी ८ वटा परिच्छेदहरुमा जनसंख्या र भौगोलिक अवस्था सहित गाउँपालिकाको चिनारी, बालमैत्री स्थानीय शासनको अवधारणा र कार्यक्षेत्र, पालिका र वडागत जनसंख्या, बाल तथा मातृ स्वास्थ्यमा बाल बचाउ अन्तर्गतका सूचकहरुको अवस्था, विकासका सूचकहरुको अवस्था, बाल संरक्षण, बाल सहभागीता, आर्थिक विकास, प्रकोप तथा शान्ति सुरक्षा लगायतका मुख्य विषयहरुलाई समावेश गरी बालमैत्री स्थानीय शासन घोषणाका लागि आवश्यक सूचकहरुमा पालिकाको अवस्थाको चित्रण गरिएको छ ।

बालमैत्री स्थानीय शासनका प्रतिफलहरु मध्ये वस्तुगत विवरण तयार गर्न अनिवार्य रहेको र यसबाट पालिका सहित समग्र वडाहरुमा बालबालिकाहरुमा के कस्तो अवस्थामा रहेका छन् भन्ने कुरा थाहा पाउन सकिने हुँदा यसको महत्व रहेको छ । बालबालिकाको वस्तुगत विवरणले बालबालिकाको यथार्थ चित्रण गर्ने हुँदा यसले बालबालिकाको लगानी योजना तर्जुमा प्रकृयामा पनि सघाउँछ र बाल अधिकारका सम्बन्धमा भए गरेका कार्यहरुको विवरण पनि सार्वजनिक हुनेछ । प्रत्येक घरधुरी सर्वेक्षण, स्वास्थ्य संस्था र विद्यालयहरुसंग समन्वय गरी तयार गरिएको यस वस्तुगत विवरणले आगामी दिनमा बालमैत्री पालिका घोषणा र दिगोपनाका लागि मार्गदर्शन गर्ने कुरामा हामी विश्वस्त भएका छौं ।

***लेखन तथा सम्पादन***

DAO Regd. No. 305/053/054
PAN/VAT No. 301978541/062
NFN Aff. No. WR-PAR-18/055

सामाजिक अभियानका २८औं वर्ष
समाजकल्याणश्रोतविकासकेन्द्र
**SORDEC-Nepal**
फलेवास नगरपालिका-८, ठानामौला, अर्चले पर्वत

SWC Aff. No. 7625/055
Income Tax Free Regd. No. 30/073
NCE Aff. 2070

## हार्दिक शुभकामना

सोडेक नेपालले गुड नेवर्स इन्टरनेशनल नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा सन २०१६ देखि मोदी गाउँपालिकामा एकिकृत सामुदायिक विकास परियोजना मार्फत गुणस्तरीय शिक्षा, विद्यालय भवन निर्माण, कम्प्युटर ल्याव, साइन्स ल्याव, पुस्तकालय सहयोग, प्रविधिमैत्री शिक्षा, विपन्न वालवालिकालाई शैक्षिक सामाग्री सहयोग, सहकारीको भवन निर्माण, विपन्न आयआर्जन, खानेपानी तथा सरसफाई, सीप विकास तथा उद्यम विकास मार्फत अभिभावकहरुको जिविकोपार्जनका कार्यक्रम, विपत व्यवस्थापन, पैरवी तथा वालमैत्री स्थानीय शासनलाई मध्यनजर गरी विभिन्न कार्यक्रमहरु संचालन गर्दै दिगो विकास लक्ष्यको कार्यान्वियन र गरिवी निवारणको राष्ट्रिय लक्ष्यमा परियोजनाले टेवा पुऱ्याउदै आएको छ ।

मोदी गाउँ कार्यपालिकाको साझेदारी र समन्वयमा गुड नेवर्स इन्टरनेश्नल नेपालको साझेदारीमा वालमैत्री स्थानीय शासन आधारहरु निर्माण हुँदै आएका छन । मोदी गाउँपालिका वडा नं. ३ देउरालीलाई मोदी गाउँपालिकाको दोश्रो तथा पर्वत जिल्लाको तेश्रो वालमैत्री वडा घोषणा भएको छ । मोदी गाउँ कार्यपालिकाले मोदी गाउँपालिकाका सवै वडामा वालमैत्री स्थानीय शासन, वालमैत्री पूर्वाधार निर्माण लगायतका कार्यहरु अगाडी वढाएको छ ।

वालवालिकाको अवस्था, वालवालिकाको अधिकारको तत्यांक झल्किने गरी मोदी गाउँपालिकाले वाल वस्तुगत विवरण प्रकाशन गर्न लागेकोमा खुसि व्यक्त गर्दै सो वस्तुगत विवरणले स्थानीय तहमा वालवालिकाले प्रत्यक्ष फाइदा पाउने आयोजनाहरु कार्यान्वयन गर्न, विकास साझेदारहरुले परियोजनाहरु कार्यान्वयन गर्न र वालवालिकाको अवस्थाको अनुसन्धान गर्न समेत सहयोग पुग्ने छ । मोदी गाउँपालिकाले प्रकाशन गरेको वस्तुगत विवरण ज्यादै उपयोगी र गाउँपालिकाको अभिलेख व्यवस्थापन र भावी योजनामा समेत टेवा पुग्ने छ । वालवालिकाको अवस्था, तथ्यांक सहितको वाल वस्तुगत विवरण प्रकाशन गरेकोमा मोदी गाउँ कार्यपालिकाको कार्यालय पातिचौर, पर्वत र साझेदारी गर्ने गुड नेवर्स इन्टरनेशनल नेपाललाई हार्दिक धन्यवाद सहित शुभकामना व्यक्त गर्दछु ।

मिति : २०८०/७/१२

देवीप्रसाद तिमिल्सिना
अध्यक्ष

Social Development & Campaign of 28 years
**Social Welfare Resource Development Centre**
Head Office
Phalewash Municipality-8, Archale Parbat
Email : sordec@ntc.net.np , info@sordec.org.np,
Program Management Office
Kusma Municipality-6, Parbat Ph. 067-420419
Website: www.sordec.org.np

# विषसूची


## इकाइ–एक

१. गाउँपालिकाको परिचय १

## इकाइ–दुई

२. बालमैत्री स्थानीय शासनको अवधारणा ११

## इकाइ–तीन

३. उमेरगत तथा जातिगत आधारमा जनसंख्या २६

## इकाइ–चार

४. बाल तथा मातृ स्वास्थ्य ३०

## इकाइ –पाँच

५. शैक्षिक अवस्था ३८

## इकाइ–छ

६. बाल संरक्षण ४३

## इकाइ –सात

७. आर्थिक विकास ५०

## इकाइ–आठ

८. प्रकोप तथा शान्ति सुरक्षा ५६

९. अनुसूची–१
घरधुरी सर्वेक्षण फारम ५८

१०. अनुसूची–२
बालमैत्री स्थानीय शासनका तहगत खुड्किला सम्बन्धी विवरण : ७१

११. अनुसूची–३ ९०

१२. अनुसूची–४ १०२

इकाइ-एक

# गाउँपालिकाको परिचय

## १. परिचय

### *१.१ गाउँपालिकाको भौगोलिक अवस्थिति र सिमानाः*

मोदी गाउँपालिका गण्डकी प्रदेशको पर्वत जिल्लामा पर्ने ७ स्थानीय तहहरु मध्येको एक पालिका हो । यो गापा साविकका भुकताङ्ले, देउपुर, देउराली, क्याङ, बाजुङ, तिलाहार, राम्जादेउराली र चित्रे गरी जम्मा आठ वटा गाउँ विकास समितिहरु मिलाएर नेपाल सकारको मितिः २०७३।११।२७ को निर्णयले स्थापना गरिएको हो । यो गापामा पहाडी संरचना बढी तर समथर बेंसी र टारहरुको क्षेत्र कम छ र यो पूर्व अक्षांशको ८३°३९'०"-८३°४९'३०" देखि उत्तरमा २८°२४'०"-२८°१३'३०" देशान्तर सम्म फैलिएको छ। यस गापामा भुकताङ्ले (१), देउपुर (२), देउराली (३), क्याङ (४), बाजुङ (५), तिलाहार (६), राम्जादेउराली (७) र चित्रे (८) गरी ८ वटा वडाहरु पर्दछन् । गा.पा.को मुख्यालय पातिचौर वडा नम्बर २ मा पर्दछ । मोदी गापा पूर्वमा कास्की जिल्लाको अन्नपूर्ण गापा र पोखरा महानगरपालिकाको २३ वडाको सिधाने गाउँ, पश्चिममा पर्वत जिल्लाकै जलजला गापा, उत्तरमा म्याग्दी जिल्लाको अन्नपूर्ण गापा र दक्षिणमा पर्वत जिल्लाकै कुस्मा नगरपालिकाको चार किल्लाभित्र पर्दछ । यस पालिकाको चारैतर्फ डाडाले घेरेको छ र यो पूर्वमा पञ्चासेको धुरी (२,५१७ मी.) र पश्चिममा हम्पालको चुलीसम्म (३,३०९ मी.) फैलिएको छ । हम्पालको पुर्वी मोहोडाबाट पातिखोला र भुरुङ्दीखोलाको उत्पत्ति भएको छ भने पञ्चासेबाट पश्चिमी पानी ढलतर्फ रतिखोला, लिदीखोला र जरेखोला उत्पत्ति भएको छ। विश्व चर्चित अन्नपूर्ण हिमाल मोदीखोलाको मुहान हो जो गापाको मध्यस्थ भएर बग्दछ । पातिखोला र भुरुङदीखोला सिधै मोदीखोलामा गएर मिसिन्छ भने लिदीखोला रतिखोला हुँदै दोविल्लामा पुगेपछि मात्र मोदीखोलामा गएर मिसिन्छ ।

क्षेत्रफल मोदी गापाको कूल क्षेत्रफल १४३.६ वर्ग किलोमिटर रहेको छ जो पर्वत जिल्लाको कूल क्षेत्रफलको लगभग २९ प्रतिशत क्षेत्रफल हो र यो गापा पर्वत जिल्लाको सबैभन्दा ठूलो पालिका पनि हो । यसका ८ वटा वडाहरु छन् र वडा नं. १ भुकताङ्ले सबैभन्दा ठूलो (४३.७ वर्ग किमी), वडा २ देउपुर (१०.६४ वर्ग किमी), वडा ३ देउराली (१६.१८ वर्ग किमी), वडा न.४ क्याङ (२०.४९ वर्ग किमी), वडा ५ बाजुङ (९.१८ वर्ग किमि), वडा ६ तिलाहार (१८.६२ वर्ग किमी), वडा ७ राम्जादेउराली (१०.६७ वर्ग किमी) र वडा ८ चित्रे (१२.८९ वर्ग किमी) वडाहरू पर्दछन् ।

## भू–उपयोगको अवस्था

मोदी गापाको सम्पूर्ण भूमिको अवस्था खेत, बारी वा पाखोबारी, घर वा बस्ती तथा वनजंगल क्षेत्र गरी चार उपयोग क्षेत्रमा भएको पाइन्छ । जसको भौगोलिक वितरण अवस्थामा एकरुपता छैन तर वडा अनुसार फरक फरक छ । गापाको कूल क्षेत्रफलको सबैभन्दा ठूलो अंश वन, चरन र झाडी क्षेत्रले ओगटेको छ (६६.३३ वर्ग किमी) र सबैभन्दा सानो लगभग १२ प्रतिशत बराबरको क्षेत्रफलको अंश खेती योग्य भूमि छ (खेती योग्य क्षेत्रको सबै भन्दा बढी क्षेत्रफल (३.६९ वर्ग किमी) वार्ड नं. ५ मा र सबै भन्दा कमी क्षेत्रफल (०.१९ प्रतिशत) वार्ड नं.४ मा छ । पाखोको २७.२४ वर्ग किमी मध्ये सबै भन्दा बढी (५.०८ वर्ग किमी) वार्ड नं १ मा र सबै भन्दा कम (२.२६ वर्ग किमी) वार्ड नं.८ मा छ । जंगल, चरन, झाडीले

ढाकिएको क्षेत्रफलको सबै भन्दा धनी (१९.१४ वर्ग किमी) वार्ड नं. १ हो भने वार्ड नं. ५ मा यो सबैभन्दा कम १.८ वर्ग किमी मात्र छ। आवास तथा घर घडेरी बाभ्फोले ढाकेको ३२.२३ वर्ग किमी मध्ये सबै भन्दा बढी १७.७२ वर्ग किमी वार्ड नं. १ मा र कम ९.४७ वर्ग किमी वार्ड नं. ५ मा छ।




*चित्र १: मोदी गापामा भू-उपयोगको अवस्था (मोदी गापा, २०८०)*

तालिका ज्ञः मोदी गापाको वडागत भू-उपयोगको अवस्था-वर्ग किमी मा (मोदी गापा, २०७०)

| वडा | मुख्य वस्ती | सिमसार | पर्ति/सुख्खा जमिन | वन-धाँसे मैदान | आवास/घरघडेरी | जम्मा (किमि²) |
|---|---|---|---|---|---|---|
| १ | भुकताङले | १.७७ | ५.०८ | १९.१४ | १७.७१ | ४३.७ |
| २ | देउपुर | २.१५ | ०२.७९ | ३.७४ | १.९३ | १०.६५ |
| ३ | देउराली | १.३३ | ३.२३ | १०.२५ | १.३७ | १६.१८ |
| ४ | क्याङ | ०.१७ | ४.०३ | १०.९५ | ५.३२ | २०.४७ |
| ५ | बाजुङ | ३.६९ | २.७४ | १.८ | ०.९४७ | ९.१७७ |
| ६ | तिलाहर | ३.०४ | ४.०२ | ९.३९ | २.१७ | १८.६२ |
| ७ | राम्जादेउराली | १.६१ | ३.०९ | ४.५८ | १.३९ | १०.६७ |
| ८ | चित्रे | २.७८ | २.२६ | ६.४४ | १.४२ | १२.९ |
| | जम्मा | १६.५४ | २७.२४ | ६६.३३ | ३२.२५ | १४२.३६७ |
| | प्रतिशत | ११.६२ | १९.१३ | ४६.५९ | २२.६६ | |

## भू-वनौट तथा धरातलीय स्वरूप

मोदी गापाको भू-धरातलीय स्वरुप समग्रमा मध्ये पहाडी हो जसको सबैभन्दा कम उचाइ ७०० मिटरदेखि भएको मोदी खोलाको बेंसी देखि हम्पाल पर्वत (लेक) को अधिकतम उचाइ ३,३०९ मिटरसम्म बेशी, मध्ये पहाड र उच्च पहाडका विविध रुपमा फैलिएको छ। यसमा १,००० मी. भन्दा भएको क्षेत्र धैरै कम छ (हे. ६५५, ४.६% ), तथापी गापाको अधिकांश २८.४% भूभाग १,००० र १,५०० मी. भित्रको विचको क्षेत्रमा पर्दछ। चित्र मा मोदी गापाको उचाइको आधारमा अन्य धरातलिय स्वरुपबारे चित्रण गरिएको छ।




*चित्र १: विभिन्न उचाइमा मोदी गापाको धरातलिय क्षेत्रको अवस्था*

पर्वत जिल्ला आफैमा १ डिग्री भन्दा कम भिरालोपन भएको जमिन ४.२९%, १-५ डिग्री भिरालोपन भएको ०.७७ %, यसैगरी ५-३० डिग्री भएको ३९.८४% लगायत ३०-४० डिग्री भएको ४९.१०% र ४० डिग्री भन्दा माथि भएको जमिन ६% भएको जिल्ला हो (वस्तुगत विवरण २०५८) । मोदी गापामा भने भिरालोपन भू-अवस्थाको विवरण यस जिल्लाको विवरण भन्दा पृथक छ। यस पालिकाको अधिकांश ३३% भाग २५ देखि ३५ डिग्रीको भिरालोपन भएको क्षेत्रमा फैलिएको छ यद्यपी १५ डिग्री भन्दा कम भिरालो भएको समथर जमिनको क्षेत्र १३% मात्र छ। यसै गरी गापाको भूगोलभित्र ४५ डिग्रीभन्दा बढी भिरालोपन भएको जमिनको हिस्सा कूल ५% मात्र छ।




*चित्र १: मोदी गापामा विभिन्न भिरालोपन भएको भू-अवस्थाको विवरण*

## जलवायुको अवस्था

**सामान्यतयाः** मोदी गाउँपालिकामा उष्णोण मनसुनी हावापानी देखि शितोष्ण किसिमको हावापानी पाईन्छ। पातिचौर, डिमुवा, अम्वोट, वेतेनी लगायतका नदी किनारका समथर भागमा वा बेशीका वस्तीहरु तिलाहर, गिज्यान स्थानहरुमा उपोष्ण मनसुनी हावापानी पाइन्छ। यहाँका तापक्रममा गृष्म याममा अधिकतम तापक्रम ३२ देखि ३५ डिग्री सेल्सीयस पुग्दछ। पालिकाको उच्च स्थानहरु खासगरी क्याङ, हम्पाल, भवरकोट, पञ्चासे जस्ता उच्च बस्ती तथा स्थानहरुमा मार्गदेखि फाल्गुन महिना वा हिउँद याममा ज्यादै चिसो हुने र पश्चिमा वायुले हिउदे वर्षा गराउँदछ। जलजला, हम्पाल र पंचासे जस्ता उच्च भेकमा हिउदको समयमा हिउँ पनि पर्दछ। मध्यम उचाई भएका स्थानहरु खासगरी भुक, ताङ्ले, देउपुर, देउराली, बाजुड, राम्जा देउराली, चित्रे लगायतका प्रमुख बस्ती भएका स्थानहरुमा समशितोष्ण हावापानी पाइन्छ। यस स्थानका तापक्रम १५ देखि २५ डिग्री सेल्सीयस रहन्छ।

गाउँपालिकाकाको सबभन्दा नजिक रहेको लुम्ले कृषि केन्द्रको वर्षा मापन केन्द्रबाट प्राप्त तथ्याङ्क अनुसार यस पालिकामा वार्षिक रुपमा लगभग २२००–२६०० मिमि वर्षा हुन्छ (चित्र ) ।




*चित्र १: लुम्लेको जलवायु मापन केन्द्र तथ्याङ्कको अभिलेखको आधारमा मोदी गापामा जलवायुको अवस्था (माथिः तापक्रम,र तल अधिकतम वर्षा)*

## मुख्य गाउँवस्ती

मोदी गापा वडा नं. १ देखि ८ सम्मका प्रमुख वस्तीहरु तलको तालिकामा देखाइएको छ ।

तालिका २ः मोदी गापा वडा नं. १ देखि ८ सम्मका प्रमुख बस्तीहरु

| वडा नं. | मुख्य वस्तीहरु |
|---|---|
| १ | झिल्लीवऱ्याङ, भुक, ताङले, लब्सीवोट, मोहोरिया, नयाँपुल |
| २ | टापू, मैदान, कोटगाउँ, ढाडखेत, पातिचौर बजार, वेतानी, |
| ३ | घुरुडशेरा, लाङ्दी, पूर्णगाउँ, घुरुङ्गा, जयाले, सेरा |
| ४ | लेस्पार, क्याङ्ग, खुइजुरी, हलहाले |
| ५ | पातिचौर बजार, बाउसे, खदरा, सानोपाखा, वर्देघर, शिबालय, लाम्पाटा, गैरीगाउँ, कालमिाटी, फलहाल्ने/छापा, खोलाखेत, ज्यामिरे, भूमा, पोखरे, ओखलढुङ्गा, खोरा, वराहपोखरी, बस्नेगाउँ, राम्चे, न्याउले, जल्केनी, ठूलोपाखा, पाउदुरखेत, भीरमुनी, |

| | |
|---|---|
| ६ | डिमुवा, थामार्जुङ, जायगाउँ, दराक, रातामाटा, फुलबारी, थाना, गिज्यान, दोविल्ला, गाडतारा, दानावगर |
| ७ | रांपू, मनिस्वारा, साउनेपानी, गोतमेथर, खोरखोरे, काउरावोट, राम्जा, ठांटी, तिमिल्सीनाथर, मोके, पधेरापारी |
| ८ | ओडारे, पाखागाउँ, सानी उकाली, झरुवास्वार, माझथर, लम्सालथर, पंगालीथर,.शारदीखोला, साहुगाउँ, ठूलस्वार, नाप्रीगाउँ, चौरालथर, हिले, काफलस्वारा, नेपाने, पातलखर्क, राम्जा/कोटगाउँ, |

## मोदी गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमी तथा विशेषता

संघिय नेपालको गण्डकी प्रदेश अर्न्तगतको धवलागिरी अंचलको प्रवेशद्वारको रुपमा रहेको पर्वत जिल्लाको मुख्य (गौडो) प्रादेशिक राजधानी पोखरा कास्कीसँग जोडीएको मोदी गाउँपालिका पर्वतकै सम्पन्न गाउँपालिकाको रुपमा स्थापित छ । पूर्वमा पञ्चकोशी ताल पौराणिकालमा ऋषिहरुको तपोभुमी रहेको, धार्मिक ऐतिहासिक, महत्व बोकेको पञ्चासे लेक, पश्चिमोत्तर विविधतायुक्त प्राकृतिक पर्यटकिय सौन्दर्ययुक्त कालन्जर भनिने हम्पाल पर्वत क्षेत्र र धवलागिरी, निलगिरी र अन्नपूर्ण हिमालले वेष्टित यो गाउँपालिकाको हिमाली भुभागमा पौराणिक कालमा विभिन्न ऋषि महर्षिहरुले तपस्या गरेको कुराहरु पौराणिक धार्मिक ग्रन्थहरुमा उल्लेख भएको पाइन्छ *(कृष्णकृपा श्रीमुर्ति २०१५:७४)*

यसैगरी मृगको रुपमा दृष्टीगोचर हुने कालवन्जर पर्वतबाट उत्पति भै मोदी गाउँपालिकालाई सिन्चित गर्दै वगिरहेकी पार्वतीखोला (हाल अपभ्रंशभै पातिखोला भनिने) खोलालाई सत्ययूगमा पार्वति गंगा भनिने गरेको र माता पार्वतीले यसै गंगामा स्नान गरी कुशुमपुर हालको कुश्मा बजार क्षेत्रमा पुगेर फलफुल, कुश टिपेर गुप्तेश्वर गुफामा गई पुजा गर्नुहुन्थ्यो भन्ने किम्बदन्ती सुन्न पाईन्छ । साच्चैनै माता पार्वती र हिन्दुहरुको आराध्यदेव भगवान शिवको क्रिडास्थलको रुपमा रहेको मोदी गाउँपालिका भित्र पर्ने मोदी गाउँपालिकाको प्रमुख बाणिज्य एंव प्रशासनिक केन्द्र रहेको पार्वतीचोक पछि नजवोलीमा अपभ्रंश भै पातिचौर भनिने स्थान जहाँ हामी बजार र प्रशासनिक सेवा केन्द्रका व्यवस्थापन गरिरहेकाछौं । यसले पनि मोदी गाउँपालिकालाई विशिष्ट स्थानमा राखेको छ ।

पर्वतको पाङ्ग क्षेत्रलाई माता पार्वती जन्म स्थान रहेको र पार्वतीले कालवन्जर र पर्वतबाट बहने यस पार्वती गंगामा स्नान गर्ने सखिहरुसंग क्रिडा गर्दै कुशुमपुर, कुश्मा बजार पुगेर कुश, फलफुले पुजा आराधना गर्ने गरेको र पार्वती चोक, कुमारी माछापुच्छ्रेको हिमश्रृङ्खलाबाट बहने पवित्र मोदी गंगा र पार्वती गंगाको संगम स्थलमा क्रिडा गर्ने गरेको प्रमाणहरु धार्मिक पौराणिक ग्रन्थहरुमा उल्लेख भएकोले यस गाउँपालिका क्षेत्रले ऐतिहासिक, धार्मिक, पौराणिक एंव विशिष्ठ पर्यटकीय महत्व बोकेको स्पष्ट हुन्छ (अर्को तर्फ यस गाउँपालिका भएर बहने रतिखोला, जहरे खोला, भुरुङ खोला, पराल खोला, आदीले गाउँपालिकाको जमीनलाई सिंचित गरेका छन् भने प्राकृतिक पैदावार निर्माण सामाग्रीहरु उपलब्धता बढाएर आर्थिक सम्बृद्धी सहज बनाएका छन । मोदीखोला नेपालमै उल्लेख्य उर्जा नदीको रुपमा परिचित छ । मोदी गाउँपालिकाको झण्डै ७० प्रतिशत जमीन वनले ढाकेबाट पनि बहुमुल्य जडीबुटी, काठपात, दाउरा, घाँस आदी वनजन्य श्रोतहरु समेत गर्दा मोदी गाउँपालिका यहाका बासिन्दाको जीवन स्तर उकास्त

र विकास निर्माणका कार्यमा अन्य गाउँपालिका नगरपालिका भन्दा छुट्टै विशिष्ठता एंव पहिचान दिन सकिने पश्चिमाञ्चल र नेपालकै उत्कृष्ट गाउँपालिका वन्न सक्ने संभावना प्रचुर रहेको छ। यहाको वनजन्य, उत्पादन, जलश्रोत, पर्यटन आदी विकासको कोशे ढुंङ्गा सावित हुन सक्दछ। गाउँपालिका भित्रका सबै वडाहरुमा यातायात सडक संजाल पुगिसकेको अवस्था जनताको आधारभूत आवश्यकताका सेवा एंव बस्तुहरु जनताको घरदैलोमा नै सहज उपलब्ध हुने वातावरणको सृजना गर्न गाउँपालिका प्रतिवद्ध रहेको यो समयमा यही गाउँपालिकाको आगन भएर राष्ट्रिय सडक भूपीशेरचन राजमार्ग हुँदै पवित्र तिर्थ स्थल मुक्तिनाथ मुस्ताङ्ग सम्म विभिन्न देश विदेशका धार्मिक पर्यटकहरु पोखरा हुँदै आउने जाने र पश्चिम क्षेत्रलाई संघिय राजधानी संग जोडने सहज किफायती राजमार्ग यही बन्न सक्ने संभावना भएबाट पनि यस गाउँपालिकाको महत्व अझै बढेको छ। मुक्तिनाथबाट फर्किने तिर्थयात्री धार्मीक पर्यटकहरुलाई माता पार्वतीको क्रिडास्थल पातिचौरमा केही समय अर्थात एकरात सम्म राख्न सक्ने गरी पार्वती मन्दिरको व्यवस्थापन गरी धार्मिक पर्यटन विकास गरी यस गाउँपालिकालाई अझै समृद्ध बनाउन र देश विदेशमा चिनाउन सकिने सम्भावना पनि रहेको छ। १४३.५९ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस सानो गाउँपालिकाको विशाल पहिचान बनाउन र नेपाल राज्यमै छुट्टै विशिष्ट पहिचान दिन सकिने कुरालाई नकार्न सकिदैन।

## मोदी गाउँपालिकाको आर्थिक अवस्थाः

मोदी गाउँपालिकाभित्र रहेका व्यक्तिहरुको आर्थिक अवस्था सामान्य रहेको छ। अधिकाङ्श मानिसहरूले धान, मकै, कोदो, दालहन र नगदेवालीहरूमा अदुवा, तरकारीखेती, माछा पालन, पशुपालनमा गाई बाख्रा र बंगुर पालन व्यवसाय गरिरहेका छन्। गाउँपालिकाभित्र कृषी र पशुपालन व्यवसायले व्यवसायिकता पाउँदै गएको अवस्था छ। त्यसै गरी वडाभित्र साना उद्यम व्यवसाय पनि सञ्चालनमा आउन थालेका छन्।

स्थानीय डाँडाकाडा र पोखरीहरूको व्यवस्थापन गरी मोदीमा गाउँपालिकामा रहेको पर्यटकीय क्षेत्रको विकास तथा प्रर्वद्धन गरी प्राकृतिक सम्पदाहरूको प्रचार र प्रसार गरी पर्यटनका अलवा मनोरञ्जन स्थलहरूको निर्माण गरी पर्यटन व्यवसायलाई विस्तार गरी आर्थिक पक्ष सबल गर्ने प्रशस्त सम्भावना रहेको छ। शैक्षिक वेरोजगार हुनेको सङ्ख्या बढी छ। वैदेशिक रूपमा जानेहरूले कमाएको पैसा वाह्य शहर-बजारमा नै लगानी गर्ने गर्दछन्। सीपमूलक तालिम र विभिन्न वेमौसमी तरकारी खेतीलाई व्यवसायिक बनाउन पालिकाका बासिन्दाहरूको आर्थिकस्तर वृद्धि हुने सम्भावना बढी छ। खेतीपाती, पशुपालन, व्यवसाय प्रमुख आयको श्रोत बनेको छ। सञ्चालनमा ल्याइएका खेती तथा व्यवसायलाई नै आधुनिकीकरण गरि व्यवसायिकता दिनु आवश्यकता रहेको छ।

## प्रमुख व्यवसाय तथा रोजगारीको अवस्था

मोदी गाउँपालिकाका समुदायका वासिन्दाहरूको मुख्य पेशा कृषी, व्यापार, व्यवसाय, सेवा, नोकरी र वैदेशिक रोजगारीलाई आफ्नो जिवीकोपार्जनका निम्ति अपनाएको पाईन्छ। पशुपालन, मकै खेती, धान, तरकारी खेती नै आम्दानीको स्रोत बनेको छ। सबै वडाका बासिन्दाहरू विभिन्न व्यवसायमा संलग्नहरूको वडागत विवरण निम्नानुसारको तालिकामा समावेश गरिएको छः

| वडा नं. | | कृषि/पशुपालन/फलफुल खेती | व्यापार व्यवसाय | सेवा/नोकरी | ज्याला/मजदुरी | विप्रेषण (विदेशबाट पठाएको रकम) | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | Count | ४९१ | ६८ | ९८ | २०७ | १७५ | १९ | ५६५ |
| | % within $Occupation | २६.४% | २२.१% | १६.४% | ३९.१% | ३१.६% | २५.०% | |
| २ | Count | ५८१ | १६३ | २७६ | १०३ | १४७ | ४२ | ७०२ |
| | % within $Occupation | ३१.३% | ५३.१% | ४६.१% | १९.५% | २६.५% | ५५.३% | |
| ३ | Count | ३६९ | ३५ | १७७ | १६३ | ८९ | १५ | ५०१ |
| | % within $Occupation | १९.८% | ११.४% | २९.५% | ३०.८% | १६.१% | १९.७% | |
| ४ | Count | ४१८ | ४१ | ४८ | ५६ | १४३ | ० | ४७० |
| | % within $Occupation | २२.५% | १३.४% | ८.०% | १०.६% | २५.८% | ०.०% | |
| ५ | Count | ९६५ | १५४ | ३६० | १९६ | ३०८ | ३४ | १११४ |
| | % of Total | ३४.३% | ५.५% | १२.८% | ७.०% | १०.९% | १.२% | ३९.६% |
| ६ | Count | ७७० | १३६ | ३१० | १५१ | ३०० | १३४ | ९५३ |
| | % of Total | २७.४% | ४.८% | ११.०% | ५.४% | १०.७% | ४.८% | ३३.९% |
| ७ | Count | २९५ | ४९ | १८७ | ४१ | ८१ | ११ | ३४१ |
| | % of Total | १०.५% | १.७% | ६.६% | १.५% | २.९% | .४% | १२.१% |
| ८ | Count | ३३१ | ४० | १०३ | १३२ | १३४ | ३६ | ४०५ |
| | % of Total | ११.८% | १.४% | ३.७% | ४.७% | ४.८% | १.३% | १४.४% |

## सामाजिक अवस्थाः

| वडा नं. | क्षेत्री | जनजाति | ठकुरी | दलित | बाहुन | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ६२ | १४७ | ४१ | २७१ | ५० | | ५७१ |
| २ | १०५ | ७२ | ३० | ७६ | ४२६ | | ७०९ |
| ३ | ५५ | १४४ | | २०५ | ९६ | | ५०० |
| ४ | | ४५७ | | १२ | २ | | ४७१ |
| ५ | ३९८ | ३६ | ११८ | २०२ | ३०४ | ३० | १०८८ |
| ६ | ४५३ | ८६ | ६१ | २१९ | १२१ | १९ | ९५९ |
| ७ | ११२ | १५ | १५ | ४८ | २१९ | ० | ४०९ |
| ८ | ४९ | ४८ | ० | २०१ | १०७ | १ | ४०६ |
| जम्मा | १२३४ | १००५ | २६५ | १२३४ | १३२५ | ५० | ५११३ |

मोदी गाउँपालिकामा जम्मा ५११३ थरका मानिसहरूको बसोवास रहेको घरधुरी सर्भेक्षण २०७९ ले देखाएकोछ। चारवटै वडामा बसोबास गर्ने जातजातिहरू विभिन्न किसिमको आ-आफ्नै धर्म, संस्कृति र परम्परा रही आएको छ। स्थानीय तहमा गाउँपालिका तथा सामाजिक संघसंस्थाका क्रियाकलापहरूबाट महिलाहरू तथा पछाडि पारिएका वर्गको सशक्तिकरणमा सुधार हुँदै आएको छ। एक आपसमा सहयोग गर्ने वातावरण रहेको मोदी गाउँपालिकाले बालबालिकाहरूलाई पहिलो प्राथमिकतामा राखी काम गर्न सुरुवात गरेको छ। जसबाट बालबालिकाको लागि लगानी गर्ने अवसर र सृजनाले बाल अधिकार सुनिश्चितताको सुरुवात हुन थालेकोछ।

## १.७ विकासका सम्भावना, अवसर, चुनौती र समस्याहरू

मोदी गाउँपालिकामा विकासका प्रशस्त सम्भावनाहरू रहेका छन्। गाउँपालिकाको मानवीय र भौतिक विकासको पक्षमा सबैलाई हुने प्रशस्त सम्भावना र अवसर बोकेको छ। मोदीले प्राप्त गरेको वर्तमान विकासको परिणाम र मानव सभ्यताका लागि आश्यक पर्ने आधारभूत स्वाथ्य सेवा, शिक्षा र सडकजस्ता कुराहरूको पहुँच सबै वडामा भएको छ। आधारभूत विकासका पक्षको क्रमिक रुपमा सुधार हुँदै गरेको अवस्था छ। चौतर्फी विकासका लागि सामाजिक पक्ष, आर्थिक पक्ष, वातावरणीय पक्षको पनि सँगसँगै मानवीय पक्षको विकास गर्दै लैजान आवश्यक रहेको छ। मोदी गाउँपालिकाको समृद्धि साथै विकासका निम्न अवसर र सम्भावनाहरू रहेका छन्।

### अवसर र सम्भावनाहरू

- व्यवसायिक रूपमा बेमौसमी तरकारी खेतीको सञ्चालन हुन सक्दछ।
- वडामा यातायातका साधनहरू १२ महिना आबत जाबत हुने भएकाले उत्पादित वस्तु विक्री वितरणमा सहज हुने।
- पशुपालन व्यवसायलाई व्यवसायिक र आधुनिकीकरण गरी नागरिकहरू जीवनस्तरमा सुधार गर्न सकिन्छ।
- पानीको व्यवस्था गरी तरकारी खेती विस्तार गरी वडाका नागरिकहरूलाई आत्मनिर्भर गर्न सकिन्छ।
- कृषी खेतीलाई वेमौसमी र प्रविधिमैत्री बनाई उत्पादन वृद्धि गरेमा विक्री वितरण गर्ने बजारको उचित सम्भावना रहेकोछ।
- स्थानीयस्तरमा उपलब्ध बाँस, काठबाट परम्परागत सामग्री साथै फर्निचर व्यवसाय गर्न सकिने।
- उद्योग व्यवसायको विस्तार गरी नागरिकहरूलाई स्वरोजगारतर्फ उन्मुख गर्न सकिने।
- वडामा रहेका वनजङ्गल र घासेचौउरहरूको सदुपयोगिता ल्याई बाख्रा, गाई भैँसीपालनलाई व्यवसायिकता बनाउन सकिन्छ।
- गाउँपालिकाभित्र रहेका बन जंगलको उचित संरक्षण र प्रबर्द्धन गरी पर्यटन व्ययसायको विकास तथा विस्तार गरी आत्मनिर्भर हुने सम्भावना रहेकोछ।

» व्यवसायिक र प्रविधियुक्त शिक्षालयहरूको सञ्चालन ल्याउन सकेकोमा आम्दानीको स्रोत बन्न सक्ने अवस्था रहेकोछ ।
» व्यवसायिक करिडोरको समयमा विकास भएमा स्थानीय वासीको रोजगारी र आयस्तरमा वृद्धि हुने ।
» आयुर्वेद अस्पतालको संचालन पश्चात् स्थानीय नागरिकको स्वस्थ जीवनको ग्यारेन्टि हुन गई आर्थिक सञ्चिती हुने ।

**समस्याहरू**

» मोदी गाउँपालिकामा मानवीय जीवनयापन र कृषी खेती प्रणालीका लागि खानेपानी र सिञ्चाई व्यवस्था सुलभ हुन नसक्नु ।
» रती र पाती खोलाको कटान व्यवस्थापन गर्न नसक्नु ।
» प्रयाप्त खानेपानीको कमी साथै सिञ्चाई सुविधाको कमी
» क्षमता र सीपको कमी
» मोदी गाउँपालिकाको वास्तविक परिवेशको पहिचान र लक्ष्य विना विकास निर्माणका कार्यक्रमहरू सञ्चालन गरिनु ।
» गाउँपालिकाको विकास कार्यमा सबै वर्ग र पक्षको अर्थपूर्ण सहभागिता कम हुनु ।
» गाउँपालिकामा रहेका बालबालिकाहरुमा लगानी र विकास कार्य प्रारम्भ मात्र हुनु ।
» विकासका पुर्वाधारहरू बालमैत्री नहुनु । (खानेपानी, विद्यालय, स्वास्थ्य संस्था,सडक,सेवा प्रवाह गर्ने सार्वजनिक निकायहरू)
» मध्य पहाडी राजमार्गमा जोडिएर कच्ची सडक राम्ररी वर्षा याममा आवत जावतमा कठिनाइ सृजना हुनु ।
» बाल विकास र पुस्तकालय उचित प्रबन्ध हुन नसक्नु ।
» स्वास्थ्य सेवाको गुणस्तरमा कमी र नागरिकहरू स्वास्थ्य सुविधामा कम ध्यान दिनु ।
» आधारभूत शिक्षामा सबै बालबालिकाहरूको पहुँच हुन नसक्नु ।
» आर्थिक सम्पन्नता हुन नसकि आधारभूत सेवाहरूबाट वञ्चितिकरणमा पर्नु ।
» भिन्न क्षमता र गरीव घरपरिवारका लागि सहुलियत सेवासुबिधा दिन नसक्नु ।
» उद्यमशिलता र गरीवी न्यूनीकरणसम्बन्धी तथा रोजगारीका लागि सीपमूलक र व्यवसाय प्रवर्द्धनमा कम ध्यान दिनु ।
» स्थानीय युवा शाक्तिको बढदो वैदेशिक पयालयनका कारण गाउँमा दक्ष जनशक्तिको अभाव हुँदै जानु ।
» कृषकहरूलाई सहज र सुलभ रूपमा ऋण उपलब्ध हुन नसक्नु ।
» गरीव विपन्न,पछाडी पारिएको तथा लोपोउन्मुख वर्ग, आदिवासी वर्गको र उनीहरूका बालबालिकाहरूको हितका लागि ठोस कार्यक्रमहरू नहुनु ।
» कृषीउपज प्रशोधन केन्द्र, तरकारी भण्डारण र चिस्यानकेन्द्र र सङ्कलन केन्द्र तथा बिक्री केन्द्रहरूको कमी ।

- » प्राकृतिक प्रकोपबाट सृजना हुने विपदहरूको व्यवस्थापन गर्न पर्याप्त पूर्वतयारी नहुनु ।
- » वातावरण प्रदुषण हुँदै जानु ।
- » सम्पूर्ण ग्रामीण क्षेत्रमा सडक यातायातको विकास तथा विस्तार पर्याप्तता हुन अत्याधिक धनराशी र समय आवश्यकता पर्ने ।
- » आर्थिक अभावका कारण पर्यटकीय स्थानहरूको व्याबस्थापनमा कठीनाई भएको छ ।
- » ग्रामिण सडक निर्माण तथा सम्वर्द्धनका लागि भौगोलिक अबस्था तथा जलवायु परिवर्तनका कारण उत्पन्न हुन सक्ने समस्यासँग धान्न सक्ने सडक निमार्ण कार्य प्राबिधिक तथा आर्थिक रूपले चुनौतिपूर्ण छ ।
- » उपलब्धस्रोत प्रयोगका सम्बन्धमा ज्ञानको विस्तार आवश्यक छ ।
- » परम्परागत मूल्य मान्यताहरूको अवसेश विद्यमान अवस्थामा पनि केही मात्रा रहनु ।
- » मानवीय विकासमा लगानी गर्ने कार्यलाई कम प्राथमिकतामा राख्नु ।
- » बाल क्लवको गठन र स्थानीय संरचनाहरूमा संस्थागत सहभागिता नगराउनु ।
- » संविधान, ऐन, नियम, सन्धी, नीति र राष्ट्रिय प्रतिवद्धता तथा प्राथमिकताका कार्यक्रमहरू अवलम्बन गरी कार्यान्वयनमा नल्याउनु ।

## इकाइ–दुई

## *बालमैत्री स्थानीय शासनको अवधारणा*

### २. बालमैत्री स्थानीय शासनको अवधारणा र कार्यक्षेत्रः

नेपालको संविधान र बालबालिकाको अधिकार सम्बन्धी राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा गरेको प्रतिवद्धताको कार्यान्वय गरी स्थानीय तहसम्म बालबालिकाहरूको आधारभूत आवश्यकता परिपूर्ति गर्दै बालबालिकाको अर्थपूर्ण सहभागितामा घरपरिवार, टोल, वडा र गाउँपालिकामा बालमैत्री शासनको अवलम्बनबाट बालमैत्री नेपाल बनाउन २०६८ देखि सुरु गरिएको अवधारणा हो । स्थानीय सरकार सञ्चालन ऐन २०७४, बालबालिकासम्बन्धी ऐन, २०७५ र बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ मा बालालिकाको पक्षमा भएका नीतिगत एवम् कानूनी प्रावधान समेतलाई दृष्टिगत गरी तयार पारिएको बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ लाई कार्यान्वयनमा लैजाने प्रयोजनको लागि “बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८” जारी गरी कार्यान्वयनमा आएको हो । नेपालको सन्दर्भमा बालमैत्री स्थानीय शासन पद्धतिलाई विस्तार गरी २०८७ सालभित्र बालमैत्री देश नेपाल घोषणा गर्ने सोचकासाथ बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ जारी गरेकोछ ।

बाल अधिकार प्रवर्द्धनका लागि विगतमा संवैधानिक, कानूनी एवम् संस्थागत व्यवस्थाको थालनी भएको भए तापनि यस अवधारणाको कार्यान्वयन भई मूर्तरूप प्राप्त गर्न बाँकी नै छ । नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, युनिसेफ नेपाल, केन्द्रीय बाल अधिकार परिषद् र केही अन्तर्राष्ट्रिय गै.स.स.हरूले बालमैत्री अवधारणालाई प्रवर्द्धन गर्ने प्रयास गरे पश्चात् बालमैत्री स्थानीय शासनको अवधारणा कार्यान्वयनमा आएको छ । बाल बचाउँ, बाल संरक्षण, विकास र बालबालिकाको अर्थपूर्ण सहभागिता हुन पाउने अधिकारलाई स्थानीय तहमा संस्थागत गर्दछ । बालबालिकाहरूका आधार

भूत आवश्यकताहरू सेवा प्रवाह सम्बन्धी सुचकहरूको पूरा गर्न सेवाप्रवाह गर्ने निकायहरूले आफ्नो बानी र कार्यप्रक्रिया बालमैत्री बनाउँदै लैजाने बालमैत्री स्थानीय शासनका सीमाहरू रहेका छन् ।

## २.१ बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता

बालमैत्री स्थानीय शासन भन्नाले गैरविभेदीकरण, बालबालिकाको सर्वोत्तम हित, सर्वाङ्गीण विकास र अर्थपूर्ण सहभागिताको सिद्धान्तमा आधारित भई बाल बचाउँ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिता जस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, संरचना, प्रणाली र कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धति हो । यसले स्थानीय तहलाई बालबालिकाको हितमा योजना तर्जुमा, स्रोतको विनियोजन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन जस्ता कार्य गर्न सघाउँदछ । नेपालको कुल पूरामा १८ वर्ष मुनिका बालबालिकाको अंश ४२% रहेको छ । त्यस्तै मोदी गाउँपालिकाको जनसङ्ख्या २३०५८ मा ७१३६ जना १८ वर्ष मुनिका बालबालिकाकाहरू रहेका छन् जसमा ३१% बालबालिकाहरूको हिस्सा रहेकोछ । बालबालिकाको विकासमा राज्यले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विभिन्न प्रतिवद्धता व्यक्त गरेको छ ।

मोदी गाउँपालिकामात्र नभई देशैभर बालबालिकाहरू केही जान्दैनन्,उनीहरूले बोलेका कुरा ठिक हुदैनन् भन्ने मान्यताको संस्कारमा विस्तारै सुधार हुन थालेको छ । घरपरिवार, समुदाय र स्थानीय तहमा बालबालिकाहरूको बिचारको सुनुवाई गरी उनीहरूको अर्थपूर्ण सहभागिता गराउनसम्म सकिएको अवस्था छैन । बालबालिकाहरूको समग्र पक्षको विकासका लागि राज्यको तर्फबाट नै उनीहरूको बचावट, संरक्षण, विकास र सहभागिताको अधिकार सुनिश्चितता गर्न राज्यका शासन प्रक्रिया र संरचनामा सहभागिता गराउन अझै पनि आवश्यकता रहेको छ । समयमा बालबालिकाहरूमा लगानीको वातावरण सृजना गरी संस्थागत विकास सञ्चालन पश्चात् दक्ष जनशक्ति तयार गर्ने बालमैत्री स्थानीय शासनको कार्यान्वयन ल्याउन जरुरी हुन्छ ।

- » बालमैत्री स्थानीय शासनको प्रवर्द्धन र विस्तारको माध्यमबाट उनीहरूका बालमैत्री स्थानीय शासन व्यवस्थाको विकास तथा प्रवर्द्धन गर्न ।
- » स्थानीय तहको योजनामा बालबालिकाको सवालको सम्बोधन, सेवा सुविधामा पहुँच वृद्धि र नीति योजना निर्माणमा बालबालिकाको अर्थपूर्ण सहभागिता गर्न
- » बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी सङ्गठनहरूको बीचमा आर्थिक तथा प्राविधिक सहयोग गर्न अनुकुल वातावरण तयार पार्न ।
- » बालअधिकार सम्बन्धि अन्तराष्ट्रिय, राष्ट्रिय तथा स्थानीय नीतिहरूमा एकरूपता ल्याउन ।
- » स्थानीय सरकारको कार्यप्रक्रियाहरूमा एकरूपता ल्याउन ।
- » संस्थागत क्षमता तथा मानव संशाधन विकासलाई अभिवृद्धि गरी बालबालिकाले भोग्नु परेका समस्या समाधानमा नीतिगत, संस्थागत र कार्यगत प्रयास भए तापनि समन्वयात्मक, एकीकृत गर्न ।
- » बालमैत्री शासन र सरकारको अवधारणा आत्मसात गर्न र समावेशीकरण उच्चतम् प्राथमिकतामा रहेको र बालबालिकाका सबालहरूलाई एकीकृत रूपमा सम्बोधन गर्न ।
- » बालबालिकाको विकासका लागि कार्यरत निकायहरूलाई एकीकृत रूपमा नीतिगत एवम् संस्थागत

गरी स्थानीय सेवा प्रवाह गुणस्तरीय तवरले प्राप्त गर्ने वातावरण तयार गरी बालबालिकाप्रति सबैलाई जिम्मेवार भै आ-आफ्नो कर्तव्य बोध गराउन ।

» बालबालिकाहरूको अत्यावश्यक सेवाहरूको आपूर्ति गरी बाल अधिकारको संरक्षण र सम्बर्द्धन गर्न ।

» बालबालिकाहरूका लागि समयमा लगानी गरी उत्पादनशिल र दक्ष नागरिक तयार गर्न ।

» बालमैत्री स्थानीय शासनको अवलम्बन र व्यवहारिक कार्यान्वयन गर्न आवश्यक रहेको छ ।

## २.२ बालबालिकासम्बन्धी विद्यमान ऐन कानूनहरू :

नेपालको संविधान २०७२ को धारा २९. शोषण विरुद्धको हक :

(१) प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ ।

(२) धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन ।

(३) कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन ।

(४) कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन । तर सार्वजनिक प्रयोजनका लागि नागरिकलाई राज्यले अनिवार्य सेवामा लगाउन सक्ने गरी कानून बनाउन रोक लगाएको मानिने छैन । (५) उपधारा (३) र (४) विपरीतको कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

## धारा ३१. शिक्षासम्बन्धी हक :

१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचकोहक हुनेछ ।
२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।
३) अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।
४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

## धारा ३५.स्वास्थ्य सम्बन्धी हक :

१) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन ।
२) प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ ।
३) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ ।
४) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ ।

**धारा ३९. बालबालिकाको हक :**

१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।

२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सबैंगीण व्यक्तित्व विकासको हक हुनेछ ।

३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।

५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।

८) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

९) असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

## ४३. सामाजिक सुरक्षा सम्बन्धी हक :

आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।

## ५१. राज्यका नीतिहरू

***(झ) श्रम र रोजगारसम्बन्धी नीति :***

२) मर्यादित श्रमको अवधारणा अनुरूप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने,

३) बालश्रमलगायत श्रम शोषणका सबै रूपको अन्त्य गर्ने,

***(ञ) सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीति :***

४) बालबच्चाको पालन पोषण, परिवारको हेरचाहजस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्याङ्कन गर्ने,

१२) सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।

बालबालिकासम्बन्धी –२०७५

» नाम, राष्ट्रियता र पहिचानको अधिकार
» भेद्भाव विरुद्धको अधिकार
» आमा-बुवासँग बस्ने र भेटघाट गर्ने अधिकार
» संरक्षणको अधिकार
» अभिभावक,परिवार तथा संरक्षकबाट उचित संरक्षण र हेरचार पाउने
» पालन पोषण र मायाँ प्राप्त गर्ने अधिकार
» पालन पोषण र संरक्षणमा आमा र वुवाको समान दायित्व
» कुनै पनि आमा वुवा र संरक्षकले छोरीछोरालाई वेवारेसी छोड्न र फ्याक्न पाइने छैन
» भिन्न क्षमता भएका, जोखिममा परेका वा सडक बालबालिकाहरूको सुनिश्चित भविष्यको लागि राज्यबाट विशेष संरक्षण गर्नु पर्ने
» आमा बुवा, परिवारका सदस्य, शिक्षक र अन्य व्यक्तिबाट हुने शारीरिक, मानसिक हिंशा, यातना, अमानवीय व्यववहार, छुवाछुत र लैंगिक विभेद र शोषण विरुद्धको हक हुने संरक्षणको अधिकार
» बालबालिकालाई आर्थिक शोषण हुनबाट संरक्षण पाउने
» बालबालिकाको शिक्षामा बाधा अड्चन पुग्ने, स्वास्थ्य, शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासमा हानी पुग्ने कुनै पनि कामबाट सुरक्षित हुन पाउने अधिकार
» १४ वर्ष मुनिका बालबालिकाहरूलाई जोखिमपूर्ण काममा लगाउन, घरेलु कामदार वा कमलरीको रूपमा राख्न पाइने छैन ।
» सहभागिताको अधिकार
» अभिव्यक्ति स्वातन्त्रता ण्र सूचनाको अधिकार
» सङ्घ संस्था खोल्ने र शान्तिपूर्वक भेला हुन पाउने
» गोपनियताको अधिकार
» अपाङ्गता भएका बालबालिको विशेष अधिकार
» पोषण तथा स्वास्थ्यको अधिकार
» खेलकुद मनोरञ्जन तथा सांस्कृतिक अधिकार
» शिक्षाको अधिकार

नेपालको सविधान २०७२ मा बालबालिकाको लागि गरिएका व्यवस्था बाहेक देहायका सन्धि तथा अभिसन्धिको नेपालले बालअधिकार सम्बन्धी महासन्धि, १९८९; बालबालिकासम्बन्धी ऐन २०७५, बालबालिको श्रम निषेध ऐन २०५६, महिलामाथि हुने सबै प्रकारका विभेदहरूको अन्त्य गर्ने महासन्धि १९७९, नागरिक तथा राजनैतिक अधिकारका लागि अन्तर्राष्ट्रिय आलेख, १९६६ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय आलेख, १९६६, यातना विरुद्धको महासन्धि, १९८४ पूरा र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले पारित गरेको कार्ययोजना, चौथो विश्व महिला सम्मेलनबाट पारित बेइजिङ्ग घोषणा र सम्बद्ध कार्ययोजा र सार्क लगायत अर्न्तराष्ट्रिय तथा क्षेत्रीयस्तरमा बाल अधिकारलाई प्रबर्द्धन गर्ने विभिन्न अन्तर्राष्ट्रिय महासन्धि तथा ईच्छाधिन आलेखमार्फत् नागरिकहरूको आधारभूत अधिकारहरू विषेशतः बालअधिकार संरक्षणमा प्रतिवद्धता जाहेर गरेको छ ।

नेपाल सरकारले अन्तराष्ट्रियरूपमा गरेका शन्धि अभिसन्धिहरूको कार्यान्वयनमा ल्याई समतामूलक समाजको निर्माण र समृद्धिमा बालबालिकाको अधिकार प्रवर्द्धन गर्ने मात्र होईन कि बालबालिकाको क्षेत्रमा समयमा लगानी गरी भोलिको समुन्नत सामाजको जग वलियो बनाउन प्रत्येक स्थानीय तहबाट नै बालबालिकाको बाँच्न पाउने, संरक्षण, विकास र अर्थपूर्ण सहभागिता हुन पाउने अधिकार सुनिश्चितताका लागि राज्यस्तरबाट तयार गरिएको बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधि तयार कार्यान्वयन गर्न निर्देश गरेको छ ।

बालबालिकाको विकास विना समाज र गाउँको विकास गर्न खोजिएमा त्यसको दिगोपना हुन नसक्ने कुराको अनुभूति गरी मोदी गाउँपीलकामा रहेका निर्वाचित पदाधिकारीहरू, राजनीतिक दल, विद्यालय, शिक्षक, बालक्लव, स्वास्थ्य संस्था,महिला स्वास्थ्य,स्वयंसेवी,वुद्धिजिवी,समाजसेवी, स्थानीय संघसंस्था सबै सरोकारवालाहरूले स्वतस्फुर्त रूपमा बालममैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधिमा उल्लेख गरिएका सेवाप्रवाह र संस्थागत सूचकहरू पुरा गर्न आ–आफ्नो क्षेत्रमा लागि परी बाल भावना अनुकुलको शासन प्रणाली सञ्चालन गर्न वजेट विनियोजन गर्दै २०८२ सालभित्र मोदी गाउँपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त पालिकाकोरूपमा पहिचान दिन प्रतिवद्धतासहित बालमैत्री स्थानीय शासन अवलम्वन गरिसकेका छन् ।

बाल अधिकार महासन्धि १९८९ (नेपालले १४ सेप्टेम्वर १९९० मा अनुमोदन गरेको) ले बाल अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्न गैर विभेदीकरण (धारा २), सर्बोत्तम हित (धारा ३), सर्बैाङ्गीण विकास (धारा ६) र सहभागिता (धारा १२) को सिद्धान्तलाई प्रतिपादन गरेको छ। यिनै सिद्धान्तमा आधारित भई बाल वचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिताजस्ता क्षेत्रमा केन्द्रित हुदै बाल अधिकारलाई सम्बोधन गर्ने गरी बालमैत्री स्थानीय शासन प्रणालीको प्रवर्द्धन गर्न बालबालिकालाई शासन व्यवस्थाको प्रतिफल दिलाउन आवश्यक छ ।

दिगो विकास लक्ष्यलाई नेपाल सहित संयुक्त राष्ट्रसंघका अन्य देशहरूले सन् २०१६ देखि २०३० सम्मको समयावधि तय गरी १७ वटा लक्ष्य र १६९ वटा सीमा र २३२ वटा सूचकहरू तय गरी लागु गर्ने प्रतिवद्धता समेत गरेका छन् ।

**बालबालिकासँग सम्बन्धित प्रत्यक्ष सम्बन्ध राख्ने देहाय बमोजिम लक्ष्यहरू रहेका छन्**

१. भोकमारी अन्त्य गर्ने

२. राम्रो स्वास्थ्य

३. गुणस्तरीय शिक्षा

४. लैंगिक समानता

५. स्वच्छ खानेपानी र सरसफाई

६. सुरक्षित गाउँ र शहरजस्ता आधारभूत कुराहरू समावेश गरिएका छन् ।

बालबालिकाकासम्बन्धी राष्ट्रिय नीति २०६९ तयार गरी लागू गरिएको छ ।

बालबालिकासम्बन्धी १० वर्षीय राष्ट्रिय कार्ययोजना, (२०६१/६२-२०७१/७२) बालबालिकासम्बन्धी १० वर्षीय राष्ट्रिय कार्ययोजना, (२०६१/६२-२०७१/७२) ले बालबालिकाले आफू सुहाउँदो समुदायमा

आफ्ना अधिकारहरू भरपुर उपयोग गर्ने छन् र तिनीहरूको पूर्ण सामर्थ्यको उपयोग र महसुस गर्ने छन् भनी दीर्घकालीन सोच (Vision) निर्धारण गरेको छ ।

बालमैत्री वातावरणको प्रवर्द्धन गर्दै बालबालिकाविरुद्ध हुने सबै प्रकारका शोषणको अन्त्य गरी बालबालिकाको जीवनस्तर उच्च पार्न प्रत्येक बालबालिकाको अधिकार सुनिश्चित गरिने लक्ष्य तोकिएको छ । यस कार्ययोजनाले शिक्षा, बालविकास, स्वास्थ्य, पोषण र अन्य सम्बन्धित क्षेत्रमा केन्द्रित भई बालमैत्री वातावरणको प्रवर्द्धन गर्ने उद्देश्य लिएको छ ।

“बालबालिकाहरू उपर हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, यातना, घरेलु हिंशामा कमी ल्याई बालबालबालिकाहरूले प्राप्त गर्नु पर्ने आधारभूत आवश्यकताहरूको परिपूर्ती गर्न उनीहरूको सहभागिताको कुरालाई मध्ये नजर गरी बालबालिकामा लगानी योजना र रणनीतिक कार्ययोजना मोदी गाउँपीलकाले तयार गरिसकेको अवस्था छ। गाउँपालिका सक्रियतासाथ अगाडि बढाई आफ्नो र अन्य सहयोगी निकायहरूसँग समन्वय र सहकार्य गर्दै आफ्ना क्षेत्रमा रहेका बालबालिकहरूको समस्या समाधान गर्न लागि परेकोछ । “बाल अधिकार सुनिश्चितताका लागि गाउँपालिकाको योजनावद्ध रूपमा कार्य सञ्चालन गरी मोदी गाउँपालिकाले आफ्ना बालबालिकाप्रति जिम्मेवारी हुन अनिवार्यता गराउँदै सोको कार्यान्वयनमा ल्याउन आवश्यक रहेको छ ।

## २.३ गाउँपालिकास्तरीय योजनामा बालबालिकासम्बन्धी कार्यक्रमहरू

मोदी गाउँपालिकाको २३०५८ कुल जनसङ्ख्या मध्ये ७१३६ जना बालबालिकाहरू रहेका छन् । पालिकामा ३१% बालबालिकाहरू रहेका छन् । पालिकामा रहेको जनसङ्ख्यामा यति ठूलो हिस्सा ओगटेका बालबालिकाहरूको सर्बाङ्गीण पक्षको विकास गर्न तथा उनीहरूको हक र अधिकारको संरक्षणका लागि घरपरिवार,समुदाय र सामाजिक गतिविधिहरूमा उनीहरूको सहभागितामा मानसिक,सामाजिक, बौद्धिक,संवेगात्मक विकास गर्न समयमा योजनावद्धरूपमा कार्य गर्ने परिपाटीको थालनी गर्न आवश्यक हुन्छ । पालिकामा रहेका सबै जिम्मेवार व्यक्ति र निकायहरू बालबालिकाहरू प्रति संवेदनशिल रहेका छन् ।

गाउँपालिकास्तरीय योजनामा बालबालिका सम्बन्धी भएको व्यवस्थाः

- बालमैत्री स्थानीय शासन अवधारणाको अवलम्वन र पालिका वडास्तरीय अभिमूखिकरण
- सामुदायिक र संथागत विद्यालयहरूमा बालबालिकाहरूको बालक्लव गठन र परिचालन गाउँपालिका र वडाको निरन्तर सहयोग ।
- बाल अधिकारको सुनिश्चितता गर्न वडास्तरीय बाल सञ्जाल निर्माण ।
- बाल क्लवको क्षमता विकास तालिम सञ्चालन र परिचालन
- बालविकास केन्द्र व्यवस्थापन र सञ्चालन
- बाल अधिकार बारे सचेतीकरण
- बाल विकास कक्षा शिक्षकहरूलाई बालमैत्री शिक्षण सिकाई
- स्तनपान कक्ष निर्माण
- प्रस्तुति पश्चात आमा र नव शिशुको जाँचका घरघरमा स्वास्थ्यकर्मी
- बालक्ल्व, सञ्जाल गठन र क्षमता विकास

» शैक्षिक संस्थाका सवारी साधान र बाल विकास केन्द्रको न्यूनतम मापदण्ड तयारी
» बाल संरक्षण र संबर्द्धनका लागि बालमैत्री स्थानीय शासन अभियान सञ्चालन
» बालमैत्री वडा र बालमैत्री विद्यालय घोषणाका लागि सहयोग र पुरस्कार
» बाल विवाह कमी गर्ने अभियान सञ्चालन
» बालबालिकाका लागि लगानी योजना र कार्ययोजना तयारी
» अतिरिक्त क्रियाकलाप सञ्चालन
» बालबालिकाहरूलाई सम्मान र पुरस्कार
» विद्यालय शिक्षण सिकाइ सुधारका लागि सहयोग
» खोप र स्वास्थ्य सेवा आदि
» बालमैत्री आचार संहिता र बाल संरक्षण नीति तयार
» बालमैत्री अनुगमन सूचक तयार
» बाल कोष सञ्चालन कार्यविधि तयार
» बाल कोष स्थापना
» बाल स्थिति पत्र प्रतिवेदन, बालमैत्री रणनीतिक योजना तयारी प्रकाशन गर्ने योजना
» बाल अधिकार र बालमैत्री बानी व्यवहार प्रबर्द्धनका लागि प्रचार प्रसार

## २.४ बाल समूह वा बालक्लवहरू

मोदी गाउँपालिकाभित्र रहेका सामुदायिक विद्यालय, संस्थागत विद्यालय र वडाहरू समेत बालक्लबहरू गठन भई सङ्गठित हुन थालेका छन् । बाल अधिकारका सवालहरूमा कार्यहरू सञ्चालन भए पनि बालबालिकाहरूले नेतृत्व लिएर काम गर्न सुरुवात मात्र हुन थालेको छ। गाउँपालिकामा बालबालिकाहरूको बाल क्लवमा सहभागिताको अवस्था निम्नानुसारको रहेकोछः

| वडा | बालिका | | | बालक | | |
|---|---|---|---|---|---|---|
| | विद्यालयमा आधारित | समुदायमा आधारित | जम्मा | विद्यालयमा आधारित | समुदायमा आधारित | जम्मा |
| १ | २२ | | २२ | २० | | २० |
| २ | ७ | २५ | ३२ | १३ | २८ | ४१ |
| ३ | ३ | | ३ | ६ | | ६ |
| ४ | १६ | | १६ | २८ | | २८ |
| ५ | ३० | | ३० | २५ | | २५ |
| ६ | २८ | | २८ | २५ | | २५ |
| ७ | २१ | | २१ | १६ | | १६ |
| ८ | २० | | २० | १८ | | १८ |
| जम्मा | १४७ | २५ | १७२ | १५१ | २८ | १७९ |

## २.५ बालमैत्री अवधारणाको अवलम्वन रप्रतिवद्धताः

मोदी गाउँपालिकाले २०७५ साल पौष १९ गते देखि २० गतेसम्म दुई दिने बालमैत्री अभिमूखिकरण पछि बालबालिकाको क्षेत्रमा आफ्नो पूँजीगत वजेटको आवश्यकता अनुसार विनियोजन गर्ने निर्णय गर्दै बालबालिकाको क्षेत्रमा लगानी गर्न आवश्यकता महसुश गरी कार्ययोजना तयार ग-यो । योजनावद्ध रूपमा २०७५ बाटै बाल अधिकार र बालमैत्री स्थानीय शासनको क्षेत्रमा विभिन्न कार्यक्रमहरू सञ्चालन गऱ्यो । बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्यविधि २०६८ ले तय गरेका सूचकहरू पुरा गरी मोदी गाउँपालिकालाई देशमा नै पहिचान दिने उद्देश्यका साथ बालबालिकाको बस्तुगत विवरण तयारीबाट कार्य गर्न सुरुवात गऱ्यो । सरोकारवाला तथा साझेदार सहितको सहभागीतामा बालमैत्री घोषणाको लागि अभिमुखिकरण कार्यक्रमले आगामी २०८२ साल भित्र बालमैत्री घोषणा गर्ने निर्णय र कार्ययोजना तयार गर्ने काम भयो । बालबालिकाको हितका लागि कार्यक्रमको विस्तार गर्ने उद्देश्यले गाउँपालिकाका आठ वटा वडाहरू मध्ये वडा नं. ८ मिति २०७४ सालमा घोषणा भई सकेको र बाँकी वडाहरुलाई प्राथमिकतामा राखी बालमैत्री स्थानीय शासन अभिमूखिकरण सञ्चालन गरी २०८० भाद्र मसान्त सम्ममा ३ वडामा बालमैत्री स्थानीय शासनसम्बन्धी अवधारणाको अभिमूखिकरण सहित बालमैत्री वडा घोषणाउन्मुख कार्ययोजनासमेत योजना तयार गरी बालबालिकाहरूको विकास कार्य प्रारम्भ गरेको छ ।

बाल अधिकार महासन्धीको अनुमोदन पछि बालबालिकाहरू प्रति राज्यलाई जवाफदेहि बनाएको छ। नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ तयार हुनु आफैँमा एउटा अवसरको रूपमा रहेको छ। बाल अधिकारको विषयलाई स्थानीय तहको समग्र कार्यपद्धति र प्रणालीमा अनुभूति गर्दै कार्यान्वयन गर्न गरेको निर्देशन बमोजिम बालमैत्री स्थानीय शासन अवलम्बनलाई लक्ष्यका साथ अगाडी बढाईएको हो। बालबालिकाको क्षेत्रमा निश्चित बजेट विनियोजनका लागि बालभेला मार्फत् आएका माग र बालमैत्री स्थानीय शासनका सेवा प्रवाह र संस्थागत सूचकहरूलाई आधार मानि बजेट लगानी गर्ने मोदी गाउँपालिकालेप्रतिवद्धता गरेको छ। गाउँपालिकाको बालमैत्री स्थानीय तह घोषणाप्रतिवद्धताका लागि वडा नं. ३ लाई दोस्रो चरणमा बालमैत्री वडा बनाउन अघि सारिएको छ।

## २.६ बालमैत्री स्थानीय शासनको सिद्धान्त तथा कार्यक्षेत्रः

बालमैत्री स्थानीय शासन अवधारणाले बाल अधिकार र बालबालिकाको अर्थपूर्ण सहभागिता हुन पाउने अधिकारलाई स्थानीय तहको नीति, योजना, संरचना, कार्यप्रक्रिया र व्यवहारमा संस्थागत गर्नेतर्फ केन्द्रित भै कार्य गर्दछ। बालबालिकामा लगानी र विकास प्रक्रियामा उनीहरूको सार्थक सहभागिता र बालमैत्री स्थानीय शासनले तय गरेका सेवा प्रवाह र संस्थागत सूचकहरू पूरा गर्ने तर्फ नै कार्यक्षेत्र रहन्छ। बाल अधिकारको आधारभूत सिद्धान्तहरू बालबालिकाको सर्बोत्तम हित, गैरविभेदीकरण, दीर्घजीवन र सर्बाङ्गिण विकास र बालसहभागिता, समावेशीकरण, सन्नीकटता र समुदायमा आधारित विकास रहेका छन्। स्थानीय सरकारलाई आवश्यक स्रोत सामग्रीको उचित व्यवस्थापनमा सहयोग पुऱ्याउनु बालमैत्री स्थानीय शासनको प्रमुख कार्य हो। स्थानीय विकासको मुद्धाहरूमा आधारभूत आवश्यकताका सवालहरूलाई बाल बिकास र बालमैत्री शासन पद्दतिमा समाबेश गरिनु पर्दछ।

## २.७ बाल अधिकार (बालबचाउँ,बाल संरक्षण, बाल बिकास, बाल सहभागिता)

### बाँच्न पाउने अधिकारः

मोदी गाउँपालिकाभित्र रहेका १८ वर्ष मुनीका प्रत्येक बालबालिकालाई गास, बास, लत्ता कपडा, औषधि, खोप तथा स्तनपान गर्न पाउने अधिकार, अभिव्यक्तिको स्वतन्त्रता, राष्ट्रियताको अधिकार, भेदभाव विरुद्धको अधिकार, हेरचाह र पालन पोषण, स्वास्थ्यको अधिकार तथा आराम गर्न पाउने, खेलकुद, मनोरञ्जन एवम् सांस्कृतिक अधिकार आदि रहेका छन् । बालबालिकाको बाँच्न पाउने अधिकारको सुनिश्चितताका लागि बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा कार्यान्वयन निर्देशिका २०७८ ले न्यूनत्म ५१ वटा सूचकहरू तयार गरेको छ। कम्तिमा बाल बचावटका न्यूनत्म सूचक पूरा गरी बालमैत्री शासन प्रणालीको विकास गर्ने दायित्व स्थानीय तहकै हुनेछ । बाल बचाउको अधिकार पूरा गर्ने आधारभूत सूचकहरु :

**सूचकहरूः**

१. गर्भवती महिलाहरुले कम्तिमा प्रसूतिपूर्व ८ पटक र प्रसूतिपश्चात् आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएको हुनु पर्नेछ ।

२. सबै गर्भवती आमाले टिडी विरुद्धको २ वटा खोप लिएको हुनु पर्नेछ ।

३. गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की (जम्मा २२५ वटा) खाएको हुनु पर्नेछ ।

४. गर्भवती आमाको दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराउनु पर्नेछ ।

५. ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्यरुपमा पूर्ण स्तनपान गराएको हुनु पर्नेछ ।

६. ६ महिनादेखि पाँच वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल र २ देखि ५ वर्षसम्मका बालबालिकालाई जुकाको औषधी खुवाउनु पर्नेछ ।

७. जन्मेको १५ महिनाभित्रका सबै बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप प्राप्त गरी पूर्णखोपयुक्त घोषणा भएको हुनु पर्नेछ ।

८. एच्.आई.भी सङ्क्रमित आमाबाट जन्मिएका सबै बालबालिकाले ARV Prophylaxis पाएको हुनु पर्नेछ ।

९. सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेको हुनु पर्नेछ ।

१०. कमतौल र पुडको र ख्याउटेपन हुने पाँचवर्ष मुनिका बालबालिकाको सङ्ख्यामा कमी आएको हुनु पर्नेछ ।

११. अति कडा कुपोषण भएका बालबालिकाको सङ्ख्यामा शून्य भएको हुनु पर्नेछ ।

१२. सबैघरधुरिमा आधारभूत तहको खानेपानीको सुविधा उपलब्ध भएको हुनु पर्नेछ ।

१३. सावुन पानीले हात धुने परिपाटीको विकास भएको हुनु पर्नेछ (चर्पी गएपछि, खाना खानु अगाडी र बालबालिकाको दिसा धोएपछि) ।

१४. सावुन प्रत्येक घरपरिवारले शौचालयको प्रयोग गरेको तथा खुल्ला दिसामुक्त घोषणा भएको हुनु पर्नेछ ।

## संरक्षणको अधिकार :

बाल संरक्षणको अधिकारभित्र बालबालिकाको नाम र जन्म दर्ता, आफू विरुद्ध हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, बेचविखन, ओसारपसार, शोषण र बेवास्ताबाट संरक्षण प्राप्त गर्ने अधिकार, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा परेका र सडकमा बस्ने बालबालिकालाई सुनिश्चित भविष्यको लागि स्थानीय तहबाट पुऱ्याइने विशेष संरक्षण बालबालिकालाई निजको बाबु आमा, संरक्षक, शिक्षक वा जोसुकैबाट हुने शारीरिक तथा मानसिक यातना र अमानवीय ब्यवहार विरुद्ध संरक्षणजस्ता विषयहरू रहेका छन् ।

१. ५ वर्ष मुनिका सबैबालबालिकाको जन्म दर्ता भएको हुनु पर्नेछ ।
२. निकृष्ट प्रकारको बालश्रम अन्तय गर्दै प्रभावित बालबालिकाको पुनः थापना भएको हुनु पर्नेछ ।
३. स्थानीय तह बाल विवाह मुक्त भएको हुनु पर्ने छ । (मुक्त घोषणा हुन बाँकी)
४. घरपरिवार, समुदाय, सार्वजनिक स्थान (विद्यालय, सामाजिक चाडँपर्व भेला)मा बालबालिका विरुद्ध हुने हिंसा, वेचबिखन, शोषण, वेवास्था र दुर्व्यवहारमा कमी आएको हुनु पर्नेछ ।
५. समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई सञ्चालनमा ल्याएको हुनु पर्नेछ ।
६. छाउपडी, कमलरीजस्ता सामाजिक कुप्रथा नरहेको हुनु पर्नेछ ।
७. स्थानीय तह वा समुदायले १४ वर्षमुनिका असहाय बालबालिका (भएमा) कोसंरक्षण गर्न विशेष व्यवस्था गरेको हुनु पर्नेछ ।
८. स्थानीय तहमा सडक बालबालिकाको सङ्ख्या शून्य भएको हुनु पनेछ । (सडक बालबालिका नै नभएको)
९. स्थानीय तहमा रहेका विद्यालयहरुले बालबालिकालाई शारीरिक र मानसिक यातना दिने छैनन् ।
१०. कुलतमा लागेका बालबालिकाको लागि बाल सूधार गृहमा राख्ने व्यवस्था मिलाएको हुनु पर्नेछ ।

## विकासको अधिकार :

बालबालिकाको बौद्धिक, शारीरिक, संवेगात्मक र सामाजिक पक्षको विकासका लागि शिक्षा, संरक्षकत्व र व्यक्तित्व विकासको अधिकार पर्दछ । बालबालिकासँग सम्वद्ध विषयगत क्षेत्रहरू जस्तैः सार्वजनिक भौतिक सुविधा सेवाहरू, भवन, विद्यालय, अस्पताल, उद्यान, मनोरञ्जनस्थल, सडकपेटी आदिको उपयोगमा बालबालिकाको अधिकार सुरक्षित रहने बिषयहरू पनि विकासको अधिकार अन्तर्गत पर्दछन् ।

१. ३-४ वर्ष उमेर पुगेका सबै बालबालिकाहरु प्रारम्भिक बालविकास कक्षामा भर्ना भई टिकाउदर शत्प्रतिशत रहेको हुनु पर्नेछ । (फरक क्षमता भएका बालबालिकाको हकमा विशेष व्यवस्था गर्नु पर्ने)
२. ५ देखि १४ वर्ष उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा (१ कक्षादेखि ८ सम्म) पूरा गरेको हुनुपर्नेछ ।
३. प्रत्येक विद्यालयमा खानेपानीको सुविधा सहित छात्राछात्रको लागि अलग अलग शौचालयको व्यवस्था भई प्रयोग भएको हुनु पर्नेछ । (संरचना भएको, व्यवस्थापन र प्रयोगमा ६० प्रतिशत)
४. सबै विद्यालयका पूर्वाधार (कक्षा काठो, फर्निचर, खेलमैदान, खानेपानी धारा) बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित भएको हुनु पर्नेछ ।

५. प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलापसम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनु पर्नेछ ।

६. सबै विद्यालयमा कुहिने र नकुहिने फोहोर अलग अलग बिर्सन गर्ने व्यवस्था गरेको हुनुपर्ने छ ।

**सहभागिताको अधिकारः**

बालबालिकाहरूको बचावट, संरक्षण र विकास मात्र गरेर हुँदैन उनीहरूलाई वर्तमानमा नै साझेदार मानेर हरेक गतिविधिहरूमा उनीहरूको अर्थपूर्ण सहभागिता गराउनु पर्छ । यसका लागि बालबालिकासँग सम्बन्धित विषयको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियामा बालबालिकालाई उमेर र क्षमताका आधारमा संलग्न हुन पाउने अधिकार र बालबालिकाले अभिव्यक्त गरेको बिचारलाई निजको उमेर र परिपक्कताको आधारमा सहभागिता गर्ने विषयहरू रहेका छन् । सूचना प्राप्त गर्ने अधिकार, अन्तरक्रिया, भेटघाट एवम् सम्वादको अधिकार पनि सहभागिताको अधिकार अन्तर्गत पर्नेछन् ।

१. स्थानीय तहमा समावेशी आधारमा बाल सञ्जाल गठन भई क्रियाशिल (न्यूनतम् तीनवटा बैठक र कार्यक्रम सञ्चालन) रहेको हुनु पर्नेछ ।

२. स्थानीय तहका टोल र विद्यालयमा समावेशी आधारमा बाल क्लब गठन भई क्रियाशिल (न्यूनतम् तीन वटा बैठक र कार्यक्रम सञ्चालन) रहेको हुनु पर्नेछ ।

३. पाँच कक्षा भन्दामाथि अध्ययन अध्यापन हुने विद्यालयमा व्यवस्थापन समितिमा बाल क्लवको प्रतिनिधित्व भएको हुनु पर्नेछ ।

४. स्थानीय स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लव वा सञ्जालको प्रतिनिधित्व भएको हुनु पर्नेछ ।

५. स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना र समितिहरुमा १२ देखि १८ वर्षसम्मका बालबालिकाहरुको सहभागिता सुनिश्चित गरिएको हुनु पर्नेछ ।

६. बालभेलाबाट माग भई आएको योजनाहरु स्थानीय तहको योजनामा समावेश भएको हुनु पर्नेछ ।

**संस्थागत विकासः**

१) वडा/गाउँपालिका तहमा बालमैत्री स्थानीय शासन समितिहरू गठन भै क्रियाशील रहेका हुनेछन् ।

२) स्थानीय तहहरूले आफ्नो लागि बालमैत्री आचार संहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन् ।

३) गाउँपालिकाको प्रत्येक वडामा कम्तिमा एक बाल उद्यान सहितको बालमैत्री सिकाई स्रोत केन्द्र सञ्चालनमा रहेको हुनेछ ।

४) बालबालिकाको वस्तुगत विवरण (प्रोफाइल) को आधारमा स्थानीय तहको विकास योजना निर्माण र बालबालिकाको लागि लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ ।

५) स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रूपमा वडा र गाउँपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेका विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछ ।

६) प्रारम्भिक बालविकास केन्द्रहरुले गाउँपालिकाले तोकेको न्यूनतम मापदण्ड पुरा गरेका हुनेछन ।

७) बालमैत्री सूचकहरुमा आधारित भइ वडास्तरमा स्थितीपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ ।

८) विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुको लागि बालमैत्री, वातावरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरिक्त कक्षा सञ्चालन गरेका हुनेछन ।

९) आधारभूत शिक्षा पश्चात विद्यालय शिक्षाबाट वञ्चित भएका बालबालिकाहरुले जीवन उपयोगी शिक्षा (व्यवसायिक तथा सीपमूलक तालिम) प्राप्त गरेका हुनेछन ।

१०) गाउँपालिकामा रहेको प्रहरी चौकीमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क इकाई रहेको हुनेछ ।

११) विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरु स्थानीय तहले तोकेको न्यूनतम मापदण्ड अनुसार बालमैत्री र अपाङ्गतामैत्री हुनेछन ।

१२) गाउँपालिकाको प्रशासकिय कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको हुनेछ ।

१३) सार्वजनिक स्थलहरुमा बालमैत्री शौचालय र खानेपानी धाराको व्यवस्था भएको हुनेछ ।

१४) गाउँपालिकाको विपद् व्यवस्थापन योजनामा विपद्को समयमा बालबालिकाको आवश्यकता सम्बोधन गर्ने प्रावधान समावेश भएको हुनेछ ।

१५) विपद्को समयमा बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको विशेष सहयोगको लागि संस्थागत व्यवस्था भएको हुनेछ ।

उपयुक्त बचावट, संरक्षण, विकास र सहभागिताको अधिकार पूरा गर्ने सेवा प्रवाहसम्बन्धी आधारभूत ३६ सूचकहरू निरन्तर रूपमा पूरा गर्न संस्थागत १५ वटा सूचकहरू समेत समावेश गरिएको छ । बालमैत्री स्थानीय शासन सञ्चालन गर्न आवश्यक पर्ने साङ्गठनिक संरचना, नीति, कार्यक्रम, बजेट र प्रबन्धकीय व्यवस्था, मानव संसाधन विकास, कार्य प्रक्रिया र कार्य प्रणाली, साझेदार बीचको कार्य सञ्जाल, क्षमता अभिवृद्धि जस्ता पक्षहरू संस्थागत विकासमा रहनेछन् ।

## २.८ बालमैत्री स्थानीय शासन कार्यक्रमका साझेदार तथा सहयोगी संस्थाहरूः

- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
- शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय , गण्डकी प्रदेश  नेपाल
- जिल्ला समन्वय समिति, पर्वत
- जिल्ला प्रशासन कार्यालय, पर्वत
- शिक्षा विकास समन्वय इकाइ, पर्वत
- जिल्ला प्रहरी कार्यालय, पर्वत
- खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, पर्वत
- जिल्ला स्वास्थ्य कार्यालय, पर्वत
- राजनीतिक दलहरू
- सङ्घसंस्थाहरू
- स्वास्थ्य व्यवस्थापन समिति
- महिला स्वास्थ्य स्वयंसविका
- सहकारी संस्थाहरू

» बाल अधिकार स्थानीय समिति
» आमा समूह
» टोल विकास संस्थाहरू
» वित्तीय संस्थाहरू
» धार्मिक संस्थाहरू
» वन उभोक्ता समिति
» बजार व्यवस्थापन समिति
» युवा क्लवहरू
» सामुदायिक र संस्थागत विद्यालयहरू
» बाल क्लव र संजाल
» विद्यालय व्यवस्थापन समिति
» स्थानीय सङ्घ संस्थाहरू
» शिक्षक अभिभावक सङ्घ
» सञ्चारकर्मी
» अन्तराष्ट्रिय निकायः गुडनेवर्स नेपाल तथा बालबालिकाको क्षेत्रमा क्रियाशिल विकास साझेदार संस्थाहरु

निजी तथा सामुदायिक स्थानीय संस्थाहरूसँग निरन्तर समन्वय र सहकार्य गर्न आवश्यक रहेको छ जसले गर्दा बालबालिकाहरूको समस्या समाधानमा सहयोग पुग्न सक्छ ।

## २.९ बालमैत्री सुशासनयुक्त गाउँपालिका स्थापनाको लागि अवसर र सम्भावनाहरू

गाउँपालिकाको वार्षिक विकासको योजना छनौट र कार्यान्वयनमा भविष्यका कर्णधारका रूपमा रहेका बालबालिकाहरूलाई वर्तमानमा नै साझेदार गर्न मोदी गाउँपालिकाको नेतृत्व गर्ने वर्ग सहमति हुनुराम्रो पक्ष हो ।

मोदी गाउँपालिकामा रहेका ७१३६ (१८ वर्षभित्रका) जना बालबालिकाहरूको वृद्धि विकासमा उनीहरूको सहभागिताको सुनिश्चितताले सुशासन हुन सक्छ भन्ने कुराको निर्धारण गर्दछ। मोदी गाउँपालिकाका ८ वटा वडाहरुभित्र रहेका विद्यालय, घरपरिवार, सार्वजनिक सरोकारका स्थल, कार्यालय तथा सङ्घसंस्थाहरूलाई बालमैत्री बानी र संरचना निर्माण गर्न लगाउने । गरिबी न्यूनीकरण अभियान मार्फत् सम्पूर्ण स्थानीयवासीहरूको आवश्यकताको निरन्तर आपूर्ति गरी जीवनस्तरमा गुणात्मक सुधार ल्याउनु । प्राकृतिक र मानव निर्मित वातावरण बीचको सन्तुलन कायम गर्दै सबै प्रकारका मानवीय गतिविधिको लागि स्वच्छ एवम् बालमैत्री भौतिक वातावरणको सिर्जना गरी दिगो विकास तर्फ् उन्मुख हुन सबै पक्ष सहमत हुनु । बालबालिकाहरूका मुख्य बचावट, संरक्षण, विकास र सहभागिता जस्ता आधारभूत अधिकार हरूको संरक्षण र संवर्द्धन गर्ने । समाजसेवी व्यापारिक लगायतका क्रियाकलापहरूको माध्यमबाट रोजगारी अभिवृद्धि गर्ने वातावरणको सिर्जना गरी गाउँको विकासमा टेवा पुऱ्याउने लक्ष्य निर्धारण गरेको छ ।

बालबालिकाहरूका लागि विभिन्न सहयोगी निकाय, गैरसरकारी संस्थाको सहकार्यमा बालअधिकार र महिलासम्बन्धी सवालमा काम शुरु गरिदै आएको छ । मोदी गाउँपालिकामा संस्थागतरूपमा

बालबालिकाहरूको चौतर्फी विकास गर्नु पर्छ भन्ने सोचको विकास स्वयम् गाउँपालिकावासीहरूबाटै कार्य थालनीको शुरुवाती चरणमा रहेकोछ । विद्यालय जान नपाएका बालबालिकालाई लक्षित गरी औपचारिक बालशिक्षा, बालविकास केन्द्र सञ्चालनका लागि अभिभावक शिक्षा, बालिका शिक्षालाई केन्द्रित गरी लैङ्गिक विभेद विरुद्ध बाल क्लव, स्थानीय सङ्घ संस्था र गाउँपालिकाले अभियान सञ्चालन गरी काम गर्दै आएको छ । महिला र बालबालिकालाई आफ्नो अधिकारको बारेमा आवाज उठाउन सक्षम बनाउनुका साथै बालअधिकारको संरक्षणमा सहजताको लागि अभिभावक र अन्य सरोकारवालालाई समेत बालअधिकारका विषयमा सचेतना कार्यक्रमहरू सञ्चालन हुन थालेका छन् ।

बालमैत्री शासन युक्त गाउँपालिका बनाउन गठित बालमैत्री स्थानीय शासन गाउँ समितिले सेवा प्रवाह र संस्थात सूचकहरूको अवस्था सुधारका लागि कूल पूँजीगत वजेटबाट आवश्यक स्रोत बालबालिकाको क्षेत्रमा छुट्ट्याउने निर्णय गरी गाउँ योजनामा समावेश गर्ने कार्य भयो । गाउँपालिकाको सोच, बिचार र दृष्टिकोण बमोजिम बालमैत्री अभियानका लागि पालिका तथा वडा घोषणामा सहयोग गर्न बालबालिकाको वस्तुगत विवरण (प्रोफाइल)- २०८० निर्माण गर्ने कार्यको औपचारिक रूपमा शुरुवात भयो ।

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्यविधि २०६८ ले तय गरेको सूचकहरू पूरा गरी बालमैत्री वडा घोषणा गरी देशमा नै पहिचान दिने उद्देश्यका साथ कार्य गर्न सुरुवात गऱ्यो । गाउँपालिकामा सञ्चालन गर्ने कार्यक्रमहरूमा राजनीतिक दल, विषयगत कार्यालय र सामाजिक व्यक्तित्वहरूको समेत साथ र सर्मथन लिई सरोकारवालाहरूको सहभागितामा बालमैत्री घोषणाको लागि अभिमुखिकरण हुनुका साथै सोही गोष्ठीबाट आगामी २०८२ सालसम्ममा बालमैत्री वडा घोषणा गर्ने निर्णय र कार्ययोजना तयार गर्ने काम भयो । गाउँपालिकाका सबै वडालाई २०८२ सालभित्र बालमैत्री पालिका बनाउने लक्ष्य तयार गरी सोही बमोजिम गाउँपालिकाले काम गर्नेप्रतिवद्धता गरेकोछ ।

बालअधिकार महासन्धिको अनुमोदनले बालबालिकाप्रति राज्यलाई जवाफदेहि बनाएको छ । बालमैत्री अभियान लक्षित भई नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका-२०७८ तयार गरी २०८७ सालसम्ममा ७५३ स्थानीय तहलाई बालमैत्री घोषणा गरी बालमैत्री देश नेपाल बनाउने लक्ष्य राखेको छ जुन आफैंमा एउटा अवसरको रूपमा रहेको छ । बालअधिकारको विषयलाई स्थानीय निकायको समग्र कार्यपद्धति र प्रणालीमा आन्तरिकीकरण गर्दै कार्यान्वयन गर्न गरेको निर्देशन बमोजिम बालमैत्री स्थानीय शासन अवलम्बन र घोषणाको लक्ष्यलाई अगाडी बढाईएको छ । बालबालिकाको क्षेत्रमा निश्चित बजेट विनियोजनका लागि बालभेला मार्फत् आएका माग र बाल आधिकारका प्रबर्द्धनका लागि अवसर र सम्भावनाको रूपमा लिन सकिन्छ ।

- बालमैत्री स्थानीय शासन कार्यान्वय कार्यविधि बारे अभिमूखीकरण गरी सेवा प्रवाहसम्बन्धी सूचकहरू पूरा गर्ने सामुहिक प्रतिवद्धता हुनु ।
- बालक्लव, विषयगत कार्यालय शाखा र पालिकाको सक्रियतामा बालबालिकाको अधिकार प्राप्तिका लागि सहयोग पुऱ्याउनु ।
- बालमैत्री स्थानीय शासन अलम्वन रप्रतिवद्धतालाई कार्यान्वयनमा ल्याउन कार्ययोजना तयार गर्नु ।
- बालमैत्री स्थानीय शासनको प्रवर्द्धन गर्न समिति गठन हुनु ।

» टोलस्तरीय अभिमूखीकरण गर्नु ।
» बालबालिकाहरूको चौतर्फी विकासमा लगानी गर्ने निर्णय गर्नु ।
» स्थानीयस्तरमा रहेका संरचनाहरूमा बालबालिकाको सहभागिता गराउनप्रतिवद्धता व्यक्त गर्नु ।
» स्थानीय सङ्घसंस्था र सरोकारवालाहरूको संस्थागत विकास हुनु ।
» बालमैत्री वडा घोषणाका लागि समुदाय स्तरको सक्रियता र सहभागीता ।
» बालमैत्री स्थानीय शासन अवलम्बन र घोषणाको पूर्ण प्रतिवद्धता हुनु ।
» आइरन चक्कीको प्रयोग, दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी, गर्भवती र सुत्केरी अवस्थामा स्वास्थ्य जाँच लगायतका सेवा प्रवाहसम्बन्धी सूचकहरूको अवस्था राम्रो रहनु ।
» सेवा प्रवाहसम्बन्धी सूचक पूरा गर्ने विषयगत निकायहरूले जिम्मेवारी लिनु ।
» बालक्लब तथा संजालको सक्रिय परिचालन र क्षमता विकास हुनु ।
» मोदी गाउँपालिका वडावासीहरूले बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तह बनाउन तत्परता देखाउनु ।
» जिल्ला समन्वय समिति, शिक्षा, स्वास्थ्य, खानेपानी, सामाजिक विकास कार्यालय लगायत विषययगत कार्यालयहरूद्वारा विषयगत क्षेत्रमा रहेका सवाल पूरा गर्न समन्वयात्क रूपमा लागि पर्नु ।
» पूर्ण खोप, पूर्ण साक्षरता, खुल्ला दिशामुक्त गाउँपालिका, बाल विवाह र कम उमेरको विवाहमा कमी ल्याउन कानूनी कार्यान्वयनको प्रतिवद्धता जस्ता महत्वपूर्ण अभियानको शुरुवात हुनु ।

## इकाइ–तीन

## उमेरगत तथा जातिगत आधारमा जनसंख्या

### ३.१ उमेरगत आधारमा जनसंख्याः

पर्वत जिल्लाको मोदी गाउँपालिकाको  घरधुरीमा रहेका उमेरगत जनसङ्ख्याको विवरणलाई निम्न तालिका समावेश गरिएकोछ ।

| | १ वर्षभन्दा मुनि | | १ – २ वर्षसम्म | | ३ – ५ वर्षसम्म | | ६ – ७ वर्षसम्म | |
|---|---|---|---|---|---|---|---|---|
| वडा नं.. | (महिला) | (पुरुष) | (महिला) | (पुरुष) | (महिला) | (पुरुष) | महिला | पुरुष |
| १ | २० | १२ | ३१ | ३० | ५३ | ९२ | ४६ | ४३ |
| २ | २० | १५ | २६ | ३८ | ९६ | १०२ | ७१ | ५७ |
| ३ | २० | १४ | २२ | ३८ | ६० | ६५ | ३७ | ५५ |
| ४ | १७ | ९ | १९ | २१ | ४६ | ४३ | २८ | ४० |
| ५ | २० | १२ | ३१ | ३० | ५३ | ९२ | ४६ | ४३ |
| ६ | २० | १५ | २६ | ३८ | ९६ | १०२ | ७१ | ५७ |
| ७ | २० | १४ | २२ | ३८ | ६० | ६५ | ३७ | ५५ |
| ८ | १७ | ९ | १९ | २१ | ४६ | ४३ | २८ | ४० |
| जम्मा | १५४ | १०० | १९६ | २५४ | ५१० | ६०४ | ३६४ | ३९० |

| वडा | ८ – ९ वर्षसम्म | | १० – १४ वर्षसम्म | | १५ – १६ वर्षसम्म | | १७ – १८ वर्षसम्म | | १९ वर्ष वा सोभन्दा माथि | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| १ | ४८ | ६० | १२८ | १३० | ५० | ७० | ५६ | ६६ | ९९४ | १०१७ | १४२६ | १५२० |
| २ | ५६ | ७४ | १४१ | १६० | ६६ | ८२ | ८२ | ८० | १२७५ | १३४५ | १८३३ | १९५३ |
| ३ | ३७ | ४२ | १०० | ११० | ४९ | ४१ | ४२ | ५० | ७६८ | ८२९ | ११३५ | १२४४ |
| ४ | ३६ | ४२ | ८३ | १३१ | ३९ | ३९ | ४२ | ५० | ८३२ | ९०१ | ११४२ | १२७६ |
| ५ | ४८ | ६० | १२८ | १३० | ५० | ७० | ५६ | ६६ | ९९४ | १०१७ | १४२६ | १५२० |
| ६ | ५६ | ७४ | १४१ | १६० | ६६ | ८२ | ८२ | ८० | १२७५ | १३४५ | १८३३ | १९५३ |
| ७ | ३७ | ४२ | १०० | ११० | ४९ | ४१ | ४२ | ५० | ७६८ | ८२९ | ११३५ | १२४४ |
| ८ | ३६ | ४२ | ८३ | १३१ | ३९ | ३९ | ४२ | ५० | ८३२ | ९०१ | ११४२ | १२७६ |
| जम्मा | ३५४ | ४३६ | ९०४ | १०६२ | ४०८ | ४६४ | ४४४ | ४९२ | ७७३८ | ८१८४ | ११०७२ | ११९८६ |

### ३.२. जातिगत आधारमा जनसंख्याः

| वडा नं. | क्षेत्री | जनजाति | ठकुरी | दलित | बाहुन | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ६२ | १४७ | ४१ | २७१ | ५० | | ५७१ |
| २ | १०५ | ७२ | ३० | ७६ | ४२६ | | ७०९ |
| ३ | ५५ | १४४ | | २०५ | ९६ | | ५०० |
| ४ | | ४५७ | | १२ | २ | | ४७१ |
| ५ | ३९८ | ३६ | ११८ | २०२ | ३०४ | ३० | १०८८ |
| ६ | ४५३ | ८६ | ६१ | २१९ | १२१ | १९ | ९५९ |
| ७ | ११२ | १५ | १५ | ४८ | २१९ | ० | ४०९ |
| ८ | ४९ | ४८ | ० | २०१ | १०७ | १ | ४०६ |
| जम्मा | १२३४ | १००५ | २६५ | १२३४ | १३२५ | ५० | ५११३ |

### ३.३. मातृभाषाका आधारमा परिवार संख्याः

| वडा नं. | छन्त्याल | गुरुङ | मगर | नेपाली | जम्मा |
|---|---|---|---|---|---|
| १ | ८ | १०६ | १९ | ४३८ | ५७१ |
| २ | | १४ | | ६९६ | ७१० |
| ३ | | ३ | | ४९८ | ५०१ |
| ४ | | | ३८ | ४३३ | ४७१ |
| जम्मा | ८-०।३%) | १२३-५।५%) | ५७-२।६%) | २०६७-९१।७%) | २२५५ |

| वडा नं.. | गुरुङ | तामाङ | नेपाली | नेवारी | मगर | मुस्लिम | राई | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ० | ० | १०८८ | ० | ० | ० | ० | १०८८ |
| ६ | ० | १ | ९५० | १ | १ | १ | २ | ९५६ |
| ७ | ३ | ० | ४०६ | ० | ० | ० | ० | ४०९ |
| ८ | २६ | ० | ३८० | ० | ० | ० | ० | ४०६ |
| जम्मा | २९ | १ | २८२४ | १ | १ | १ | २ | २८५९ |

## ३.४. जनसंख्या वृद्धिदर(घरधुरी तथा जनसङ्ख्याको तुलनात्मक विवरण)

पालिकामा औसत परिवार सदस्य संख्या लगभग ४ जना प्रति परिवार रहेको छ जो नेपालको राष्ट्रिय औसत परिवार संख्या भन्दा कम हो । यस पालिकाको जनघनत्व १४७ जना प्रति वर्ग किलोमिटर रहेको छ। गापामा पुरुषको भन्दा महिलाको संख्या बढी छ जसको पुरुष-महिला अनुपात ७७:१०० छ जो राष्ट्रिय औसत अनुपात ८४.५५ भन्दा कम हो। सबै वडामा जनसंख्याको वितरण एकनास छैन। तुलानात्मक रुपमा वडा नं. ५ र ६ मा बढी जन संख्या र वडा ८ मा कम छ। सबैभन्दा बढी जनसंख्या भएको वडा नं ५ र सबभन्दा कम जनसंख्या भएका वडा नं ८ हो । त्यसै गरी, सबभन्दा बढी घरधुरी भएको वडामा वडा नं. ५ (१०८८ घरधुरी ) र सबभन्दा कम घरधुरी भएको वडामा वडा नं ८ (४०६ घरधुरी) रहेको छ।





## ३.५. जन्मदर्ता सम्बन्धी विवरणः

गाउँपालिकामा पाँच वर्ष मुनिका १७४३ जना बालबालिकाहरू मध्ये १४१७ जना बालबालिकाहरूको जन्मदर्ता गरिएको छ। पाँच वर्ष मुनिका बालबालिकाहरूको जन्म दर्ता ८१.२९% रहेकोछ। ६ देखि अठार वर्ष मुनिका ५६६६ जना बालबालिका मध्ये ५२८४ जनाले जन्मदर्ता गरेका छन् जुन ९३.२५% रहेको छ। पाँच वर्ष मुनिका र ६ देखि अठार वर्ष मुनिका समेत ७०८जना बालबालिकाहरूले जन्म दर्ता गरेको देखिदैन। गाउँपालिकामा रहेका बालबालिकाहरू मध्ये ६७०१ जना बालबालिकाहरूले मात्र जन्म दर्ता गरेको घरधुरी सर्भेक्षण २०७९ ले देखाएकोछ।

| लिंग | ५ वर्षमुनिका बालबालिका | | | ६ देखि १८ वर्षसम्मका बालबालिका | | | वडा नं. १देखि ४ सम्मको |
|---|---|---|---|---|---|---|---|
| | जम्मा संख्या | जन्म दर्ता गराएको संख्या | जन्म दर्ता नगराएको संख्या | जम्मा संख्या | जन्म दर्ता गराएको संख्या | जन्म दर्ता नगराएको संख्या | |
| बालक | ३९५ | ३११ | ७६ | १३९८ | १३०१ | ५५ | |
| बालिका | ३२६ | २४१ | ७४ | १०६७ | १०५३ | ७९ | |
| जम्मा | ७२१ | ५५२ | १५० | २४६५ | २३५४ | १३४ | |
| लिंग | ५ वर्षमुनिका बालबालिका | ६ देखि १८ वर्षसम्मका बालबालिका | वडा नं. ५ देखि ८ सम्मको | | | | |
| | जम्मा संख्या | जन्म दर्ता गराएको संख्या | जन्म दर्ता नगराएको संख्या | जम्मा संख्या | जन्म दर्ता गराएको संख्या | जन्म दर्ता नगराएको संख्या | |
| बालक | ५३१ | ४६१ | ९६ | १५८१ | १५६६ | १३५ | |
| बालिका | ५०० | ४०४ | ८० | १३०६ | १३६४ | ११३ | |
| जम्मा | १०३१ | ८६५ | १७६ | २८८७ | २९३० | २४८ | |

## ३.६. बाल बिबाहको अवस्थाः

बिस वर्षको उमेर नपुगी विवाह गरेमा उनीहरूको शारीरिक अवस्था परिपक्क भएको हुदैनन्। २० पारी उमेर पुगेपछि मात्र विवाह गर्नुपर्छ भन्ने कानूनी मान्यतासँगै महिलाहरूको शारीरिक अवस्था परिपक्क नहुनुका अलवा बालबालिकाहरूको पढाई छुटने, आर्थिक क्षति, पारिवारिक कलह र सम्बन्धमा वेमेलको अवस्था सृजना भई सामाजिक सद्भावमा समेत विग्रन जान्छ। शारीरिक, सामाजिक, आर्थिक रूपमा हुन सक्ने क्षतिको दर घटाउन बालविवाहको दर कम गर्न सामाजिक अपराध रोक्न लागि पर्ने हुन्छ। मोदी गाउँपालिकामा एक वर्षभित्र विवाह गर्ने अभिभावकको सहमति वा मागी बालविवाह भएको देखिदैन भने यदाकदा बालबालिका लुकिछिपी कम उमेरको विवाह भएको घरधुरी सर्भेक्षण २०७९ ले देखाएको छ। तथ्याङ्कका आधारमा गाउँपालिकामा ०.१% लुकिछिपी बालविवाह रहेको छ।

## ३.७. परिवार संख्या र प्रतिपरिवार औषत बालबालिका संख्याः

मोदी गाउँपालिकाको घरधुरी सर्भेक्षण २०७९ को प्राथमिक तथ्याङ्क सङ्कलनका आधारमा वडामा १८ वर्षमुनिका ७१३६ जना बालबालिकाहरूको सङ्ख्याको आधारमा प्रति घरपरिवार औषतमा बालबालिकाहरू दुई जनासम्म रहेको देखिन्छ। वडागत घरधुरी र बालबालिकाहरूको विवरण निम्नानुसार तालिकामा समावेश गरिएको छः

| | घरधुरी संख्या | १८ वर्ष मुनिका बालबालिकाको संख्या |
|---|---|---|
| १ | ५७१ | ९३५ |
| २ | ७०९ | ११६६ |
| ३ | ५०० | ७८२ |
| ४ | ४७१ | ६८५ |
| ५ | १०८८ | ९३५ |
| ६ | ९५९ | ११६६ |
| ७ | ४०९ | ७८२ |
| ८ | ४०६ | ६८५ |
| जम्मा | ५११३ | ७१३६ |

# इकाइ–चार

## बाल तथा मातृ स्वास्थ्य

## ४.१ सुरक्षित मातृत्व कार्यक्रमः

बालबालिकाहरूको जीवन र स्वास्थ्य अवस्था कस्तो रहने भन्नेमा आमाको स्वास्थ्यसँग सम्बन्धित हुने गर्दछ। मोदी गाउँपालिकामा २० वर्ष मुनिका र माथिका दुवै समूहका गर्भवती आमाहरूले गर्भावस्थामा नियमित तोकिएको अवस्थामा नै आठ पटक जाँच गर्ने र स्वास्थ्य संस्थामा नै सुत्केरी गराउने गरेका छन् । गाउँपालिकाका वडाहरुमा स्थापना गरिएका स्वास्थ्य चौकीहरुमा बर्थिङ सेण्टरको व्यवस्थासहित तालिम प्राप्त स्वास्थ्यकर्मीको समेत प्रबन्ध गरिएको छ। महिला स्वास्थ्य स्वयंसेविका, विद्यालय, सामाजिक सङ्घसंस्थाका कार्यक्रमद्वारा गर्भावस्था विशेष अवस्था भएकाले त्यस अवस्थामा राम्रो खानपिन, आराम, नियमित स्वास्थ्य जाँच र स्वास्थ्य संस्थामा नै सुत्केरी गराउनु पर्छ भन्ने पटकौको सचेतीकरणले घरधुरीका अभिभावकहरूले सुरक्षित मातृत्वको महत्व बुझ्न थालेका छन् । गर्भावस्थाको गम्भिरतालाई मनन गरी आवश्यकता अनुसार पोखराका सुविधा सम्पन्न अस्पतालसम्म लगी प्रसुति गराउने प्रचलन रहेकोछ । यद्यपी गर्भवति महिलालाई प्रसुति गराउदा घरैमा स्वास्थ्यकर्मी बोलाएर र स्वास्थ्यकर्मी नबोलाईकन पनि प्रसुति गर्ने केही चलन गाउँपालिकाका वडामा रहेको घरधुरी सर्भेक्षण २०७९ देखाएको छ ।

बालबालिकाहरू आमाको गर्भदेखि नै सुरक्षित रूपमा जन्मन पाउने र जन्मेपश्चात् पनि उनीहरूको बचाउँ, संरक्षण, विकास अधिकार सुनिश्तिता गर्नु अभिभावकहरूको कर्तव्य हो । बालबालिका जन्मेपछि उसलाई स्वस्थ र दीर्घ जिवनको लागि एक हप्ताभित्र सुत्केरी आमा र नव शिशुको २४ घण्टाको जाँच स्वास्थ्य संस्थामा गरेर घरमा लाने र त्यसपछिको तीन दिन र एक हप्ताको स्वास्थ्य जाँच भने कम हुने गरेको

छ । आमा र नवशिशु बिरामी भएमा मात्र जाँच गराउने र नभए स्वास्थ्य जाँच गरिदैन जसबाट सुरक्षित मातृत्व र नवशिशुको बाँच्न पाउने अधिकार सुनिश्चित हुनेमा चुनौती रहेको छ । बालबालिकाहरूको वृद्धि विकासका लागि पोषिलो खानेकुरा खुवाउनेर गर्भवती महिलाहरूलाई पोषिलो खाना साथै आरामको पनि प्रबन्ध हुन जरुरी हुन्छ ।

## ४.२ बालबालिकाको खोपसम्बन्धी विवरणः

बालबालिकाहरूको दीर्घ जीवन यापन गर्न पाउने अधिकारको सुनिश्चितताको लागि राज्यबाट १५ महिनाभित्र पूर्ण खोपको निशुल्क व्यवस्था गरिएकोछ । खोप कार्यमा सबै बालबालिकाहरूको पहुँच सुनिश्चित गर्न गाउँपालिकाको स्वास्थ्य शाखा र व्यवस्थापन समिति, स्वास्थ्य कर्मी, महिलास्वास्थ्य स्वयंसेविकाहरू, परिचालन गरिएकोछ । खोप लिनबाट वञ्चित बालबालिकाहरू नभए पनि कहिलेकाहि खोपको समयमा अन्यत्र गएको अवस्था बाहेक खोप लाउन नछुटेको घरधुरी सर्भेक्षण २०७९ तथ्याङ्कले देखाएको छ । बालबालिकाहरूको खोपमा पहुँचको अवस्था तालिकाले प्रष्टयाउछ ।

| वडा नं.. | जम्मा संख्या (No. of children) | बि.सि.जी. (BCG) लगाएको संख्या | डि.पि.टि १ (DPT1) लगाएको संख्या | डि.पि.टि २ (DPT2) लगाएको संख्या | डि.पि.टि ३ (DPT3) लगाएको संख्या | दादुरा (Measles) बिरुद्धको खोप लगाएको संख्या | हेपटाईटिस बिरुद्धको खोप लगाएको संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | ५० | ४९ | ४९ | ४३ | ३९ | ३३ | २८ |
| २ | ४१ | ४२ | ४१ | ४२ | ४१ | ३५ | २५ |
| ३ | ६५ | ६० | ५८ | ५२ | ४७ | ४१ | २९ |
| ४ | ४९ | ४८ | ३९ | ३६ | ३४ | ३२ | १७ |
| ५ | १४२ | १८८ | १४१ | १२५ | १४७ | १११ | ८४ |
| ६ | १३२ | १२९ | १२३ | १३८ | १२७ | १२१ | १०७ |
| ७ | ४८ | ६० | ५९ | ५० | ४८ | ४५ | ४५ |
| ८ | ७२ | ६२ | ६२ | ५२ | ५४ | ६२ | ३८ |
| जम्मा | ५९९ | ६३८ | ५७२ | ५३८ | ५३७ | ४८० | ३७३ |






## ४.३.बाल पोषण स्थितिः

बालबालिका भविष्यमा दक्ष र सक्षम नागरिक बन्नका लागि प्रारम्भिक अवस्थामा उनीहरूले पाउने पोषणयुक्त खाना तथा स्याहारमा निर्भर रहन्छ। मोदी गाउँपालिकामा रहेका ४५४४ घरपरिवारले आफ्ना छोरीछोराका लागि सबैले पोषिलो खाने कुरा दिए दिने गरेका छन्। तथ्याङ्कका आधारमा पोषिलो खाना खान दिने घरपरिवार ४०३६ रहेको छ। विवरणलाई निम्नानुसार समावेश गरिएको छ। आफ्ना बालबालिकााई पोशिलो खाना दिन नसक्ने ५०८ घरपरिवार  मोदी गाउँपालिकामा रहेको घरधुरी सर्भेक्षण २०७९ को तथ्याङ्कले देखाएको छ।

| वडा नं. | पाउँछन् | पाउँदैनन् | जम्मा |
|---|---|---|---|
| १ | ३१७ | ४५ | ३६२ |
| २ | ५६३ | ६८ | ६३१ |
| ३ | ३५३ | ५९ | ४१२ |
| ४ | २४८ | २९ | २७७ |
| ५ | ९२१ | १६७ | १०८८ |
| ६ | ८९३ | ६६ | ९५९ |
| ७ | ३५६ | ५३ | ४०९ |
| ८ | ३८५ | २१ | ४०६ |
| जम्मा | ४०३६ | ५०८ | ४५४४ |

### ४.३.१. छ महिनासम्ममा बालबालिको स्तनपान सम्बन्धीः

मोदी गाउँपालिकामा रहेका बालबालिकाहरू बाँच्न पाउने अधिकार सुनिश्चित गर्नका लागि बालबालिकाहरूको शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक र सामाजिक पक्षको विकासका लागि स्तनपानको महत्वपूर्ण भूमिका हुन्छ। बालबालिका जन्मेको छ महिनासम्म आमाको दुधमात्र खान आवश्यक हुन्छ। मोदी गाउँपालिकामा बालबालिका जन्मेको छ महिनासम्म आमाको दुधमात्र खुवाउने वर्तमान अवस्थामा सुधार गर्न आवश्यक रहेकोछ। बालबालिका जन्मेको दुई महिनादेखि नै आमाको दुध साथै खानेकुरा खुवाउने गरिएकोछ। दुध खुवाए पनि तोकिएको मापदण्ड र प्रक्रियाअनुसार बालबालिकाहरूलाई स्तनपान गराउन सकेको अवस्था नभएको स्थिति छ।

### ४.३.२. नियमित रूपमा तौल लिइएका बालबालिका सम्बन्धीः

बालबालिकाहरूको उमेरअनुसार मानसिक, शारीरिक, बौद्धिक र संवेगात्मक पक्षको वृद्धि र विकास हुनु पर्दछ। बालबालिकाहरूको बृद्धि अनुगमन नियमित गरिएन भने उनीहरूको बृद्धि विकास भै रहेको छ कि छैन थाहा हुदैन्। मोदी गाउँपालिकामा पाँचवर्षका बालबालिकाहरूको तौलवृद्धि अनुगमन गर्ने कार्य नियमित र सबै बालबालिकाको गरिएको छैन। आफ्ना बालबालिकाहरुको नियमित तौलवृद्धि अनुगमन गरेको विद्यमान अवस्था छ। गाउँपालिकामा  भएका बालबालिकाको सङ्ख्या रहेको घरधुरी सर्भेक्षण २०७९ को तथ्याङ्कले देखाउँदछ।

| वडा नं. | छ | छैन | जम्मा |
|---|---|---|---|
| १ | ९२ | २९९ | ३९१ |
| २ | १३१ | ३०१ | ४३२ |
| ३ | १३१ | २०४ | ३३५ |
| ४ | ५२ | १८० | २३२ |
| ५ | २५६ | ८३२ | १०८८ |
| ६ | २०६ | ७५३ | ९५९ |
| ७ | २१६ | १९३ | ४०९ |
| ८ | २४६ | १६० | ४०६ |
| जम्मा | १३३० | २९२२ | ४२५२ |

### ४.४ बालबालिकामा देखापर्ने गरेका मुख्य रोगहरू र तिनको उपचार व्यवस्थाः

मोदी गाउँपालिकाको घरधुरी सर्भेक्षण २०७९ अनुसार बालबालिकाहरूमा लाग्ने सामान्य रोगहरूमा झाडा पखाला, घाउ खटिरा, लुतो, स्वासप्रश्वास (न्यूमोनिया), जूका, निसासिनु संक्रमण, भाइरल ज्वोरो, कुपोषण, सिताङ्ग, कम तौल अन्य रोगहरू (पानी र सरसफाइका कमीका कारण लाग्ने रोगहरू) रहेका छन् । गाउँपालिकामा रहेका बालबालिकाहरु मध्ये कसैलाई पनि दीर्घ रोग देखा नपरेको घरधुरी सर्भेक्षण २०७९ को तथ्याङ्कले देखाएको छ । वडामा सामाजिक र परम्परागत मान्यतालाई पूरै त्याग्न सकिएको अवस्था छैन । बालबालिकाहरू बिरामी भएमा डाक्टरका नै पुऱ्याउनु पर्दछ भन्नेमा सबै विश्वस्त हुन थालेको अवस्था छ ।

### ४.४.१. बाल स्वास्थ्यः

बालबालिकाहरूको मात्र होइन सबै मानवको स्वास्थ्य स्थिति कस्तो हुने भन्ने कुरा स्थानीयस्तरमा उपलब्ध हुने स्वास्थ्य सेवा दिने संस्था र सेवाले मात्र निर्धारण गर्न सक्दैन । गाउँपालिकामा बिरामी भएपछि सर्बप्रथम परम्परागतरूपमा प्रचलनमा ल्याएका धामी झार्की लाउने चलनको अंश केही वाँकी रहेकोछ । बिरामीहरूको उपचारका लागि बैद्य, धामी झार्कीको प्रयोग गर्ने गरेका छन् ।

| वडा नं. | लामा, धामी, झाँक्री | परंपरागत वैद्य | स्वास्थ्य चौकी | अस्पताल (निजी, सरकारी) | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | | ४८४ | १६ | ६७ | ५६९ |
| २ | | | २१२ | ४८५ | १ | ६९८ |
| ३ | १० | १ | ४५६ | २१ | १ | ४८९ |
| ४ | | | ४६७ | १ | १ | ४६९ |
| ५ | ३ | १ | ७८७ | २९४ | ३ | १०८८ |
| ६ | १ | | ७६६ | १९१ | १ | ९५९ |
| ७ | १ | | ४०६ | १ | १ | ४०९ |
| ८ | २ | | ३९९ | ५ | | ४०६ |
| जम्मा | १९ | २ | ३९७७ | १०१४ | ७५ | ५०८७ |

## ४.५. परिवार नियोजनको साधन प्रयोगकर्ताको अवस्थाः

गाउँपालिकामा महिला र पुरुषहरूले जन्मान्तर बढाउन परिवार नियोजनका अस्थायी र स्थायी साधनहरूको प्रयोगमा ल्याउने गरेका छन् । पुरुषहरूले कण्डम र स्थायी बन्धयाकरण गर्ने साथै महिलाहरूले पिल्स, डिपो, इमप्लाण्ट र आइयुसिडीजस्ता परिवार नियोजनमा साधनहरूको प्रयोग गरेका छन् ।

## ४.६. प्रसुतिपूर्व आठ पटक र प्रस्तुति पश्चात् आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य जाँच गराउने गर्भवती महिलाहरुको अवस्थाः

सुत्केरीपछि आमा र नव शिशुको हप्तामा तीनपटकको जाँच सम्बन्धमा स्वास्थ्य संस्थमा प्रसुति गर्नेहरूले पहिलो जाँच गरेको दोस्रो र तेस्रा जाँच बालबालिका बिरामी हुँदामात्र गर्ने गरेका छन् । गाउँपालिकामा सुरक्षित रूपमा दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामा नै सुत्केरी गराउनु पर्छ भन्ने सोचको विकास रहेको छ । बालबालिका गर्भदेखि नै सुरक्षित भै जन्मन पाउने अधिकारको सुनिश्चितताका लागि नियमित स्वास्थ्य जाँच साथै स्वास्थ्य संस्थामा गई दक्ष स्वास्थ्य कर्मीद्वारा सुत्केरी गराउन पर्छ ।

## ४.७. भिटामिन ए तथा जुकाको औषधि खाएका बालबालिकाहरुको अवस्थाः

गाउँपालिकामा ५ वर्षसम्मका बालबालिकाहरूले वर्षको २ पटक भिटामिन ए क्याप्सुल ५ वर्षसम्मका बालबालिकहरूले भिटामिन एक्याप्सुल खानु पर्दछ । सबै बालबालिकाहरुले पोलियो थोपा खाएको घरधुरी सर्भेक्षण २०७९ ले देखाएको छ । भिटामिन ए र जुकाको औषधि खाने बालबालिकाको सङ्ख्यामा केही सङ्ख्या कम भए पनि खाएको जुकाको औषधी, भिटामिन ए औषधि खानबाट कोही पनि नछुटेको स्वास्थ्य शाखाको तथ्याङ्क रहेकोछ ।

## ४.८. आयोडिन युक्त नुनको प्रयोग गर्ने घर परिवारसम्बन्धी विवरण

| वडा नं.. | छ | छैन | जम्मा |
|---|---|---|---|
| १ | ५५९ | ४ | ५६३ |
| २ | ६८८ | १० | ६९८ |
| ३ | ४८९ | | ४८९ |
| ४ | ४६८ | १ | ४६९ |
| ५ | १०६५ | २३ | १०८८ |
| ६ | ९५० | ९ | ९५९ |
| ७ | ४०१ | ८ | ४०९ |
| ८ | ४०१ | ५ | ४०६ |
| जम्मा | ५०२१ | ६० | ५०८१ |

## ४.९. सार्वजनिक तथा निजी शौंचालय र सरसफाईसम्बन्धी विवरणः

सरसफाईका लागि अर्को महत्वपूर्ण पक्ष शौचालयको निर्माण र प्रयोग हुनु हो । समुदाय, मानव वस्तीमा स्वास्थ्यसम्बन्धी अनेक प्रकारका जटिलता ल्याउने अव्यवस्थित शौचालय पनि हो । सरसफाईका लागि अभिन्न र नभई नहुने शौचालयको व्यवस्था र नियमित प्रयोग गर्न आवश्यक हुन्छ । मानवसभ्यता साथै व्यक्तिगत, घरायसीसँगै वातावरणीय सरासफाईका लागि शौचालय निर्माण र यसको नियमित प्रयोगमा ल्याउन अनिवार्य रहन्छ ।

| वडा नं. | कच्ची | पक्की | वायोग्यासमा जडान भएको | शौचालय नभएको | जम्मा |
|---|---|---|---|---|---|
| १ | ८६ | ४७४ | | ११ | ५७१ |
| २ | १३९ | ५६५ | | ६ | ७१० |
| ३ | ६४ | ४३० | १ | ५ | ५०० |
| ४ | ३१ | ४४० | | | ४७१ |
| ५ | २११ | ८७४ | | २ | १०८८ |
| ६ | ६८ | ८८६ | | | ९५९ |
| ७ | ८४ | ३२५ | | | ४०९ |
| ८ | ४५ | ३६० | १ | | ४०६ |
| जम्मा | ७२८ | ४३५४ | २ | २४ | ५११४ |

## ४.१०. सावुनको उपलब्धता र प्रयोगको अवस्थाः

खाना पकाउन अघि, खाना खानु अघि, बालबालिकाहरूको दिशा धोएपछि, दिशा गरे पछि र फोहोर वस्तु छोएपछि सावुन पानीले हात धुने कार्य नियमित गर्नाले पनि सरुवा रोगहरूबाट बच्न सकिन्छ । पच्चिस रूपयाँको सावुन प्रयोग नगर्नाले वर्षेनी दसौं हजार बालबालिकाहरूले अकालमा ज्यान गुमाउनु परेको अवस्था रहेकोछ । सावुन पानीको उपलब्धता र प्रयोगको सङ्ख्या विश्लेषण गर्दा आधाभन्दा बढी विद्यालयमा सावुन नै नभएको र घरमा सावुन भए पनि नियमित र अनिवार्य रूपमा सावुनको प्रयोग भएको अवस्था देखिदैन ।

## ४.११. खानेपानीको स्रोत तथा उपलब्धतासम्बन्धी विवरणः

गाउँपालिकामा खानेपानीको पहुँचसँगसम्बन्धी सर्भेक्षणअनुसार सबै घरधुरीमा खानेपानीको पहुँच रहेको देखिन्छ । पाइप वा धाराको  खानेपानी उपयोग गर्ने १००% घरधुरी रहेको छ ।

| वडा नं. | | पाइपको धाराको पानी प्रयोग गर्ने | यूबवेलको पानी प्रयोग गर्ने | इनार, कुवा, जरुवाको पानी प्रयोग गर्ने | नदी, कुलो, नहर, पोखरीको पानी प्रयोग गर्ने | आकाशे पानी संकलन गरी प्रयोग गर्ने | (खुलाउने) को पानी प्रयोग गर्ने | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | Count | ५६३ | ० | ७ | १ | ० | १ | ५७१ |
| | %within $water_ source | २५.३% | ०.०% | ६.५% | १००.०% | ०.०% | ३३.३% | |
| २ | Count | ६९४ | १ | १० | ० | ९ | १ | ७०७ |
| | % within $water_ source | ३१.२% | ३३.३% | ९.३% | ०.०% | ८१.८% | ३३.३% | |
| ३ | Count | ४९७ | २ | ० | ० | २ | १ | ५०० |
| | % within $water_ source | २२.३% | ६६.७% | ०.०% | ०.०% | १८.२% | ३३.३% | |
| ४ | Count | ४७१ | ० | ९० | ० | ० | ० | ४७१ |
| | % within $water_ source | २१.२% | ०.०% | ८४.१% | ०.०% | ०.०% | ०.०% | |
| ५ | Count | ११०४ | ० | १८ | ० | २ | ० | १११४ |
| | % of Total | ३९.२% | ०.०% | .६% | ०.०% | .१% | ०.०% | ३९.६% |
| ६ | Count | ९५३ | ० | ० | ० | ० | ० | ९५३ |
| | % of Total | ३३.९% | ०.०% | ०.०% | ०.०% | ०.०% | ०.०% | ३३.९% |
| ७ | Count | ३४१ | ० | १९ | २ | ० | ० | ३४१ |
| | % of Total | १२.१% | ०.०% | .७% | .१% | ०.०% | ०.०% | १२.१% |
| ८ | Count | ४०१ | ० | ४ | ० | १ | ० | ४०५ |
| | % of Total | १४.३% | ०.०% | .१% | ०.०% | .०% | ०.०% | १४.४% |
| जम्मा | | | | | | | | |

## ४.१२. बाल अधिकारसम्बन्धी जानकारीः

गाउँपालिकामा रहेका अभिभावकहरूले आफ्ना छोरीछोराहरूको बिचार र भावना बुझेर उनीहरूका आधार भूत अधिकार परिपूर्ति गर्न बाल अधिकार बारे जानकारी हुन आवश्यक हुन्छ। बाल अधिकारसम्बन्धी जानकारी भएका र नभएका घरधुरीहरूको विस्तृत विवरण तालिकामा समावेश गरिएको छ।

| वडा नं. | छ | छैन | केही कुरा सुनेको छु | जम्मा |
|---|---|---|---|---|
| १ | १७७ | १५५ | २३३ | ५६५ |
| २ | ३९७ | ७९ | २३१ | ७०७ |
| ३ | १३४ | ६७ | २९६ | ४९७ |
२८. तपाईको परिवारका बालबालिकाहरुले कस्ता प्रकारका बालश्रम गरिरहेका छन् ?
क) बालभरिया ( ) ख) घरेलु बालश्रम अर्काको घरमा काम गर्ने ( )
ग) होटल/पसलमा काम गर्ने ( ) घ) यातायात ( ) ङ) अन्य ( )
२९. बालबालिकाहरु घरबाहिर काम गरेको भए गरेको ठाउँमा के कस्तो समस्या भोग्ने गरेका छन् ?
क) गाली/गलौज ख) कुटपिट ग) खानामा भेदभाव घ) यौन शोषण ङ) मनोवैज्ञानिक तनाव
च) खेल्नमा भेदभाव वा खेल्न नदिने छ) अन्य....................
३०. तपाईंको परिवारमा बालबालिकाले कमजोरी गरेमा के गर्नु हुन्छ ?
क) गाली ख) कुटपीट ग) खानामा बन्देज घ) कोठामा थुन्ने ड) सम्झाउने च) हेप्ने, निन्दा गर्ने वा मनोवैज्ञानिक तनाव दिने छ) अन्य ..............
३१. तपाईंको घरमा छोरा र छोरीमा कुनै फरक व्यवहार गर्ने गर्नुभएको छ ? छ) छैन) यदि छ भने,
क) शिक्षामा ख) खानपिनमा ग) घरेलु काममा घ) पोशाकमा ङ) अन्य..............
३२. तपाईंको परिवारका बालबालिकाहरुले विद्यालयमा गल्ती गरेमा विद्यालयमा निम्न यातना पाउने गरेका छन् ? क) कान समातेर उठ्बस् ख) कुटपीट ग) कक्षा कोठाबाट निष्कासन घ) बेन्चमा उभ्याउने ङ ) शौचालयमा थुन्ने च ) गालि गर्ने छ) हेप्ने, निन्दा गर्ने वा मनोवैज्ञानिक तनाव दिने ज) अन्य...........
३३. तपाईंको परिवारको बालबालिकाहरुमा यौनशोषणको कुनै घटना घटेको छ ? क) छ ख) छैन
३४. एक वर्षभित्र तपाईंको परिवारमा महिला तथा बालबालिका उपर हिंसा तथा सामाजिक कुरिती सम्बन्धी निम्न कुनै घटना घटेका छन/छैनन् ? क) दाईजोसम्बन्धी ख) वहुविवाह ग) घरायसी हिंसा घ) बालविवाह ङ) बलात्कार च) महिला/बालबालिका बेचविखन छ) कुनै पनि घटना नघटेको
३५. तपाईंको परिवारका कुनै बालबालिका बालगृह वा कुनै संस्थामा बसेका छन ?
क) छन् ख) छैनन् यदि छन् भने उमेरः.... लिंगः..... बसेको संस्थाः ठाउँको नामः....... यहाँ वसेको कति वर्ष भयो ?.... यहाँ राख्नाको कारण के हो तपाई आफ्नो वच्चालाई वर्षको कति पटक भेट्न पाउनुहुन्छ?.. बाल गृहः.. होस्टलः.. बोर्डिङ्ग स्कूलः...
३६. तपाईंको परिवारका कुनै बालबालिका सडक बालबालिकाको रुपमा रहेका छन् ? क) छन् ख) छैनन्
यदि छन् भने उमेरः लिंगः बसेको ठाउको नामः घर छोडेर गएको कति वर्ष भयोः
घर छोड्नाको कारण के हो ?
तपाई आफ्नो वच्चालाई वर्षको कति पटक भेट्न पाउनुहुन्छ ?
३७. तपाईंलाई बाल अधिकारको बारेमा जानकारी छ ? क) छ ख) छैन ग) केही कुरा सुनेको छु
३८. तपाईंको परिवारका कुनै बालबालिकामा लागू पदार्थ दुर्व्यसनको लत रहे नरहेको स्थिति के छ ?
» धुम्रपान गर्ने संख्याः नसालु पदार्थसेवन गर्ने संख्याः कुनै पनि लत नरहेको संख्याः बालकः बालिकाः जम्मा संख्याः
३९. तपाईंले बालबालिकालाई वर्षमा कति जोर लुगा दिनुहुन्छ ?
(सरदर) क) १ जोर ख) २ जोर ग) ३ जोर घ) ४ जोर वा सोभन्दा बढी
४०. बालबालिका बस्ने, पढ्ने कोठा अलग्गै छ ? क) छ ख) छैन

४१. मानिस बस्ने घर (मूल घर) र गाईवस्तुहरु बाँध्ने गोठ अलग्गै छ ?     क) छ     ख) छैन
ग) गोठ अलग्गै भए पनि गोठमाथि पनि सुत्ने गरेको छ

४२. तपाईको परिवारमा बाल विकास केन्द्र वा पूर्व प्रा.वि. तहमा जाने ३ देखि ४ वर्षसम्मका बालबालिका संख्या कति छ     बालकः     बालिकाः     जम्माः

४३. परिवारको शैक्षिक स्थितिः

| उमेर समूहः | लेखपढ गर्न नसक्ने/निरक्षरलेखपढ गर्न सक्ने/साक्षर | | एस. एल. सी. वा सो सरह पास गरेका | | प्रविणता प्रमाण पत्र, इन्टरमिडियट १०+२ वा सो सरह उत्तीर्ण गरेको | | स्नातक (बि. ए. वा सो सरह) तह पास गरेका | | डिग्री वा सो सरह पास गरेका | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| ६ - १८ वर्ष | | | | | | | | | | | | |
| १९-४५ वर्ष | | | | | | | | | | | | |
| ४६-६० वर्ष | | | | | | | | | | | | |
| ६० वर्षभन्दा माथि | | | | | | | | | | | | |

**४४. विद्यालयस्तरमा अध्ययन गरिरहेका बालबालिकाको विवरण**

| **अध्ययनरत तह** | **प्रारम्भिक बालविकास केन्द्रमा जाने बालबालिकाको संख्या** | | **वडा अन्तर्गतका विद्यालयमा अध्ययनरत संख्या** | | **गाउँपालिका वाहिरका विद्यालयमा अध्ययनरत संख्या** | | | |
|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका |
| प्रा.वि. तह | | | | | | | | |
| नि.मा.वि. तह | | | | | | | | |
| मा.वि. तह | | | | | | | | |
| उच्च मा.वि. तह | | | | | | | | |

**४५. घरबाट विद्यालय जान लाग्ने समय** (उपयुक्त महलमा ☐ चिन्ह लगाउनु होला)

| विद्यालय | १५ मिनेट भन्दा कमः | १५–३० मि.सम्मः | ३० मि.– १ घण्टाः | १ घण्टाभन्दा बढी |
|---|---|---|---|---|
| प्रा.वि. | | | | |
| नि.मा.वि. | | | | |
| मा.वि. | | | | |
| उच्च मा.वि. | | | | |

**४६. तपाईको बालवालिका पढ्ने विद्यालयमा बालमैत्री शौचालय छ ?**

क) भएको सख्या वा छ (  )   ख) नभएको सख्या वा छैन (  )

४७. तपाईंको परिवारका बालबालिका पढ्ने विद्यालयमा अपाङ्गता भएका विद्यार्थीका लागि विशेष शिक्षाको सुविधा छ ?   क) छ   ख) छैन   ग) थाहा छैन

४८. विद्यालय भर्ना नभएका बालबालिकाको संख्या

| विवरण | बालक | बालिका | जम्मा |
|---|---|---|---|
| प्राथमिक उमेर समूह (५-९ वर्ष) | | | |
| नि.मा.वि. उमेर समूह (१०-१४ वर्ष) | | | |
| माध्यमिक उमेर समूह (१५ वर्ष) | | | |

४९. बीचैमा विद्यालय जान छोडेका ६ - १५ वर्ष उमेर समूहका बालकः.....बालिकाः... जम्मा संख्याः   विद्यालय जान छोड्नुको कारण

५०. अनौपचारिक शिक्षामा बाल (विद्यालय शिक्षाबाट वंचित (१० देखि १४ वर्ष सम्मका) सहभागिता अनौपचारिक शिक्षा लिइरहेका संख्याः  बालकः...  बालिकाः...  जम्माः.....

५१. परिवारमा बालबालिकासँग सम्बन्धित कुनै विषयमा निर्णय गर्दा उनीहरुलाई पनि सहभागी गराउने गर्नु भएको छ ?   क) गराउने गरेको छ   ख) गराउने गरेको छैन

५२. तपाईंको परिवारका बालबालिकाहरु बाल क्लव/संगठन आदिमा आबद्धता रहेका छन् ? (सकेसम्म सम्बन्धित बालबालिकाहरुसँग पनि सोध्ने)   लिङ्ग बालकः बालिकाः

स्कुलमा आधारित समुदायमा आधारित श्रमिक बाल क्लव आवद्ध नभएकोः   बालकः   बालिकाः

५३. तपाईका घरका १८ वर्षभन्दा कम उमेरका कतिजना बालबालिका देहायको निकायमा प्रतिनिधि वा सदस्य रहेका छन् ? लिङ्ग( बालक बालिक) खुलाउने

गाउँपालिकामा योजना तर्जुमा वा कार्यान्वयन समितिः   स्वास्थ्य संस्थाः   विद्यालय व्यवस्थापन समितिः   बाल संरक्षण समितिः   बाल समूह वा बाल क्लवः   बालमैत्री स्थानीय शासन समिति वा

**बाल संजालः**

५४. तपाईको परिवारका कुनै सदस्य स्थानीय कुनै संघसंस्था वा समूहमा आवद्ध हुनुहुन्छ ?

क) सामुदायिक संस्था ख) कृषक समूह ग) सामुदायिक वन उपभोक्ता समूह घ) सहकारी संस्था ङ) टोल सुधार समिति च) परम्परागत समूह छ) अन्य (एकीकृत योजना तर्जुमा समिति...) ज) कुनैमा पनि नरहेको

(५४.१) तपाई कहिल्यै प्यारालिगल कमिटिमा जानु भएको छ ? यदि छ भने किन?

(क) कमिटिले संचालन गर्ने जनचेतनामुलक कार्यक्रममा भाग लिन

(ख) बाल विवाह, बालवालिकामाथि भएका दुर्व्यवहार, बाल हिंसा, बालश्रम जस्ता विषयमा उजुर गर्न

(ग) महिलामाथि हुने हिंसा र दुर्व्यवहार सम्वन्धी विषयमा उजुर गर्न यदि तपाईले कुनै उजुर गर्नु भएको भए प्यारालिगल कमिटिको काम कारवाहिप्रति तपाई सन्तुष्ट हुनहुन्छ? (१) छु (२) छैन

५५. परिवारका सदस्यहरुको जनचेतनामूलक तालीम

(स्वास्थ्यः, सुरक्षित मातृत्वः, परिवार नियोजनः, सशक्तीकरणः, लैंगिक समविकासः, बाल विकासः, संस्थागत नेतृत्वः, खानेपानी तथा सरसफाईः, उपभोक्ता समितिः, बाल अधिकारः, बाल संरक्षणः, आदि) प्राप्त गरेको विवरण तालिमको नाम ः

» ३ दिनसम्मको तालिम प्राप्त संख्याः महिलाः पुरुषः जम्माः

» ३ देखि ७ दिनसम्मको तालिम प्राप्त संख्याः महिलाः पुरुषः जम्माः

» १ देखि ४ हप्तासम्मको तालिम प्राप्त संख्याः महिलाः पुरुषः जम्माः

» ४ हप्ताभन्दा बढी अवधिको तालिम प्राप्त संख्याः महिलाः पुरुषः जम्माः

५६. परिवारका सदस्यहरुको व्यवसायिक (जे.टि.ए. कृषि वा पशु, विद्युत जडान, कम्प्युटर, मेकानिक्स, सिलाई बुनाई, आदि) तालिम प्राप्त गरेको विवरणः

» १ महिनाभन्दा कम अवधिको तालिम प्राप्त वा प्रारम्भिक तहको प्राविधिकः महिलाः पुरुषः जम्माः

» १ देखि ६ महिनासम्म अवधिको तालिम प्राप्त वा पहिलो तहको प्राविधिकः महिलाः पुरुषः जम्माः

» ६ देखि १२ महिनासम्मको तालिम प्राप्त वा दोस्रो तहको प्राविधिकः महिलाः पुरुषः जम्माः

» १२ महिनाभन्दा वढी अवधिको तालिम प्राप्त वा तेस्रो तह भन्दा माथिको प्राविधिकः महिलाः पुरुषः जम्माः

५७. परिवारको मुख्य पेशा ः (एकमा मात्र चिन्ह लगाउने)

क) कृषि/पशुपालन/फलफूल खेती ख) व्यापार व्यवसाय ग) सेवा/नोकरी

घ) ज्याला/मजदुरी ङ) विप्रेषण (विदेशबाट पठाएको रकम) च) अन्य

५८. आजभन्दा  पाँच वर्ष पहिले तपाईंको परिवारको बसोवास कहाँ थियो ?

क) अन्यत्र स्थानमा     ख) यसै स्थानमा

अन्यत्र स्थानबाट आएको भए यहाँ किन आउनु भएको ?

क) सहरी सुविधाको लागि     ख) द्वन्दका कारण   ग) खेतीपाती गर्न   घ) व्यापार व्यवसाय गर्न

ङ) बैवाहिक सम्बन्ध भएर   च) रोजगारीका लागि   छ) प्राकृतिक विपत्तिबाट   ज) अन्य ..............

५९. घरको अवस्था : (एकभन्दा बढी घर भएमा मूल घरको विवरणका आधारमा चिन्ह लगाउने)

क) खर वा फुसको छानो भएको    ख) टायल, झिँगटी वा स्लेटको छानो भएको

ग) जस्ता पाताको छानो भएको     घ) घर ढलान भएको

६०. तपाईको घरमा वत्तीको मुख्य स्रोत के हो ?

क) मट्टीतेल ( ) ख) जेनेरेटर  ( )  ग) गोवरग्याँस  ( ) घ) सोलार ( )

ङ) पानी घट्ट तथा लघु जलविद्युत ( ) च) राष्ट्रिय प्रसारणको विजुली  (   ) छ) अन्य................

६१. तपाईंको घरमा खाना पकाउन प्रयोग हुने प्रमुख इन्धन कुन हो ?

क) दाउरा   ख) गुइठा   ग) गोवरग्याँस     घ) मट्टीतेल ङ) एल.पि. ग्याँस   च) विद्युत  छ) अन्य ..

६२. तपाईंको घरमा कस्तो प्रकारको चुल्हो प्रयोग गर्नुहुन्छ ?

क) अँगेनो वा माटोको चुल्हो    ख) धुँवारहित चुल्हो   ग) भुसे चुल्हो    घ) मट्टितेल स्टोभ   ङ) ग्याँस चुल्हो     च) विद्युत चुल्हो (हिटर)     छ) अन्य .............................

६३. तपाईंको घरमा संचारका साधनहरु के के रहेका छन् ? (वहु उत्तर) क) रेडियो     ख) टि.भि. ग) टेलिफोन    घ) मोबाइल ङ) इमेल/इन्टरनेट     च) नियमित आउने पत्रपत्रिका छ) अन्य ..........

६४. तपाईंको परिवारका सदस्यहरु कुन कुन पेशा (रोजगारी) मा संलग्न हुनुहुन्छ ?

| **उमेर समूह** | **कृषि (खेती तथा पशुपालन)** | **व्यापार जागिर (सेवा)** | **ज्याला मजदुरी** | **उद्यम, व्यवसाय** | **महिला** | **पुरुष** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| १६-१८ | | | | | | | |
| १९-२४ | | | | | | | |
| २५-४० | | | | | | | |
| ४१-६० | | | | | | | |
| ६० भन्दामाथि | | | | | | | |
| जम्मा | | | | | | | |

**६५. तपाईको परिवारका कुनै सदस्य रोजगारीका लागि घरबाट विदेश गएका छन् भने तलको विवरण दिनुहोस् :**

| गएको मुलुकको नाम | विदेश गएकाको संख्या | गएको अवधि (वर्षमा) | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

भारत अन्य (खुलाउने) ५ भन्दा कम ५ भन्दा बढी

६६. तपाईको परिवारमा १८ वर्षभन्दा कम उमेरका शारीरिक तथा मानसिक हिसाबले अपांगता भएका सदस्यहरु भएमा तलको विवरण दिनुहोस् ।

| भिन्न क्षमताको विवरण | बालिका | बालक | जम्मा |
|---|---|---|---|
| शारीरिक अपाङ्गता | | | |
| दृष्टिविहिन र न्यून दृष्टिविहिन स्वर बोलाई सम्बन्धी अपांगता | | | |
| सुस्त श्रवण तथा बहिरा | | | |
| मानसिक/बौद्धिकअपाङ्गता | | | |
| श्रवण र दृष्टिविहिन (दुवै) | | | |
| बहु अपांगता | | | |
| जम्मा | | | |

**६७. तपाईंको परिवारको वार्षिक आम्दानी र खर्चको विवरण दिनुहोस्।**

| क्र.सं. | आम्दानीको स्रोत | रकम रु. | खर्च विवरण | रकम रु. |
|---|---|---|---|---|
| | | | | |
| | कृषि तथा पशुपालन | | खाना खर्च | |
| | व्यापार तथा उद्योग | | लत्ता कपडा | |
| | नोकरी तथा पेन्सन | | शिक्षा | |
| | वैदेशिक रोजगार | | स्वास्थ्य उपचार खर्च | |
| | ज्याला मजदुरी | | चाडपर्व, विवाह खर्च तथा मनोरञ्जन | |
| | घरभाडा | | महसूल भुक्तानी खर्च (विद्युत, सञ्चार, खानेपानी,आदि | |
| | अन्य | | अन्य | |
| | जम्मा | | जम्मा | |

**६८. तपाईंको परिवारलाई आफ्नो उत्पादन/आम्दानीले वर्षमा कति महिना खान पुग्छ ?**

क) ३ महिनाभन्दा कम खान पुग्ने

ख) ३ - ६ महिना खान पुग्ने

ग) ६ - ९ महिना खान पुग्ने

घ) ९ - १२ महिना खान पुग्ने

ङ) बचत हुने

**६९. तपाईंको परिवारमा कसैले ऋण लिएको छ ?  १) छ  २) छैन**

यदि छ भने ऋण कहाँबाट लिनुभयो ?  क) बैंक वा वित्तीय संस्था  ख) सहकारी संस्था

ग) समूह वा सामुदायिक संस्था  घ) साहु महाजन  ङ) अन्य ........................

**७०. ऋण लिएको भए कुन उद्देश्यका लागि लिनु भएको हो ?**

क) घरायसी कार्य वा घर खर्च  ख) कृषि तथा पशुपालन व्यवसाय गर्न  ग) उद्योग व्यापार

घ) बैदेशिक रोजगारी ङ) सामाजिक तथा धार्मिक कार्य गर्न  च) शिक्षा  छ) औषधि उपचार

ज) विवाह, व्रतवन्ध वा यस्तै व्यावहारिक खर्च  झ) गोवर ग्याँस, सोलार, विजुली आदि राख्न

ञ) अन्य ..................................

**७१. तपाईंको परिवारमा निम्न कार्यहरु प्रायः कसले गर्दछ ?**

| कार्य | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| घर व्यवहारसम्बन्धी विषयमा निर्णय | | | |
| घरायसी काममा संलग्न | | | |
| बैंकमा खाता संचालन | | | |
| उपभोक्ता समितिमा सहभागिता | | | |
| विद्यालय व्यवस्थापन समितिको पदाधिकारीका रुपमा सहभागिता | | | |
| उद्योग व्यापारमा सहभागिता | | | |
| अन्य | | | |

**७२. तपाईंको वार्षिक रुपमा अन्नवाली, तरकारी वाली, फलफूल आदि उत्पादनको अवस्था के कस्तो छ ?**

| वाली/उत्पादन समूह | आर्थिक वर्ष (२०७....) | क्षेत्रफल (हेक्टर) | उत्पादन (क्विन्टल) वा रु. | |
|---|---|---|---|---|
| | | | | |
| अन्न वाली (धान, गहुँ, मकै, कोदो, ...) | | | | |
| दलहन वाली (मास, मसुरो ....) | | | | |
| तेलहन वाली (तोरी, सूर्यमुखी ....) | | | | |

| | | | | |
|---|---|---|---|---|
| तरकारी (आलु, प्याज,काउली, ......) | | | | |
| नगदे वाली(उखु, अलैची, ...) | | | | |
| फलफूल खेती (केरा,आँप,सुन्तला ...) | | | | |
| घासे वाली | | | | |
| डाले घाँस | | | | |
| भुईँ घास | | | | |
| रेशम खेती | | | | |
| जडिवुटी खेती | | | | |
| अन्य | | | | |
| | जम्मा | | | |

**७३. परिवारको पशु धन तथा सोबाट हुने उत्पादन :**

| क्र.सं. | किसिम | इकाई | परिमाण | उत्पादन |
|---|---|---|---|---|
| | | | | |
| १. | पशुधन स्थानीय उन्नत जम्मा दूध | लि. | | |
| | मासु केजी | | | |
| | उन केजी | | | |
| | गाई गोरु | | | |
| | भैंसी राँगा | | | |
| | खच्चर | | | |
| | वाखा | | | |
| | भेडा च्यांग्रा | | | |
| | सुँगुर वंगुर | | | |
| | अन्य............ | | | |
| | जम्मा | | | |
| २. | पंक्षी स्थानीय उन्नत | | | |
| | अण्डा | | | |
| | मासु | केजी | | |
| | कुखुरा | | | |
| | हाँस | | | |
| | अन्य ............... | | | |
| | माछा | | | |
| | मौरी घार | | | |
| | मह | केजी | | |

७४ विगत ३ वर्ष भित्रमा तपाईंको परिवारमा कति मानिसहरु प्रकोपवाट प्रभावित भएका छन् ?

| **क्र सं (कोड)** | **क) प्रभावित** | **संख्या** | **वस्ती** | **गत ३ ....वर्षभित्र प्रकोपबाट पिडित परिवार संख्या** |
|---|---|---|---|---|
| | बाढी | | | |
| | पहिरो | | | |
| | असिना | | | |
| | हुरीबतास | | | |
| | आगलागी | | | |
| | भूकम्प | | | |
| | खडेरी | | | |
| | अतिबृष्टी | | | |
| | महामारी | | | |
| | किरा आदी | | | |
| | अन्य प्रकोप | | | |
| | जम्मा | | | |
| | ख)नोक्सानी(अन्दाजी रु) | | | |
| | बाढी | | | |
| | पहिरो | | | |
| | असिना | | | |
| | हुरीबतास | | | |
| | आगलागी | | | |
| | भूकम्प | | | |
| | खडेरी | | | |
| | अतिबृष्टी | | | |
| | महामारी | | | |
| | किरा आदी | | | |
| | अन्य प्रकोप | | | |
| | जम्मा | | | |

यति धेरै सूचना दिनु भएकोमा धन्यवाद ।

सूचनादाताको नाम

प्रमाणित गर्नेको नाम

सही

सूचना संकलकको नाम

सही

सूचना लिएको मितिः

**अनुसूची-२**

**बालमैत्री स्थानीय शासनका तहगत खुड्किला सम्बन्धी विवरण :**

| क्रियाकलाप | प्रमाणका आधारहरु |
|---|---|
| बालमैत्री स्थानीय शासनको अवधारणाको अभिमुखीकरण, विकास तथा विस्तार | उपस्थिति रजिष्ट्रर/विवरण, कार्यक्रम भएको मिति, स्थान, उपस्थित साझेदार संस्थाहरुको नामावली, संख्या |
| बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि गाउंपालिका तथा वडास्तरमा समितिको गठन | समिति गठन गरिएको निर्णय, समितिको वैठकको निर्णय पुस्तिका |
| बालमैत्री नीति, रणनीति तयारीको लागि कार्ययोजना तर्जुमा | कार्ययोजना गाउंपालिकाबाट स्वीकृत भएको मिति |
| गाउंपालिकामा बालमैत्री स्थानीय शासन सम्पर्क इकाई वा शाखाको संस्थागत प्रवन्ध | गाउं कार्यपालिकाबाट भएको निर्णय |
| निश्चित सूचक/मापदण्डका आधारमा गाउंपालिका-वडा छनौट, निर्णय | गाउंपालिकाको निर्णय |
| बालबालिकाको वस्तुगत विवरण तयारी | छापिएको प्रोफाइल |
| बालकोषको स्थापना | परिषद्को निर्णय र कोषको अवस्था |
| बालक्लब तथा सामुदायिक संस्थाहरुको गठन, विकास र परिचालन | गा.पा.तथा वडाको अभिलेख र प्रगति विवरण |
| सरोकारवालाहरुको पहिचान, समन्वय र संजाल निर्माण | सरोकारवालाहरुको नामावली तथा कार्यक्षेत्र र सहकार्य देखिने गरी तयार गरिएको प्रतिवेदन |
| सरोकारवालाहरुबाट बालमैत्री स्थानीय शासन संचालनकोप्रतिवद्धता घोषणा | प्रतिवद्धता व्यक्त गरिएको प्रमाण |
| आवधिक र वार्षिक योजना तर्जुमा, लगानीको सुनिश्चितता र योजना कार्यान्वयन | योजना दस्तावेज |
| बालबालिकाको स्थितिपत्र तर्जुमा र सार्वजनिकीकरण | प्रकाशित पुस्तिका |
| अनुगमन, समीक्षा र मूल्याङ्कन | गाउंपालिकामा रहेको अनुगमन, समीक्षा र मूल्यांकन प्रतिवेदनहरु |
| स्थानीय तहको परिषद्बाट आफ्नो कुल पूँजीगत बजेटको कम्तिमा १५ प्रतिशत रकम बालबालिकाको क्षेत्रमा खर्च गर्ने प्रतिवद्धता सहितको परिषद्को निर्णय | परिषद्को निर्णय प्रतिलिपि |

| | |
|---|---|
| बालमैत्री स्थानीय शासनको न्यूनतम सेवा सूचकको निर्धारण | गा.पा.तथा वडाको निर्णय प्रतिलिपि |
| बालमैत्री गाउँ पालिका तथा वडाको घोषणा र यसको निरन्तरता | परिषद्को निर्णयको प्रतिलिपी |
| बालबालिकाको लागि स्थानीय विकास योजना तयार गरिएको | » बालबालिकाको बस्तुगत विवरण (प्रोफाईल) तयारी<br>» प्रत्येक २ वर्षमा अद्यवधिक गरिएको<br>» गा.पा.को आवधिक योजना (कम्तिमा ५ वर्षको) गापाको वार्षिक योजना<br>» बालबालिकाको लागि स्थानीय योजना (वार्षिक कार्य योजना) |
| बालबालिकाका लागि लगानी योजना तयार गरिएको | » आवधिक लगानी योजना (३ देखि ५ वर्षको) ।<br>» वार्षिक लगानी योजना (१ वर्षको) । |
| बालमैत्री नीति तथा कार्यविधिहरु तयार गरिएको | » बालमैत्री आचारसंहिता (अनिवार्य छ)<br>» बालमैत्री स्थानीय शासन सम्बन्धी नीति, कार्यविधि, निर्देशिका, विनियम<br>» विद्यमान विनियम, निर्देशिका, कार्यविधि आदिमा परिमार्जन गरी बालमैत्री बनाएको । |
| बालबालिकाको स्थितिपत्र तयार गरिएको | » बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिमा व्यवस्था भए वमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्धारण गरेको ढाँचामा छ ।<br>» वार्षिक रुपमा प्रकाशन गरिएको |
| न्यूनतम्सूचक निर्धारण | » बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि निर्देशिकामा समावेश गरिएका ३६ वटा सेवा सूचक र १५ वटा संस्थागत सूचकहरुलाई न्यूनतम सूचकको रुपमा लिइएको<br>» बालमैत्री स्थानीय शासनका न्यूनतम सूचकहरुको स्थानीयकरण (सरलीकरण) गरिएको<br>» स्थानीय अवस्था र आवश्यकता अनुसार थप सूचकहरु निर्धारण गरिएको |
| सूचक प्राप्ति | » योजनामा लक्षित सूचकहरु मध्ये सबै भनिएकोमा शत् प्रतिशत र अन्यमा सूचकमा अलग अलग न्यूनतम् ८० प्रतिशत नतिजा प्राप्त गरेको<br>» सूचक प्राप्त भए नभएको सम्बन्धमा गा.पा.ले अनुगमन गरेको (आफैं अनुगमन गरेको वा वाह्य निकायबाट अनुगमन गरिएको) |

**परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(क) "संविधान" भन्नाले नेपालको संविधान, २०७२ लाई सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ग) "कार्यविधि" भन्नाले मोदी गाउँपालिकाद्वारा जारी गरिएको बालमैत्री स्थानीय शासन तथा बालअधिकार संरक्षण कार्यविधि, २०७४ सम्झनु पर्छ ।

(घ) "बालबालिका" भन्नाले १८ वर्ष उमेर ननाघेका व्यक्तीलाई सम्झनुपर्दछ ।

(च) "सर्म्पक व्यक्ति (Focal Person)" भन्नाले गाउँपालिकाले बालबालिकाको क्षेत्रमा काम गर्न तोकेको व्यक्तिलाई सम्झनु पर्दछ ।

(छ) "स्थानीय बालअधिकार संरक्षण समिति" भन्नाले बालबालिकाको आधारभूत अधिकारहरूको संरक्षण तथा सम्बर्द्धन गर्नका लागि गठन गरिएका गाउँपालिका स्तरीय समितिहरूलाई सम्झनु पर्दछ ।

(ज) "वडा बालअधिकार समिति" भन्नाले बालबालिकाको अधिकारहरूको संरक्षण तथा सम्बर्द्धन गर्नका लागि गठन गरिएका वडास्तरीय समितिलाई सम्झनु पर्दछ ।

झ) "बालमैत्री स्थानीय शासन भन्नाले" बालअधिकारका चार आयामहरूलाई स्थानीय तहका नीति, संरचना, पद्धति र कार्यप्रकृयामा मूल प्रवाहीकरण गर्ने भन्ने बुझ्नुपर्दछ ।

(ञ) "बालमैत्री स्थानीय शासन" भन्नाले बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिता जस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, योजना, संरचना, प्रणाली र कार्य प्रक्रियामा संस्थागत गर्ने शासकीय पद्धतिलाई सम्झनुपर्दछ ।

(ट) "बालमैत्री स्थानीय शासन समिति" भन्नाले यस बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि (२०७४) बमोजिम गठन भएका समितिलाई सम्झनु पर्छ ।

(ठ) "बालक्लब" भन्नाले विद्यालय तथा समुदायस्तरमा बालबालिकाको सहभागितामा गठन भइ मोदी गाउँपालिकाको कार्यालयमा अभिलेखीकरण भएर सक्रिय रुपमा सञ्चालनमा रहेका बालक्लबहरूलाई सम्झनु पर्दछ (ड) "संरक्षक तथा संरक्षक शिक्षक" भन्नाले बालक्लबलाई नियमितरुपमा सञ्चालन तथा व्यवस्थापन गर्न समुदायको हकमा संरक्षक र विद्यालयको हकमा संरक्षक शिक्षक भन्ने बुझ्नु पर्दछ ।

(ढ) "बालक्लब सञ्जाल" सवै वडाको प्रतिनिधित्व हुने गरि गाउँपालिका स्तरमा गठन भएको बालक्लवहरुको सञ्जाल र वडास्तरको सञ्जाललाई सम्झनु पर्दछ ।

(ण) "गैरसरकारी संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका र स्थानीय तहसँग समन्वय गरी कार्यसञ्चालन गर्ने गैरनाफामूलक सामाजिक संस्था सम्झनुपर्छ ।

(त) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका तथा जिल्ला सभालाई सम्झनु पर्दछ ।

(थ) "बाल कोष" भन्नाले बालअधिकारको संरक्षण र सम्वर्द्धन गर्नका लागि गाउँपालिकाको कार्यालयमा स्थापना गरिएको बाल कोषलाई सम्झनु पर्दछ ।

(द) "बालभेला" गाउँपालिका वा वडाको योजना तर्जुमा प्रक्रियाका विभिन्न चरणहरुमा बालक्लबका प्रतिनिधिहरूको भेलालाई सम्झनु पर्दछ ।

(ध) “गाउँपालिका” भन्नाले मोदी गाउँपालिका सम्झनु पर्छ ।

(न) “प्रमुख” भन्नाले मोदी गाउँपालिकाको प्रमुख सम्झनु पर्छ ।

(प) “उपप्रमुख” भन्नाले मोदी गाउँपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(फ) “वडा” भन्नाले मोदी गाउँपालिकाका सवै वडा सम्झनु पर्छ ।

(ब) “वडाध्यक्ष” भन्नाले मोदी गाउँपालिकाको वडा अध्यक्षलाई सम्झनु पर्छ ।

(भ) “सभा” भन्नाले मोदी गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ ।

(म) “कार्यपालिका” भन्नाले मोदी गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

**बालमैत्री स्थानीय शासन कार्यान्वयनको प्रक्रिया**

(**क**) **पूर्वतयारी चरण** :

(१) कार्यपीलकाबाट आफ्ना पालिकालाई बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने निर्णय ।

(२) बालमैत्री स्थानीय शासनको अवधारणा सम्वन्धी स्थानीय तहका पदाधिकारी र अन्य सरोकारवालालाई अभिमुखीकरण गर्ने ।

(३) कार्यपालिका र बालमैत्री स्थानीय शासन समितिबाट लिखत प्रतिवद्धता गर्ने ।

(४) बालमैत्री स्थानीय शासनको अवधारणा र वर्तमान अवस्था सम्बन्धी कार्यान्वयन निर्देशिकाको सूचकमा आधीरत भई पालिकामा बालबीलकाको अवस्था सम्बन्धी वस्तगतु विवरण (प्राफाईल) तयार गरी प्रकाशन गर्ने ।

(५) बालमैत्री स्थानीय शासनका सूचकको स्थानीयकरण गर्ने ।

(६) बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने आवश्यक स्थानीय नीति/रणनीति/कायविधि र निर्देशिका र आचारसंहिता तर्जुमा गर्ने ।

(**ख**) **तयारी चरण** :

(१) पालिका र वडामा बालमैत्री स्थानीय शासनका लागि संस्थागत प्रवन्ध (सम्पर्क शाखा, सम्पर्क व्यक्ती तोकी जिम्मेवारी दिने) गर्ने ।

(२) बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने वडाहरु छनौट गर्ने ।

(३) बालबीलकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायबाट बालमैत्री स्थानीय शासन कार्यान्वयनको लागि स्रोत सहितको प्रतिवद्धता प्राप्त गर्ने

(४) बालमैत्री स्थानीय शासन कार्यान्वयनको लागि लगानी योजना तयार गर्ने ।

(५) बालकोष सञ्चालन कार्यविधि स्वीकृती, बालकोष स्थापना र सञ्चालन गर्ने ।

(६) बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने वडामा आवश्यकता अनुसार बाल क्लब, बाल सञ्जाल, टोल विकास संस्था/समुदायमा आधीरत संस्थाहरुको गठन र परिचालन गर्ने ।

(**ग**) **नीति तथा योजना तर्जुमा तथा कार्यान्वयनको चरण** :

(१) लगानी योजनामा आधीरत भई बालमैत्री स्थानीय शासनका सूचकहरु प्राप्त गर्न क्षेत्रगत क्रियाकलापहरुको तयारी गर्ने ।

(२) छनोट भएका क्षेत्रगत क्रियाकलापहरुको लीग आवश्यक बजेट विनियोजन गर्ने ।

(३) साझेदार र सरोकारवालाहरुको सञ्जाल निर्माण, समन्वय र सहकार्य गर्ने ।

(४) स्वीकृत वार्षिक क्रियाकलापहरुको कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।

(५) बालमैत्री स्थानीय शासनका सूचक अनुसारको नतिजा प्राप्तीका सुनिश्चितता गर्ने ।

(घ) **अनुगमन, मूल्यांकन र प्रतिवेदनको चरण** :

(१) सूचक पूरा भएको अवस्थामा सरोकारवालाहरु समेतको सहभागितामा वडा र पालिकास्तरीय समितिबाट अनुगमन र समीक्षा गरी प्रतिवेदन तयारी गर्ने ।

(२) बालमैत्री स्थानीय शासनका सूचकका आधारमा स्थितीपत्र तयारी र सार्वजनिकीकरण गर्ने ।

(३) बालमैत्री स्थानीय शासनको घोषणाको लागि तोकिएका निकायवाट अनुगमन गर्ने ।

(४) वडा/स्थानीय तहबाट सूचक पूरा भएको प्रमाणीकरण गर्ने ।

(५) बालमैत्री वडा/स्थानीय तह घोषणाका लागि तोकिएको निकायबाट अनुमति प्रदान गर्ने ।

(ङ) **बालमैत्री वडा/पालिका घोषणा र दिगोपनाका चरण** :

(१) बालमैत्री वडा/पीलका घोषणा पछिको रणनीतिक योजना तर्जुमा गर्ने ।

(२) बालमैत्री वडा घोषणा गर्न कार्यपीलका र पालिका घोषणा गर्न सम्बन्धित स्थानीय तहको सभाको निर्णय ।

(३) बालमैत्री वडा/पालिका घोषणा ।

(४) बालमैत्री वडा/पीलका घोषणा पछिको रणनीतिक योजना कार्यान्वयन ।

(५) वार्षिक रुपमा प्रतिवेदन तयारी र प्रकाशन ।

(६) बालमत्री स्थानीय शासनका सूचकहरुको दिगोपनाको सुनिश्चितता ।

मोदी गाउँपालिकालाई बालमैत्री घोषणा गर्न सूचकमा आधारित क्रियाकलाप र जिम्मेवारी बाँडफाँड :

| सूचक | क्रियाकलाप/जिम्मेवारी | | | | कैफियत |
|---|---|---|---|---|---|
| | बालक्लव | टोल विकास संस्था | वडा कार्यालय | शाखा | |
| बाल बचाउ (१४) | | | | | |
| गर्भवती महिलाहरुले कम्तिमा प्रसुती पूर्व ४ पटक र प्रसुती पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएका हुनेछन । | गर्भजाँच र प्रसुतीपछिको जाँचका बिषयमा चेतनामुलक कार्यक्रम गर्ने | गर्भवतीहरुको विवरण संकलन गरी गर्भजाँचमा जान प्रोत्साहन गर्ने ।<br>-सुत्केरीपछिको जाँचका लागि सुत्केरी आमा र अभिभावकलाई अनुरोध गर्ने ।<br>-टोल विकास संस्थाको बैठक र कार्यक्रमहरुमा गर्भजाँच र प्रसुतीपछिको जाँचबारे छलफल गर्ने । | सबै गर्भवती महिलाको तथ्यांक लिएर गर्भजाँचलाई प्रभावकारी बनाउने ।<br>-प्रसुतीपछिको जाँचलाई प्रभावकारी बनाउन सचेतना बृद्धि गर्ने ।<br>-प्रसुतिपछिको जाँचलाई घरदैलो मै गर्ने व्यवस्था मिलाउने । | मापदण्ड अनुसार गर्भवती जाँच गर्न आउने महिलालाई थप प्रोत्साहन गर्ने ।<br>-गाउँघर क्लिनिकको स्तर बृद्धि गरी नियमित गर्भवती जाँच गर्ने ।<br>-गर्भवती जाँच गर्न नआएका महिलाको तथ्यांक लिएर अभिभावकलाई अभिमुखिकरण गर्ने ।<br>- सुत्केरीसंग उपाध्यक्ष कार्यक्रमलाइ प्रभावकारी वनाउने<br>-अनुगमन र नियमन गर्ने । | स्वास्थ्य शाखा |
| गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएका हुनेछन् । | टिटानस बिरुद्धको खोप लगाउन गर्भवतीलाई प्रोत्साहन गर्ने । | टिटानस बिरुद्धको खोप लगाउन गर्भवतीलाई प्रोत्साहन गर्ने ।<br>-गर्भवती महिला र खोप लगाए, नलगाएका महिलाको विवरण तयार पारी स्वास्थ्य संस्थामा जानकारी दिने । | टिटानस बिरुद्धको खोप लगाएका, नलगाएका महिलाको विवरण तयार पार्ने ।<br>-खोप नलगाएकालाइ खोप लगाउन प्रेरित गर्ने ।<br>-टिनानस बिरुद्धको खोपको महत्वबारे प्रकाश पार्ने । | -टिटानस बिरुद्धको खोप लगाउने अभियानलाई प्रभावकारी बनाउने ।<br>-टिनानस बिरुद्धको खोपबारे चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।<br>-टिटानस बिरुद्ध खोप लगाएका महिलाहरुको विवरण तयार पार्ने ।<br>-अनुगमन र नियमन गर्ने | स्वास्थ्य शाखा |
| गर्भवती तथा सुत्केरी आमाहरूले आईरन चक्की (जम्मा २२५ वटा) खाएका हुनेछन् । | आइरन चक्की खान गर्भवतीलाई अनुरोध गर्ने । | आइरन चक्की खान गर्भवतीलाई प्रोत्साहन गर्ने ।<br>-आइरन चक्की खाए, नखाएका गर्भवती महिलाको विवरण तयार पारी स्वास्थ्य संस्थामा जानकारी दिने । | आइरन चक्की खाएका, नखाएका महिलाको विवरण तयार पार्ने ।<br>-गर्भवतीलाई आइरन चक्की खान प्रेरित गर्ने ।<br>-आइरन चक्कीको महत्वबारे सचेतना बृद्धि गर्ने । | आइरन चक्कीको महत्वबारे सचेतना बृद्धि गर्ने ।<br>-आइरन चक्की खुवाउने कार्यक्रमलाई प्रभावकारी बनाउने ।<br>-आइरन चक्की खाएका र नखाएका महिलाहरुको विवरण तयार पार्ने ।<br>- अनुगमन र नियमन गर्ने | स्वास्थ्य शाखा |
| गर्भवती आमाको दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराइएका हुनेछन् । | गर्भवतीलाई स्वास्थ्य संस्थामै सुत्केरी हुन अनुरोध गर्ने ।<br>-घरमा सुत्केरी हुँदाका जोखिमबारे सचेतना बृद्धि गर्ने । | -स्वास्थ्य संस्थामै सुत्केरी बनाउने काममा प्रोत्साहन गर्ने ।<br>-टोलका हरेक बैठक र कार्यक्रममा होम डेलिभरी शुन्य अभियानबारे छलफल गर्ने । | -स्वास्थ्य संस्थामा सुत्केरी हुन आउनेलाई प्रोत्साहनको व्यवस्था गर्ने । -स्वास्थ्य संस्थाको स्तर र क्षमता बृद्धि गर्ने । | होम डेलिभरी शुन्य अभियानलाई तिब्रता दिने ।<br>-स्वास्थ्य संस्थामा सुत्केरी र कुरुवालाई आवासको व्यवस्था गर्ने ।<br>-स्वास्थ्यकर्मीलाई सुत्केरी सम्बन्धी तालिम दिने । | स्वास्थ्य शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्य रूपमा पूर्ण स्तनपान गराएका हुनेछन् । | -स्तनपानबारे परिवारमा प्रचार गर्ने । | -स्तनपानको महत्वबारे टोलमा प्रचारप्रसार गर्ने । | स्वास्थ्य संस्थामार्फत ६ महिनाका आमाहरुलाई भेला गरी स्तनपानको महत्व बुझाउने ।<br>-स्तनपानको अबस्थाबारे अभिलेख तयार पार्ने । | स्वास्थ्य स्वयंसेविका, निगरानी समुह, आमा समूहहरुलाई अझ सक्रिय बनाई स्तनपानको महत्वबारे प्रचार गर्न लगाउने ।<br>-स्वास्थ्य संस्था मार्फत जनचेतामुलक कार्यक्रम संचालन गर्ने ।<br>-स्तनपान सप्ताह मनाउने ।<br>-नियमित अनुगमन गर्ने ।<br>-स्तनपानकोअबस्थाबारे वडागत अभिलेख तयार पार्ने ।<br>- अनुगमन र नियमन गन | स्वास्थ्य शाखा |
| छ महिनादेखि पाँच वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाइएको हुनेछ । | भिटामिन ए खुवाउने कार्यक्रमको प्रचारप्रसार गर्ने । | भिटामिन ए खुवाउने समयमा आफ्नो टोलमा प्रचारप्रसार गर्ने | भिटामिन ए खुवाउने अभियानलाई प्रभावकारी बनाउने । -भिटामिन ए खुवाउने अभियानको प्रचारप्रसार गर्ने । | भिटामिन ए खुवाउने अभियानको अनुगमन गर्ने ।<br>-महिला स्वयंसेविकालाई परिचालन गर्ने ।<br>- अनुगमन र नियमन गन | स्वास्थ्य शाखा |
| एक वर्ष भित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप प्राप्त गरी पूर्ण खोपयुक्त घोषणा भएको हुनेछन् । | खोपबारे बाल क्लवको बैठकमा छलफल गर्ने ।<br>-खोप लगाउन बालबालिकालाई प्रोत्साहन गर्ने । | खोप कार्यक्रममा सहयोग गर्ने ।<br>-बालबालिकालाई खोपगाउन प्रेरित गर्ने ।<br>-अभिभावकलाई खोपको आवश्यकताबारे जानकारी दिने । | खोप कार्यक्रम प्रभावकारीरुपमा सञ्चालन गर्ने । खोप कार्यक्रमको अनुगमन गर्ने ।<br>-खोप नलगाएका बालबालिकाको अभिलेख राख्ने । | खोप क्लिनिक नियमित संचालन गरी राख्ने ।<br>-स्वास्थ्य संस्था मार्फत जनचेतामुलक कार्यक्रम संचालन गर्ने ।<br>-आमा समूह, स्वयंसेविकालाई नियमित परिचालन गर्ने ।<br>- अनुगमन र नियमन गर्ने | स्वास्थ्य शाखा |
| एच.आई.भि.संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाहरुले ARV Prophylaxis पाएका हुनेछन् । | एचआईभीबारे सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।<br>-एचआईभी संक्रमित बालबालिकालाई औषधि खान प्रोत्साहन गर्ने । | एचआइभी संक्रमणको जोखिमबारे टोलमा छलफल चलाउने ।<br>-संक्रमितहरुलाई औषधि खान प्रोत्साहन गर्ने ।<br>-संक्रमितलाई समाजमा विभेद् नगर्ने । | एचआईभी संक्रमितहरुको अबस्थाबारे जानकारी लिने ।<br>-एचआईभी संक्रमितहरुलाई परामर्श गर्ने ।<br>-एचआईभी संक्रमित आमा र बच्चालाई उपचारमा सहजिकरण गर्ने । | एचआइभी जाँचलाई प्रभावकारी बनाउने ।<br>-एचआईभीबाट बच्ने उपाय सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।<br>-एआर्भी औषधिको सहज पहुँचको व्यवस्था गर्ने ।<br>- अनुगमन र नियमन गर्ने | स्वास्थ्य शाखा |
| सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेका हुनेछन्। | आयोडिन नुनको आवश्यकता र महत्बारे कार्यक्रम सञ्चालन गर्ने । | आयोडिनयुक्त नुन खानेबारे टोलमा सचेतनामुलक अभियान चलाउने ।<br>-आयोडिन नुनको महत्वबारे प्रशिक्षण चलाउने । | आयोडिन नुनको महत्वबारे चेतनामुलक कार्यक्रम गर्ने ।<br>-आयोडिन नुन प्रयोग गर्ने, नगर्नेहरुको तथ्यांक राख्ने । | आयोडिनयुक्त नुनको प्रयोगबारे चेतना बृद्धि गर्ने ।<br>-आयोडिनयुक्त नुन प्रयोग गरेका परिवारको विवरण अद्यावधिक गर्ने ।<br>- अनुगमन र नियमन गर्ने | स्वास्थ्य शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| कमतौल, पुड्को र ख्याउटेपन हुने पाँच वर्ष मुनिका बालबालिकाको संख्यामा कमि आएको हुनेछ । | बालबालिकाको उमेर अनुसारको विकासबारे छलफल चलाउने । | बालबालिकालाई उमेर अनुसार बृद्धि विकासका लागि अभिभावकहरुलाई सचेत पार्ने ।<br>-कमतौल भएका, ख्याउटे बालबालिका भएमा उपचारका लागि सहयोग गर्ने । | बालबालिकाको अबस्थाबारे नियमित तथ्यांक लिने ।<br>-कमतौल भएका बालबालिकालाई समयमै पोषणका लागि सहयोग गर्ने । | बालबालिकालाई कसरी स्याहार गर्ने भन्नेबारे तालिम दिने ।<br>-बालबालिकाको नियमित तौल लिने र त्यसको नियमित अनुगमन गर्ने । | स्वास्थ्य शाखा |
| अति कडा कुपोषण र मध्यम कुपोषण भएका बालबालिकाको संख्यामा कमि आएको हुनेछ । | -कुपोषित बालबालिका भएमा टोल विकास संस्था वा वडा कार्यालयलाई जानकारी गराउने । | -अति कडा कुपोषण भएका बालबालिकाको तथ्यांक संकलन गरी वडामा पठाउने ।<br>-कुपोषित बालबालिकाकालाई पोषिलो खानेकुरा खुवाउनेबारे सचेतना बृद्धि गर्ने । | -अति कडा कुपोषण भएका बालबालिका पहिचान गरी उपचारका लागि पठाउने ।<br>-बालबालिकाको पोषणका लागि सहयोग कार्यक्रम सञ्चालन गर्ने । | अति कडा कुपोषण भएका बालबालिकालाई पोषण पुनर्स्थापना गृहको व्यवस्था गर्ने ।<br>-अति कडा कुपोषण भएका बालबालिकालाई निशुल्क उपचारको व्यवस्था मिलाउने ।<br>-कुपोषणबारे सचेतना बृद्धि गर्ने ।<br>- अनुगमन र नियमन गर्ने । | स्वास्थ्य शाखा |
| सबै घरधुरीमा आधारभूत तहको खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ । | -शुद्ध खानेपानीको महत्वबारे छलफल गर्ने।<br>-पानी शुद्धिकरण गरेर मात्र खानेबारे परिवारमा छलफल गर्ने । | टोलमा खानेपानीको अबस्थाबारे नियमित छलफल गर्ने ।<br>-खानेपानी सुबिधा नभएको ठाउँमा योजना माग गर्ने ।<br>-पानी शुद्धिकरण सम्बन्धी तालिम र सचेतनामुलक कार्यक्रममा सहभागी हुने । | स्वच्छ खानेपानीको प्रयोग सम्बन्धी चेतना फैलाउने ।<br>-सबै घरधुरीमा खानेपानी सुविधा भए, नभएको जानकारी लिने ।<br>-खानेपानी सुविधा बिस्तार गर्ने ।<br>-खानेपानीको गुणस्तर बृद्धिका लागि नियमित खानेपानी आयोजनाको अनुगमन गर्ने । | खानेपानी सुविधा बिस्तार गर्ने ।<br>-स्वच्छ खानेपानीको प्रयोगबारे सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।<br>-खानेपानी आयोजनाहरुलाई पानी शुद्धिकरणको तालिम दिने ।<br>-खानेपानी आयोजनाको नियमित अनुगमन गरी पानीको गुणस्तर कायम गर्ने ।<br>- अनुगमन र नियमन गर्ने | खानेपानी तथा सरसफाई शाखा |
| चर्पी गएपछि, बालबालिकाको दिसा धोए पछि र खाना खानु/खुवाउनु अघि साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ | -पूर्ण सरसफाईका कार्यक्रमहरुमा सरिक हुने ।<br>-सरसफाईको महत्वबारे कार्यक्रम सञ्चालन गर्ने । | -टोल सरसफाईका कार्यक्रमहरु सञ्चालन गर्ने ।<br>-पूर्ण सरसफाई अभियान चलाउने । | -पूर्ण सरसफाई सम्बन्धी तालिम सञ्चालन गर्ने ।<br>-सरसफाईको अनुगमन गर्ने । | पूर्ण सरसफाई अभियान सञ्चालन गर्ने ।<br>-खुला दिसामुक्त घोषणाको अनुगमन गर्ने ।<br>- अनुगमन र नियमन गर्ने | स्वास्थ्य शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| प्रत्येक घरपरिवारले शौचालयको प्रयोग भएको तथा खुला दिशामुक्त घोषणा भएको हुनेछन् । | -घरपरिवारमा शौचालय प्रयोग गर्न लगाउने । | -शौचालय प्रयोग सम्बन्धी छलफल कार्यक्रम आयोजना गर्ने ।<br>-खुला दिसामुक्त कार्यान्वयन गराउने । | -शौचालय प्रयोगको अबस्थाबारे अनुगमन गर्ने ।<br>-खुला दिसामुक्त कार्यान्वयनमा जोड दिने । | पूर्ण दिसामुक्त घोषणाको नियमित अनुगमन गर्ने ।<br>-शौचालय प्रयोगको अबस्थाबारे अनुगमन गर्ने । | स्वास्थ्य शाखा |
| **बालसंरक्षण** (१०) | | | | | |
| ५ वर्ष मुनिका सबै बालबालिकाहरुको जन्म दर्ता भएको हुनेछ । | -बाल क्लवमा जन्मदर्ताबारे छलफल गर्ने ।<br>-जन्मदर्ता गर्न बालबालिकालाई प्रोत्साहन गर्ने । | जन्मदर्ता गर्न प्रेरित गर्ने ।<br>-जन्मदर्ता नगराउनेलाई परामर्श गर्ने । | जन्मदर्ता बढाउन कार्यक्रम सञ्चालन गर्ने ।<br>-जन्मदर्ताका सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।<br>-जन्मदर्ताको अभिलेख राख्ने । | जन्मदर्ता अभियान सञ्चालन गर्ने । -जन्मदर्ताको घुम्ती अभियान सञ्चालन गर्ने<br>-जन्मदर्ता सम्बन्धी सचेतना बृद्धि गर्ने ।<br>-जन्मदर्ताको अबस्था सम्बन्धी तथ्यांक अद्यावधिक गर्ने ।<br>- अनुगमन र नियमन गर्ने | पञ्जिकरण शाखा |
| निकृष्ट प्रकारको बाल श्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुर्नस्थापना भएको हुनेछ । | -बालश्रमिकहरुको अबस्थाबारे छलफल गर्ने ।<br>-बालश्रमिकहरुको बारेमा टोल विकास संस्थालाई जानकारी दिने । | बालश्रमिकहरुबारे वडालाई जानकारी दिने ।<br>-बालश्रमिक राख्ने घरपरिवारलाई सचेत गराउने ।<br>-बालश्रमिकको उद्धार र पुनर्स्थापनामा सहयोग गर्ने | बालश्रमिकहरुको तथ्यांक लिने ।<br>-बालश्रमिकहरुलाई उद्धार र परिवारमा पुनर्स्थापना गर्ने ।<br>-बालश्रमिकका परिवारलाई परामर्श र अभिमुखिकरण गर्ने | बालश्रमको अबस्थाबारे सर्वेक्षण गर्ने ।<br>-बालश्रमिकहरुको अबस्थाबारे अनुगमन गर्ने ।<br>-बालश्रमिकहरुको उद्धार गर्ने ।<br>-बालश्रमिकहरुको परिवारमापुनर्स्थापना गर्ने<br>- अनुगमन र नियमन गर्ने | महिला, बालवालीका तथा सामाजिक विकास शाखा |
| पालिका वडा बाल विवाह मुक्त भएको हुनेछ । | बाल क्लवमा बालविवाह र यसको प्रभावबारे छलफल गर्ने ।<br>-बालविवाह हुनथालेमा प्रहरीमा खबर गर्ने ।<br>-बालविवाह रोक्न क्लवबाट पहल गर्ने ।<br>-बाल विवाह सम्बन्धी बिभिन्न चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने | बाल विवाह हुन थालेमा रोक्न पहल गर्ने । -टोलमा बाल विवाह भए नभएको नियमित निगरानी राख्ने ।<br>-बाल विवाह भएमा त्यसको कानूनी उपचार खोज्ने ।<br>-बाल विवाहका असरबार टोलमा छलफल गर्ने । | बाल विवाह रोक्न पहल गर्ने ।<br>-बाल विवाह गर्नेलाई कानूनी कार्वाहीका लागि पहल गर्ने ।<br>-बाल विवाहबिरुद्धका चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने । | बाल विवाहको अबस्थाबारे सर्वेक्षण गर्ने ।<br>-बाल विवाहको तथ्यांक लिने ।<br>-बाल विवाहबिरुद्धका तालिम, अन्तर्क्रिया गर्ने बाल विवाहको तथ्यांक अद्यावधिक गर्ने ।<br>-अनुगमन र नियमन गर्ने | महिला, बालवालीका तथा सामाजिक विकास शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| घरपरिवार, समुदाय, सार्वजनिक स्थान (विद्यालय, सामाजिक चाडपर्व, भेला) मा बालबालिका विरुद्ध हुने हिंसा, बेचबिखन, शोषण, वेवास्ता र दुर्व्यवहारमा उल्लेख्य कमी आएको हुनेछ । | -बाल क्लवमा बिभेद्, दुर्व्यवहार, शोषणका घटना भए, नभएकोबारे छलफल गर्ने ।<br>-यस्ता घटनाबिरुद्ध आवाज उठाउने ।<br>-न्यायका लागि दवाव सिर्जना गर्ने । | टोलमा हिंशा, दुर्व्यवहार भए, नभएको नियमित अनुगमन गर्ने ।<br>-घटना भएमा तत्काल छलफल चलाउने ।<br>-हिंशा गर्नेलाई कार्वाहीका लागि प्रक्रिया अघि बढाउने ।<br>-टोलमा चेतामुलक कार्यक्रम सञ्चालन गर्ने । | बालबालिकामाथि विभिन्नखालका हिंशा, दुर्व्यवहार सम्बन्धी घटना हुन नदिन सचेतनामुलक कार्यक्रम गर्ने ।<br>-यस बिरुद्धका अभियानमा आमा समूह, महिला समूह, युवा समूहहरु परिचालन गर्ने ।<br>-हिंशाबिरुद्धका कानूनी प्रावधानबारे अभिमुखिकरण कार्यक्रम गर्ने । | बालबालिकाबिरुद्ध हुने हिंशा, बेचबिखन, शोषण, वेवास्ता र दुर्व्यवहार बिरुद्ध चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने । -यस्ता घटना भएमा कानूनी कार्वाहीका लागि पहल कदमी गर्ने ।<br>-विद्यालयमा यस सम्बन्धी तालिम, अभिमुखिकरण कार्यक्रम गर्ने ।<br>-अनुगमन र नियमन गर्ने | महिला, बालवालीका तथा सामाजिक विकास शाखा र शिक्षा शाखा |
| बाल संरक्षण सम्बन्धी समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई सञ्चालनमा ल्याइएको हुनेछ । | बाल संरक्षण समितिलाई आवश्यक सहयोग गर्ने ।<br>-बाल संरक्षणका सवालहरु पहिचान गर्ने । | बाल संरक्षण बिरुद्धका घटना भए बाल संरक्षण समितिमा जानकारी गराउने । | वडा स्तरीय बाल संरक्षण समितिको गठन, पुनगर्ठन गर्ने ।<br>-बाल संरक्षण समितिलाई बाल संरक्षणका क्रियाकलापमा सक्रिय बनाउने ।<br>-बाल संरक्षण समितिका काम, कर्तव्यबारे अभिमुखिकरण गर्ने । | - वडा तहमा बाल संरक्षण समिति गठन, पुनगर्ठन गर्ने ।<br>-नियमित बैठक बसाल्ने ।<br>-बाल संरक्षण नीति तयार पारी कार्यपालिकामा पेश गर्ने बालसंरक्षण नीति कार्यान्वयनमा भूमिका खेल्ने । - अनुगमन र नियमन गर्ने | महिला, बालवालीका तथा सामाजिक विकास शाखा |
| सामाजिक कू-प्रथामा कमी आएको हुनेछ । | सामाजिक कुप्रथाका विषयमा बाल क्लवमा छलफल गर्ने । | -टोलमा सामाजिक कुप्रथा भएको नभएको बारेमा अनुगमन गर्ने ।<br>-सामाजिक कुप्रथा पाइएमा वडा कार्यालयमा जानकारी गराउने । | सामाजिक कुप्रथाबारे वडामा अनुगमन गरी यसको तथ्यांक राख्ने ।<br>-सामाजिक कुप्रथा उद्धारका काममा पहल कदमी लिने ।<br>-सामाजिक कुप्रथाबारे कार्यक्रम सञ्चालन गर्ने | सामाजिक कुप्रथा अन्त्यको कार्यान्वयन भए, नभएको अनुगमन गर्ने ।<br>-सामाजिक कुप्रथाका बारेमा सरोकारवालाहरुसँग समन्वय, सहकार्य गर्ने ।<br>- अनुगमन र नियमन गर्ने | महिला, बालवालीका तथा सामाजिक विकास शाखा |
| स्थानीय तह/समुदायले १४ वर्षमुनीका असहाय बालबालिका (भएमा) को संरक्षण गर्न विशेष व्यवस्था गरेको हुनेछन् । | -असहाय बालबालिकाको अबस्थाबारे छलफल गर्ने ।<br>-असहाय बालबालिकाको बारेमा टोल विकास संस्था र वडा कार्यालयलाई जानकारी दिने । | असहाय बालबालिकाको बारेमा जानकारी लिने । -असहाय बालबालिका भएमा उनीहरुलाई उचित संरक्षणका लागि वडा कार्यालयसँग समन्वय गर्ने | असहाय बालबालिकाको पहिचान गर्ने ।<br>-असहाय बालबालिकाको अबस्थाबारे अध्ययन गर्ने ।<br>-उनीहरुको बिशेष संरक्षणका लागि आवश्यक विकल्प छनोट गर्ने । | असहाय बालबालिकाको तथ्यांक लिने ।<br>-असहाय बालबालिकाको संरक्षणका लागि आवश्यक व्यवस्था मिलाउने ।<br>- अनुगमन र नियमन गर्ने | महिला, बालवालीका तथा सामाजिक विकास शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| स्थानीय तहमा सडक बालबालिकाको संख्या शुन्य भएको हुनेछ । सडक बालबालिकालाई (भएमा) बालगृहमा राखी व्यवस्थापन भएको हुनेछ । | सडक बालबालिकाबारे क्लवमा छलफल गर्ने ।<br>-सडक बालबालिका भेटिएमा टोल विकास संस्था, वडा या प्रहरीमा खबर गर्ने । | सडक बालबालिका भेटिएमा वडा तथा प्रहरीमा खबर गर्ने ।<br>-सडक बालबालिकाको पृष्ठभूमी र पारिवारिक अबस्था पत्ता लगाउन सहययोग गर्ने । | सडक बालबालिकाको पहिचान गर्ने ।<br>-सडक बालबालिकाको तथ्यांक अद्याबधिक गरी पुनर्स्थापनाको योजना तयार पार्ने ।<br>-पुनर्स्थापना र संरक्षणका लागि पहल गर्ने । | -सडक बालबालिकाको अबस्थाबारे तथ्यांक लिने ।<br>-सडक बालबालिकाको पुनर्स्थापना र संरक्षणको व्यवस्था गर्ने ।<br>- अनुगमन र नियमन गर्ने | महिला, बालवालीका तथा सामाजिक विकास शाखा |
| स्थानीय तहमा रहेका विद्यालयहरुले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् । | -विद्यालयमा बालबालिकामाथि कुनै यातनाको घटना भए बाल क्लवमा छलफल गर्ने । -घटनाबारे विद्यालय व्यवस्थापन समितिमा जानकारी गराउने ।<br>-बालमैत्री शिक्षणका लागि विद्यालयमा अनुरोध गर्ने । | टोलको विद्यालयमा बालबालिकालाई दण्डरहित वातावरणमा शिक्षण भए, नभएको अनुगमन गर्ने ।<br>-दण्ड भएको पाइएमा रोक्न पहल गर्ने । | वडाका सबै विद्यालयमा बालमैत्री आचारसंहिता लागू गराउने ।<br>-बालबालिकालाई दण्डरहित शिक्षाको वातावरण निर्माण गर्ने ।<br>-विद्यालयमा नियमित अनुगमन गर्ने । | विद्यालयका लागि आचारसंहिता तयार पार्ने ।<br>-विद्यालयमा बालबालिकालाई दण्डित गरे नगरेको बिषयमा अनुगमन गर्ने ।<br>-कतै घटना भएमा कार्वाही गर्ने । -शिक्षकहरुलाई सम्मानका साथ शिक्षण सिकाइको तालिम दिने ।<br>-अनुगमन र नियमन गर्ने | शिक्षा,युवा तथा खेलकुद शाखा<br>-विद्यालय |
| कुलतमा लागेका बालबालिकाको लागि बाल सुधार गृहमा राख्ने व्यवस्था मिलाईएका हुने छ । | बालबालिका कुलतमा रहे, नरहेको बारेमा क्लवमा छलफल गर्ने ।<br>-कुनै बालबालिका कुलतमा रहेको पाइएमा टोल विकास र वडामा खबर गर्ने । -कुलतबिरुद्धका चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने | कुलतमा रहेका बालबालिका भएमा तत्काल वडा कार्यालयमा जानकारी गराउने ।<br>-कुलतबिरुद्ध वडामा चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।<br>-अभिभावक र युवाहरुलाई बिभिन्न चेतनामुलक कार्यक्रममा सहभागी गराउने । | कुलतमा रहेका बालबालिकाका तथ्यांक लिने । -कुलतमा रहेका बालबालिकालाई सुधार गृह पठाउन समन्वय गर्ने ।<br>-कुलत, दुर्व्यसनीबिरुद्ध चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने | कुलतमा लागेका बालबालिकाको विवरण संकलन गर्ने ।<br>-कुलतबाट बच्ने उपायबारे प्रशिक्षण दिने ।<br>-कुलतमा लागेका बालबालिकालाई सुधार गृहमा पठाउने व्यवस्था गर्ने ।<br>-अनुगमन र नियमन गर्ने | महिला बालवालीका तथा सामाजिक विकास शाखा |
| बालविकास (६) | | | | | |
| ३ देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भै टिकाउ दर शतप्रतिशत रहेको हुनेछ । (फरक क्षमता भएका बालबालिकाको हकमा विशेष व्यवस्था गर्नुपर्ने) | ३ देखि ४ वर्षका बालबालिकाहरुलाई प्रारम्भिक बालविकास केन्द्रमा पठाउन प्रचारप्रसार गर्ने | ३ देखि ४ वर्षका बालबालिकाहरुलाई प्रारम्भिक बालविकास केन्द्रमा पठाउन प्रेरित गर्ने ।<br>-घरदैलो कार्यक्रम गर्ने | -३ देखि ४ वर्षका बालबालिकाहरुलाई प्रारम्भिक बालविकास केन्द्रमा पठाउने ।<br>- बालविकास केन्द्रहरुको स्तरोन्नती गर्ने । | बालविकास केन्द्रको मापदण्ड तयार गर्ने ।<br>-बालविकास केन्द्रको मापदण्ड बमोजिम स्तरोन्नती गर्ने ।<br>-बालविकास केन्द्रका शिक्षकहरुको क्षमता विकास गर्ने ।<br>-बालविकास केन्द्रमा आवश्यक सामग्रीको व्यवस्थापन -अनुगमन/प्रतिवेदन | शिक्षा,युवा तथा खेलकुद शाखा - विद्यालय |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ देखि १४ वर्ष उमेर समूहका सतप्रतिशत बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पुरा गरेका हुनेछन् । | प्रचार प्रसार<br>-विद्यालय छोडन लागेका साथीहरुलाइ परामर्श | घरदैलो कार्यक्रम<br>-अभिभावक सचेतना र निगरानी<br>-भर्ना अभियान सञ्चालन | विद्यालयको शैक्षिक सुधार<br>- सामाग्री व्यवस्थापन शिक्षक, अभिभावक नियमित वेठक<br>- भर्ना अभियानमा सहयोग | अभिभावक शिक्षा कार्यक्रम सञ्चालनका लागि विद्यालयलाइ निर्देशन पुर्वाधार निर्माण,सामागी व्यवस्थापन -शिक्षक तालिम<br>-विव्यस र शिअस को क्षमता अभिवृद्धि भर्ना अभियान सञ्चालनका लागि विद्यालयलाइ प्रोत्साहन<br>-अनुगमन/प्रतिवेदन | शिक्षा,युवा तथा खेलकुद शाखा - विद्यालय |
| प्रत्येक विद्यालयमा पानीको सुविधा सहित छात्र-छात्राको लागि अलग-अलग शौचालयको व्यवस्था भै यसको प्रयोग भएको हुनेछ । | शौचालयको सरसफाइ र उचित प्रयोग | विद्यालयको अनुगमन - सहयोग | पानीको धारा मर्मत, ट्यांकी जडान<br>-शौचालय निर्माण र मर्मत सम्भारका लागी अनुदान<br>-विद्यालयमा स्यानिटरी प्याडको व्यवस्था<br>-अनुगमन, सुधारका लागि पृष्ठपोषण | पानीको धारा मर्मत, ट्यांकी जडान<br>-शौचालय निर्माण र मर्मत सम्भारका लागि अनुदान ।<br>- विद्यालयमा स्यानिटरी प्याडको व्यवस्था<br>- अनुगमन,सुधारका लागि पृष्ठपोषण । | शिक्षा,युवा तथा खेलकुद शाखा - विद्यालय |
| सबै विद्यालयका पूर्वाधार (कक्षा कोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा) बालमैत्री, अपाङ्तामैत्री र सुरक्षित भएका हुनेछन् । | | विद्यालयहरुमा पूर्वाधार (कक्षाकोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा) बालमैत्री, अपांगमैत्री र सुरक्षित संरचना निर्माणका लागी पहल | सबै विद्यालयहरुमा पूर्वाधार (कक्षाकोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा) बालमैत्री, अपांगमैत्री र सुरक्षित संरचना निर्माण अनुगमन | सबै विद्यालयहरुमा पूर्वाधार (कक्षाकोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा) बालमैत्री, अपांगमैत्री र सुरक्षित संरचना निर्माण कक्षाकोठाहरुको व्यवस्थापनमा सुधार<br>- अनुगमन नियमन/प्रतिवेदन | शिक्षा, युवा तथा खेलकुद शाखा<br>- विद्यालय |
